वि. सं. १९५५ मा बेलायतका प्रा. सेमिल बेण्डाल वङ्गालका एशियाटिक सोसाइटीबाट महामहोपाध्याय हरप्रसाद शास्त्री, पं. विनोदविहारी भट्टाचार्यहरू हस्तलिखित ग्रन्थ र ऐतिहासिक सामग्रीको अध्ययन गर्न नेपाल आएका थिए । नेपालको वीर पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थको वर्णनात्मक सूचीपत्र २ भाग तयार पारी हरप्रसाद शास्त्रीले प्रकाशमा ल्याए[13] । बेण्डालले हस्तलिखितग्रन्थको पुष्पिकावाक्य र अरू ऐतिहासिक अभिलेखको आधारमा पूर्वमध्यकालको इतिहासको केही झलक सोही सूचीपत्रको प्रस्तावनामा प्रस्तुत गरे[14] । आफ्नो अन्वेषणको सिलसिलामा बेण्डालले वीर पुस्तकालयमा रहेको पशुपतिको उत्पत्ति गोपालहरूको आगमनदेखि उठान गरी ने. सं. ५०९ (वि. सं. १४४५) सम्मका नेपालका राजा राजभोगवर्ष इतिहासका प्रमुख घटना टिपिएको भ्रष्ट संस्कृत पुरानो नेवारीभाषा भुजिमोल लिपिमा लेखिएको ताडपत्रको पुस्तक फेला पारे । यस पुस्तकका १७ पत्रदेखि ६३ पत्रसम्म र एक अतिरिक्त पत्र गरी जम्मा ४८ पत्र (९६ पृ.) छन् । बेण्डालले यस वंशावलीको फोटो प्रकाश गरी भाषा र शैलीका दृष्टिले ३ भागमा विभाजित गरी पहिलो, दोस्रो, तेस्रो वंशावली भन्ने नाम राखे[15] । त्यसपछिका इतिहासकारहरूले यसलाई बेण्डालवंशावली भन्ने नामकरण गरी उपयोग गर्न थाले । वीर पुस्तकालयको हस्तलिखित सूचीपत्रमा चाहिं विषय सुहाउँदो यस ग्रन्थको नाम 'गोपालवंशादि प्राचीन राजवंशावली' भनी राखिएको छ । बाबुराम आचार्य, नरहरिनाथ र हामीहरूले चाहिं गोपालवंशावली भन्ने नामले यसको उपयोग गर्दै आएका थियौं ।

बेण्डालवंशावली प्रकाशमा आएपछि यस ग्रन्थका बारेमा अनेकौं प्रश्न उठेका छन् । विषयगत प्रश्न त छँदैछन् तिनका बारेमा अहिले हामीले चर्चा गर्न लागेका पनि होइनौं । अहिले म यसरी इतिहास लेख्ने पढ्ने पढाउने परम्परा छुटेको अन्धकार जस्तो युगमा एक्कासी आएर यो ग्रन्थ किन लेखियो, स्थिति मल्लपछि यस्तो इतिहास लेख्ने परम्परा किन टुट्यो । यति कुरामा केही विचार, गर्न लागेको छु ।

अहिले हामीले पाएका जति वंशावली छन् गोरखा भाषामा लेखिएका हुँदा गोरखाको उदय उप्रान्त लेखिएका हुन् भन्ने कुरामा कुनै शङ्का छैन । भ्रष्ट संस्कृत र पुरानो नेवारीमा लेखिएको बेण्डालले पाएको वंशावली एकमात्र सर्वप्राचीन हो भन्ने कुरामा पनि कुनै शङ्का छैन । यसमा ने. सं. ५०९ सम्मका घटना टिपिएका छन् तापनि स्थिति मल्लको अन्तिम समय ने. सं. ५१४–१५ मा यो ग्रन्थ लेखेर तयार पारिएको देखिन्छ । यसमा ने. सं. ५०८–९ सालसम्मका ऐतिहासिक घटना लगातार टिपिएका र त्यसपछि चटक्कै छाडेर एउटा संस्कृत पद्यमा 'राजा जयार्जुनदेव भागेको बाह्र वर्षपछि अहिले भक्तपुरमा आफ्ना हितैषी भारदारको सहयोग पाई दुनियाँको उपर नरम व्यवहार गर्ने गुणी श्री स्थिति मल्ल नेपाल राष्ट्रका रक्षक भई रहेका छन्[16]' भन्ने वर्णन पाइएकोले ने. सं. ५०२ मा

जयार्जुनदेवको अस्त भएका र त्यसको बाह्र वर्षपछि स्थिति मल्लको उदयमा ने. सं. ५१४–१५ तिर यो ग्रन्थ तयार पारिएको थियो भनी लेखिएको हो भन्ने कुरा बुझ्नुपर्छ। मुसलमानको आक्रमणको महामारीमा हाहाकार चलेको वेला भक्तपुरमा ठूलो कष्ट पाए[17] भनी लेखेको हुँदा यो ग्रन्थ लेख्ने मान्छे भक्तपुरका थिए, भक्तपुर मै जयस्थिति मल्लको राजदरबार भएकोले उनैको प्रेरणाले भक्तपुर मै यो ग्रन्थ तयार भएको पनि विदित हुन्छ। संक्षेपमा नयाँ राजा जयस्थिति मल्लले नै नेपालको बितेको इतिहासतिर दृष्टि दिएका थिए, उनको यस देशको इतिहास बुझ्ने जिज्ञासाले प्रेरित भएका केही पुराना कुरा जान्ने पण्डितहरूले यो इतिहास ग्रन्थ तयार पारे भन्नु पर्दछ।

गोपालवंशावली, गोपालराजवंशावली वा गोपालादिप्राचीनराजवंशावलीका नामले हाल प्रचारित प्रकाशित यस ग्रन्थको नाम के थियो, ग्रन्थकारको अभिमत कुन नाममा थियो, अहिले हामीले यसलाई के भनेर पुकार्न उचित पर्ला भनेर पहिले अलिकति विचार गरौं। यस वंशावलीमा पहिले गोपाल महिषपाल राजाको नामावली दिएर ३२ किरातराजाको नाम दिइएको छ। त्यसपछि किरातलाई जितेर आउने लिच्छविवंशको वर्णन गरिएको छ, बीचमा अंशुवर्मा र गुप्तवंशी उपराजको वर्णन गरी लिच्छवि राजवंशको नाम भोगवर्ष दिंदै ल्याएर देवपदधारी राजाकै नामावली दिएर पछि मल्लवंशको वर्णन गर्दै स्थिति मल्लको समयमा ल्याएर छाडिएको छ। यसकारण गोपालवंशावली भन्ने नामले पुकार्दा यसको सही नाम हुँदैन। यो एकदेशीय हुन आएको छ। हस्तलिखित सूचीपत्रको लामो नामले अर्थबोध त गर्छ, तर त्यो पनि पछि कथिएको कल्पित नाम पर्‍यो। यसैले यस पुस्तकभित्रको अध्ययन गरेर यसको सही नाम फेला पार्नु परेको छ।

मूल ३० क पत्रमा स्थिति मल्लको वर्णन गर्दागर्दै अकस्मात् त्यो प्रसङ्ग छाडेर ३० ख पत्रमा विष्णुगुप्त राजा र चार नारायणको चर्चा गरी– 'स्वस्तिः भूतवृतान्तर लिखितश्च श्रृणु' भनेर ने. सं. १७७ मा शङ्करदेवका छोरा शिवदेव जन्मेको कुरादेखि उठाएर राजा राजपुत्र र भारदार जन्म मृत्यु भोगवर्ष विशेष घटना टिपिएका छन्। हाल छापिएको संस्करणमा भूत वृत्तान्तर पाठ छापिएको छ[18] तापनि पहिले छापिएको पाठ भूतवृत्तान्तर थियो[19]। मूल हेर्दा पहिले छापिएको पाठ नै मैले सही ठहराएको छु[20]। भूतवृत्त भनेर यहाँ इतिवृत्तलाई बुझाउन खोजिएको छ। यसको नेपालीमा भन्नुपर्दा 'भएको कुरा' भन्नुपर्छ। पहिलो भएको वृत्तान्तलाई च्युतसंस्कृतमा लेखिसकेपछि अर्धसंस्कृत जस्तो नेवारी भाषामा वृत्तान्त सुन भनेबाट पहिले लेखेकै इतिवृत्तलाई पुनः अर्को ढङ्गले प्रस्तुत गरेको रहेछ भन्ने बुझिन आउँछ।

यसरी मूलग्रन्थकै भित्र गडेर हेर्दा यसको नाम भूतवृत्त (भएको कुरा) इतिवृत्त भन्ने देखिन्छ[21]। पहिलो भूतवृत्त लेखेर दोस्रो भूतवृत्त नेवारीवहुल भाग हो भन्ने पनि बुझिन्छ। यसबाट हामीले यहाँको भूतवृत्त वा इतिवृत्त भनेर बुझाउन हाल नेपालेतिवृत्त वा नेपाल भूतवृत्त भन्ने नामकरण यसको गर्नुपर्ने भएको छ। सजिलो र स्पष्टको लागि यसको नाम नेपालवृत्त राख्नु नै सर्वथा उचित ठहर्दछ।

नेपालको उत्तराखण्डमा रहेको महान् चीन देशमा प्राचीनकालदेखि इतिवृत्त लेखेर राख्ने परम्परा भएको कुरा हामीले माथि उल्लेख गर्‍यौं। त्यहाँ ताङवंशको इतिहास ताङवृत्तान्त, युवानवंशको इतिहास युवानवृत्तान्त, मिङ्गवंशको इतिहास मिङ्गवृत्तान्तका नामले पुकारिन्छ। हाम्रो यहाँ प्रत्येक राजवंशको त्यस्तो विवरणात्मक इतिहास लेख्ने परम्परा नभएबाट र यसवेला लेखिएको यो वृत्तान्त पनि सबै वंशका राजाको सगोलै भएकोले पनि यसलाई नेपालवृत्तान्तभन्दा उपयुक्त नाम ठहर्न आउनेछ।

नेपालमा राजा जयस्थिति मल्लको उदय भएपछि यस्तो इतिहास लेखनपट्टि ध्यान गयो र दुई किसिमका विवरण प्रायः एकै वेलामा प्रस्तुत गरिए। यसभन्दा पहिले किन यसतर्फ ध्यान गएन, पछि पनि प्रायः अटुटरूपले यो प्रयास जारी रहेन। यो एउटा राम्ररी

गौड गरेर हेर्ने विषय बनेको छ । कुरा हृदयङ्गम गर्न हामीले त्यसवेलाका हाम्रा छिमेकी देशका विद्वान्हरूको इतिहासतिरको गतिविधिपट्टि पनि दृष्टि दिनुपरेको छ ।

हामीले माथि पनि चर्चा गरिसक्यौं कि भारतमा इतिहास लेख्ने पढ्ने पुरानो परम्परा टुटिसकेको थियो, भारतवासीले आफ्नो गौरवमय इतिहास बिर्सेर आफ्नो राजनैतिक पतन गराइसकेका हुँदा नै विदेशी मुसलमानी शक्तिको अगाडि घुँडा टेक्नुपर्‍यो । विदेशी विजेता मुसलमानहरू पनि आफ्नो इतिहासतर्फ पनि सचेत थिए । फरिश्ता शाहनामा आदि ग्रन्थले उनको इतिहासप्रेम प्रकट हुन्छ । अल बेरुनीजस्ता सचेत इतिहासविद् विद्वान् पनि प्रसिद्ध आक्रमणकारी महम्मूद गजनीका पासमा विद्यमान थिए[22] । भारतीय राज्यमा आवश्यकले आकलझुकल आफ्नो प्रस्तावली टिपेर राख्ने चलनचाहिं केही मात्रामा देखिन्छ । विहावारी गर्न नातानाला खुट्याउन अरू बाहुन छेत्रीमा पनि आफ्नो प्रस्तावली तयार पार्ने चलन थियो । तेह्लौतियाँ ब्राह्मणको पंजिकाले यो कुरा प्रकट गर्छ । यस्तैमा काश्मीरका विद्वान् कल्हणले लेखेको राजतरङ्गिणी (काश्मीरको इतिहास) हाम्रो सामु देखिन आउँछ । काश्मीर विद्या र ब्राह्मणको केन्द्र थियो । पश्चिम भारतमा मुसलमानी आक्रमण हुँदा धेरै ब्राह्मणपरिवार काश्मीरमा शरण लिन पुगेका थिए । विक्रम संवत्को आठौं शताब्दीको शुरू मै सिन्धमा मुसलमानको आक्रमण भएको थियो । महम्मूद गजनीले वि. सं. १०७२ मा काश्मीरमा चढाइ गरे तापनि विजय हासिल गर्न सकेका थिएनन् । वि. सं. १०८३ मा सोमनाथको मन्दिर लुटेका थिए । त्यसैवेला अर्थात् वि. सं. १०८७ मा अलबेरुनीले काशी र काश्मीर विद्याको सर्वश्रेष्ठ केन्द्र थिए, यसैले हिन्दूहरू मुसलमानको आक्रमणबाट बच्न काश्मीर पसेका थिए भनी लेखेका हुन् ।

काश्मीरको वर्णन गर्दा कवि विल्हणले आफ्नो विक्रमाङ्कदेव चरितमा घरघरमा आइमाई केटाकेटी पनि संस्कृत र प्राकृतमै बोलचाल गर्दछन्[23] भनी लेखेका छन् । काश्मीर विद्याको केन्द्र हुँदा नै त्यहाँ बडेबडे विद्वान् पैदा भए र यिनले अलिकति भए पनि इतिहासको ज्योति पनि जगाए, यसैको फल राजतरङ्गिणी जस्तो पुस्तक लेखियो । वि. सं. १२०७ सम्ममा राजतरङ्गिणीको रचना समाप्त भइसकेको थियो । महाभारतपछिको तिथिमिति सहितको ऐतिहासिक महाकाव्य राजतरंगिणी नै हो भने हुन्छ । यद्यपि केही विद्वान्ले समसामयिक राजाको जीवनचरित्र लेखेर ऐतिहासिक काव्यको रूप दिएका थिए । तिनमा बाणको हर्षचरित विल्हणको षष्ठ विक्रमादित्य चालुक्यको विक्रमाङ्कदेव चरितलाई अघि सार्न सकिन्छ । यस्तै मङ्खको श्रीकण्ठचरित जल्हणको सोमपालचरित पनि ऐतिहासिक काव्य थिए । यस्तै अरू पनि केही ऐतिहासिक साहित्य नदेखिने होइनन्[24] तर राजतरङ्गिणीसमान दोस्रो ऐतिहासिकग्रन्थ फेला परेको छैन । कल्हणले धेरै मिहिनेत गरी पूर्वाचार्यले लेखेका ऐतिहासिक ग्रन्थ हेरी राजाको प्रशस्तिपट्ट अभिलेखहरू पनि निर्णय गरी इतिहास ग्रन्थ लेखेका थिए । आफ्ना पुस्तकमा कल्हणले केही इतिहासकार र ऐतिहासिक ग्रन्थको चर्चा गरेका छन् । नीलमतपुराण र अरू पूर्वाचार्यका एघारवटा इतिहासग्रन्थ हेरेको कुरा पनि उनले गरेका छन्[25] । तिनमा पहिले उनले सुव्रतको नाम लिएका छन् । सुव्रतले विशाल इतिहासग्रन्थलाई संज्ञन पढ्न सजिलो होस् भनेर संक्षिप्त गराएका थिए रे । तर सो विस्तृत ग्रन्थचाहिं कल्हणका पालामा लुप्त भइसकेको थियो[26] । विक्रमको बाह्रौं शताब्दीको शुरूमा काश्मीरका क्षेमेन्द्रको कीर्तिपताका फैलिएको थियो । काश्मीरका प्रसिद्ध राजा अनन्त र कलशका समयमा उनी त्यहाँ आफ्नो विद्या बलले चम्केका थिए । उनले धेरै पुस्तक लेखेका थिए । तिनका एक इतिहासको ग्रन्थ नृपावली (राजवंशावली) पनि पर्दथ्यो[27] । यो पनि अहिले प्राप्य छैन । हेलाराज नामक अर्को इतिहासविद्ले पनि दशौं शताब्दीमा बाह्र हजार श्लोक भएको ठूलो इतिहास पार्थिवावली (राजवंशावली) लेखेका थिए[28] । त्यस्तै पद्ममिहिर र छविल्लाकरले पनि इतिहासग्रन्थ लेखेका थिए[29] । ती कुनै पनि अहिले प्राप्त भएका छैनन् । यसबाट केही कालमा कुनै विद्वान्ले इतिहासमा कलम चलाए तापनि

इतिहासको पठनपाठन परम्परा टुटेकोले त्यस्ता ग्रन्थको सुरक्षा र प्रचार हुन सकेन ।

कल्हणको धेरै समयपछि जोनराजले जोनराजतरङ्गिणी त्यसपछि श्रीवरले जैनराजतरङ्गिणी र शुकले सत्रौं शताब्दीमा अन्तिम राजतरङ्गिणी तयार पारेका थिए । यसरी चार थरी राजतरङ्गिणी अहिले पाइन्छन् ।

यसरी एकादेशमा एक दुई छोटामोटा इतिहासपरक काव्य कथा लेखिए तापनि विशाल भारतको समग्र इतिहास बुझ्न ती त हात्तीका मुखमा जीरा भए । कुनै कुनै राजाले आफ्नो पुस्तावली टिपेर राखेका उदाहरण पनि पाइन्छन् । संस्कृतपद्यमा काव्यरूपका र पृथ्वीराजरामोजस्ता देशीय भाषाका जीवनचरित्र पनि एकदेशीय नै भन्नुपर्छ ।

कर्णाटकमा राज्य गर्ने चालुक्यवंशी राजा षष्ठ विक्रमादित्यले आफ्नो पुर्खाले ५९ पुस्तासम्म अयोध्यामा राज्य गरेपछि दक्षिणापथमा प्रवेश गरी यहाँ सोह्र पुस्तासम्म राज्य भोग गरिसकेको कुरा आफ्ना अभिलेखमा लेखाएका छन्[30] । वंशावलीमा राजनाम टिपेर नराखेको भए यो संख्या टोक्नु संभव थिएन । हाम्रा यहाँका स्थिति मल्लका वंशजहरू पनि यस्तै कुरा आफ्नो वंशावलीमा लेखाउँछन् । परन्तु उनीहरू हरसिंहदेवसंग आफ्नो पुर्ख्यौली जोड्छन् । चालुक्य राजवंश र नान्यदेवको वंश अलग थियो, इतिहासको यो कढी नबुझ्दा र कर्णाटकका राजघरानासंग आफ्नो आफ्नो वंश जोड्ने कुलीनताको मोहले गर्दा पछिल्ला मल्लराजाहरूले यस्तो भूल गरेका हुन्[31] । जे भए पनि चालुक्य राजाले आफ्नो राजवंशको नामावली टिपेका रहेछन् भन्ने संकेतचाहिं यसबाट हामीलाई मिलेको छ ।

नेपालको उत्तरी छिमेकी देशमा भने इतिहास लेख्ने पढ्ने पढाउने परम्परा प्राचीनकालदेखि अनवरतरूपले चलेर आएको कुरा हामीले देखिरहेका छौं । प्रत्येक राजवंशको प्रत्येक बादशाहको सालसंवत् तिथिमिति मिलाएर वर्णन गर्ने, देशविदेशका समेत विशेष घटना टिप्ने गरेर विस्तृत इतिहास तयार पारिन्थ्यो । यसैको संसर्गले प्रभावले भोटमा पनि इतिहास लेख्ने परम्परा चलेर आयो स्रोङ्चनगम्पोको राजवंशको इतिहास र यस्तै विशिष्ट व्यक्ति विद्वान् लामाहरूको जीवनचरित्र पनि त्यहाँ लेखिएका छन्, तर भोटका सबै जसो इतिहास जीवनचरित्र पनि हाम्रा पछिका भाषा वंशावलीजस्तै धार्मिक अन्धविश्वासले बढी ग्रस्त भएका देखिन्छन् । जे भए पनि बढी विवरणात्मक र बढी नै घटना प्रदर्शित त्यस्ता वंशावली जीवनी भोटमा करीब हजार वर्ष पहिलेदेखि नै लेखिँदै आएका देखिन्छन् ।

भोटमा यस्ता धर्ममूलक ऐतिहासिक ग्रन्थमा मुख्य मा णि का वुम् र भा से मानिन्छन् । इतिहासग्रन्थमा सोनाम घ्याल्छेन् (वि. सं. १३६९–१४३२) ले लेखेको घ्यालुख् शेल् भे मे लोङ बुस्तोन रिम्बोचेले वि. सं. १३७९ मा लेखेको चो बुम् र छेल्पा कुङ्गा दोर्जेले वि. सं. १४०३ मा छेल्गुङथाङमा लेखेको देव थेर मार्यो बढी प्रसिद्ध र पुराना पनि थिए । त्यसपछि पनि इतिहास र जीवनचरित लेख्ने क्रम उहाँ चलिरह्यो । त्यस्तै देवथेर कार्पो र देवथेर डोन्पो पनि त्यहाँका प्रसिद्ध छन्, पछि सत्रौं शताब्दीको आरम्भमा पञ्चम दलाइलामाले तयार पारेको घ्यालुख् पनि कम प्रसिद्ध छैन[32] ।

राजकुमारी राजल्लदेवीसंग विवाह गरेर उदाएका दक्षिण तराईतर्फबाट डोला खोजेर ल्याइएका राजा जयस्थिति मल्ललाई एक्कासी यो नेपालवृत्तान्त लेखाउने प्रेरणा कसरी कहाँबाट पैदा भयो भन्ने जिज्ञासाका लागि हामीले भारत भोटचीन देशको इतिहास लेख्ने परम्परापछि यो संक्षिप्त सिंहावलोकन गर्नुपरेको हो । यस सिंहावलोकनमा हामीले के देख्यौं भने भारतमा खास इतिहास लेख्ने पढ्ने प्रवृत्ति थिएन भन्दा हुन्छ, राजाश्रयमा रहेका केही कविले प्रशस्तिमूलक हर्षचरित, विक्रमाङ्कदेवचरित, पृथ्वीराजरासो आदि काव्य लेखे तापनि तिनले इतिहासको कडी फेला पारेको भन्न मिल्दैन, आधुनिककालमा इतिहासनिर्माणमा त्यस्ता प्रशस्तिकाव्यले अलिकति मद्दत गर्ने मात्र हुन् ।

भारतीय राज्यमा एउटा काश्मीरराज्य नै अपवाद रह्यो, यसैले केही मात्रामा इतिहासज्ञानलाई जोगाएर राख्न सक्यो । केही विद्वान् र विद्याको कदर गर्ने राजाहरूले प्रेरणाले त्यहाँ इतिहासग्रन्थ लेखिए,

तिनमा राजतरङ्गिणी त हाम्रो सामुमै छ। तर के गर्नु यो पनि एकदेशीय नै थियो, राजतरङ्गिणीमा विशाल गुप्तसाम्राज्यको वर्णन छैन, समुद्रगुप्तजस्ता राजाको नामोनिशान देखिंदैन। अर्कोकुरा इतिहास पाठ्यसामग्रीमा त्यहीं पनि पर्दैनथ्यो । कल्हणले विशाल इतिहासग्रन्थ लोप भएकोले सुव्रतको संक्षिप्त मात्र पाउनु, उनले वर्णन गरेका एघारवटा इतिहास र नीलमत पुराणमा एघार वटा नाश भएर एउटा नीलमत पुराण मात्र पाइनु यसको प्रमाण हो। राजतरङ्गिणीकै पनि परम्परा बसेन, त्यसैले प्रथम राजतरङ्गिणी तयार भएको करीब तीन सयवर्ष पछिमात्र दोस्रो राजतरङ्गिणी तयार भयो।

यी सबै कुराबाट भारतीय भूमिबाट वा भारतीय विद्वान्‌बाट जयस्थिति मल्ललाई इतिहासतिर प्रवृत्त पार्ने प्रेरणा मिलेको थियो भन्न सकिंदैन । बरु इतिहासतर्फ मनोयोगले सरोकार राख्ने इतिहास लेख्ने लेखाउने पढ्ने पढाउने परम्परा बसेको भोट चीनबाटै यो प्रेरणा उनलाई मिलेको थियो भन्न सकिन्छ। त्यसवेला नेपालको भोटसंग मात्रै होइन, चीनसंग पनि राम्रो सम्बन्ध बढेको थियो। यसभन्दा सय वर्षपहिल्यै भोटबाट चीन गएका प्रसिद्ध कलाकार आनिकले आफ्नो कलाकौशलले नेपालको नाम राखिसकेका थिए। तिब्बती लामा र बौद्ध विद्वान् धेरै पहिलेदेखि नेपाल, भोट, भारत ओहोरदोहोर गर्दै थिए । पलाञ्चोकका वर्द्धनवंशी शासकहरूले भोटसंग व्यापार राम्रो चलाएका थिए, चीनसंग पनि अर्जीसौगातको आदानप्रदान गरी चीनवादशाह युङलोबाट वाङ (राजा) को उपाधिसमेत प्राप्त गरेका थिए। ने. सं. ५०७ मा चीनबाट प्रतिनिधिमण्डल नेपाल आएको थियो । यसलाई मदनसिंहरामवर्द्धनले स्वागत गरेका थिए । चीनसंग सम्बन्ध बाँध्नेमा जयस्थितिको नाम मिङ्वृत्तान्तमा उल्लिखित त छैन, किन्तु नेपालवृत्तान्तमा स्थिति मल्लले चिनियाँ प्रतिनिधिमण्डललाई सौगात पठाएको संकेतसम्म चाहिं पाइएको छ[33]। वि.सं. १४४७ मा भोटका साक्यमठ-का लामा र महाचीनका प्रतिनिधि नेपाल आएका थिए। आश्विन कृष्ण औंसीका दिन तिनसंग वनेपाली शासकसंग सम्बन्ध बाँधी सम्झौता भएको थियो, यस उपलक्ष्यमा स्थिति मल्ल पर्यवेक्षकको रूपमा उपस्थित थिए[34]। जे भए पनि त्यसवेला नेपालको भोट चीनसंग आर्थिक, राजनैतिक, सांस्कृतिक सम्बन्ध राम्रैसंग गाँसिएको थियो । त्यसैले भोट चीनको जस्तै नेपालको पनि पुरानो इतिहास हेर्ने बुझ्ने अभिप्रायले स्थितिमल्लले नेपालवृत्तान्त तयार पार्न लाएको बुझिन्छ।

यसो भन्दा यहाँनेर उठ्न सक्ने संभावित तर्कतिर पनि ध्यान दिऊँ। सो के भने भारतका अरू राज्यमा इतिहास लेख्ने प्रवृत्ति नभए पनि काश्मीरमा यो प्रवृत्ति केहीमात्रामा देखियो। दक्षिण तराईतर्फबाट भित्रिएका नयाँ जोस, नयाँ जाँगर, नयाँ विचारधारा बोकेका उदीयमान राजा जयस्थिति मल्लले नेपालको आर्थिक, राजनैतिक, सामाजिक व्यवस्था सुधार्न बाहिरबाट धेरै विद्वान् ब्राह्मणहरूलाई आफ्ना आश्रयमा राखेका थिए। कान्यकुब्जका तेह्रौतमा विद्वान्‌हरू उनका देशमा आएर बसेका थिए। यस्तै अवस्थामा काश्मीरी विद्वान् पनि यहाँ आउनु धेरै संभव छ । सिजाराज्यमा र मध्य पश्चिमका सामन्तराज्यमा पनि काश्मीरी विद्वान् आएर राजाश्रयमा रहेका प्रमाण पनि पाइएकै छ[35]। त्यसकारण त्यस्तै कुनै इतिहासप्रेमी विद्वान् आएर नेपालको पूर्व-वृत्तान्ततिर कलम चलाएर स्थिति मल्लको मनोवाञ्छा पूरा गरिदिए कि भन्ने तर्क पनि उठ्न सक्छ।

परन्तु यसो भन्नलाई हामीले अरू प्रमाण केही पाएका छैनौं। साँच्चै भारतका इतिहासविद् विद्वान् आएर यस क्षेत्रमा हात हालेका भए यो इतिवृत्त यति नराम्रो च्युतसंस्कृत भाषामा लेखिने थिएन, किनभने काशीबाट आएका शङ्कराचार्यले राखेको राष्ट्रिय संगृहालय (म्युजियम) मा हाल रहेको अभिलेख कस्तो प्रौढ पाञ्जल शैलीमा लेखिएको छ[36]। फेरि यस इतिवृत्तमा खास शुद्ध र क्रमबद्ध विवरण भएको दोस्रो भाग प्रायः नेवारीमै छ, त्यसकारण पनि बाहिरबाट आएका संस्कृत पण्डितको यसमा हात थियो भन्न सकिंदैन। चीन भोटतर्फ आवतजावत भएका नेवारी भाषामै कलम चलेका मान्छे नै यस इतिवृत्तका ग्रन्थकार थिए, यसैले संस्कृतभन्दा नेवारीमा यिनको बेशी कलम चलेको थियो।

अन्त्यमा यसको बारेमा अर्को कुरा पनि बुझ्न आवश्यक छ। पहिले संस्कृत संस्करण तयार भयो। यसका संक्षिप्तरूपका अरूअरू संस्करण पनि लेखिए। त्यस अर्को रूप वृत्तान्तर नेवारी संस्करण थियो। पहिलोभन्दा संस्कृतका संक्षिप्त संस्करण केही शुद्ध छन्, संस्कृत संस्करणभन्दा नेवारी भाग केही बढी प्रामाणिक र सही पनि देखिन्छ।

**टिप्पणी**

१) पुराणम् इतिवृत्तम् आख्ययिका उदाहरणम् (प्रशसात्मक जीवनचरित्र) धर्मशास्त्रम् (ऐनकानून) अर्थशास्त्रं (राजनीतिशास्त्र) च इतिहासः।
कौ. अर्थशास्त्र १५।१४।

२) इतिहास – पुराणाभ्यां चक्षुर्भ्यामिव सत्कविः।
विवेकाञ्जनशुद्धाभ्यां सूक्ष्ममप्यर्थमीक्षते ॥
राजशेखर – काव्यमीमांसा ८।१०।

३) पूर्वमहर्भागं हस्त्यश्वप्रहरणविद्यासु विनयं गच्छेत्। पश्चिमम् इतिहास – श्रवणे।
कौ. अर्थशास्त्र १।५।१२–१३।

४) क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवांस्तर्पयति, य एवं विद्वान् वाकोवाक्यम् इतिहासपुराणम् अहरहः स्वाध्यायम् अधीते, ते एनं तृप्ताः तर्पयन्ति सर्वैः कामैः सर्वैः भोगैः॥
शतपथब्राह्मण ११।५।७।९

५) स ह उवाच ऋग्वेदं भगवः अध्येमि, यजुर्वेदं सामवेदम् अथर्वाणं चतुर्थम् इतिहासपुराणं पञ्चमं वेदानां वेदं पिभ्यं राशिं दैवं वाकोवाक्यम् एकायनं देवविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्यां सर्पदेवयजनविद्याम् एतद् भगवः अध्येमि
छान्दोग्योपनिषद्।

६) महाभारत १।१। २६७।

७) इतिहास–प्रदीपेन मोहावरणघतिना।
लोकगर्भगृहं कृत्स्नं यथावत् संप्रकाशितम्
महाभारत १।१।८७।

८) मेरो र धनवज्रको ऐतिहासिकपत्रसंग्रहमा गुरु नयराज पन्तको उपोद्घात ६–१२ पृ. द्रष्टव्य।

९) बुद्धप्रकाश–एशियाका इतिहास, चीन १०–११ पृ. हाम्रा पुराना ग्रन्थमा पनि सत्यको सर्वस्व बलिदान गरेका धेरै कथा पाइन्छन्।

१०) हिमवत्संस्कृति, १ वर्ष १ अङ्क ९– ३२ पृ. मा गोपालवंशावलीका नामले अलिकति संस्कृत भागको अर्थसहित नरहरिनाथद्वारा प्रकाशित भएको थियो।

११) विलियम कर्कपेट्रिक– अन् एकाउन्ट अफ् द किङ्डम् अफ् नेपाल, लण्डन, १८११ ई.

१२) डेनियल राइट– हिस्ट्री अफ् नेपाल ट्रान्स्लेटेड् फ्रम् द पर्वतिया, क्याम्ब्रिज, १८७७ ई.

१३) हरप्रसाद शास्त्री– क्याटलग् अफ् पल्म–लीफ् एण्ड सेलेक्टेड् पेपर् म्युनिस्क्रिप्ट्स् टु द दर्बार लाइब्रेरी, नेपाल २ भाग, कलकत्ता १९०५ र १९१६ ई.

१४) उही, १ भागमा हिष्टोरिकल इन्ट्रोडक्शन्।

१५) द्रष्टव्य– महेशराज पन्तको 'मेसिल बेन्डालको शब्दमा गोपालराजवंशावलीको बयान' पूर्णिमा ३१ पृ. १७२–७७ पृ.

१६) धनवज्र बज्राचार्यसमेत– गोपालराजवंशावली (मूल ३० क पत्र) ८६ पृ.

१७) उही, ८४ पृ.

१८) उही, मूल ३० ख पत्र ५ पंक्ति।

१९) हि. संस्कृति १।१। १४ पृ.

२०) महेशराज पन्तले पनि अहिले यही पाठ पढेको छ। पूर्णिमा, ७२ पृ., १९ पृ.

२१) काश्मीरका इतिहासकार कल्हणले पनि इतिवृत्तलाई 'भूतार्थ' लेखेका छन्–
श्लाघ्यः स एव गुणवान् राजद्वेषबहिष्कृता।
भूतार्थकथने यस्य स्थेयस्पेव सरस्वती ॥
राजतरङ्गिणी १।७॥

रीस राग छाडेर न्यायाधीशको जस्तो जसको बोली निष्पक्ष भएर भूतार्थ (भूतवृत्त – इतिवृत्त) अर्थात् इतिहास वर्णन गर्न लाग्दछ, उनै विद्वान् सह्लानीय गुणी पनि हुन्छन्।

२२) अलबेरुनीले आफ्नो भारतयात्राविवरण अरबीभाषामा लेखेका थिए, त्यसको अंग्रेजी अनुवाद भयो। अंग्रेजीबाट सन्तरामले हिन्दीमा अनुवाद गरी वि. सं. १९८५ 'अलबेरुनीका भारत'

भन्ने नामले प्रकाशित गरेका थिए ।

२३) प्रत्यावासं विलसति वचः संस्कृतं प्राकृतं च ।
–विक्रमाङ्कदेवचरित ।
(काश्मीरमा) घरघरमा संस्कृत र प्राकृतभाषामा बोलचाल हुन्छ ।

२४) रघुनाथ सिंहले यस्ता केही ऐतिहासिक काव्यको उल्लेख गरेका छन् । राजतरङ्गिणीको आमुख 'कह्लण' २७ पृ. द्रष्टव्य ।

२५) दृग्गोचरं पूर्वसूरिग्रन्था राजकथाश्चयाः ।
मम त्वेकादश गता मतं नीलमुनेरपि ।।
दृष्टैश्च पूर्व भूभर्तृप्रतिष्ठावस्तुशासनैः ।
प्रशस्तिपट्टैः शास्त्रैश्च शान्तोऽशेषभ्रमक्रमः ।।
राजतरङ्गिणी १।१४–१५।

पहिलेका विद्वान् आचार्यका राजाका जीवनचरित्रसम्बन्धी एघारवटा ग्रन्थ नीलमत-पुराण पनि मैले हेरेको छु । पहिलेका राजाहरूले देवमन्दिर प्रासाद भवन विहार आदिका प्रतिष्ठा गर्दा राखेका विभिन्न अभिलेख राजाहरूका प्रशस्तिपट्ट र शास्त्रहरू हेरेर मेरा मनको सबै सन्देह दूर भयो ।

२६) विस्तीर्णा प्रथमे ग्रन्थाः स्मृत्यै संक्षिपतो वचः ।
सुव्रतस्य प्रबन्धेनच्छिन्ना राजकथाऽश्रयाः ।।११।।

राजाहरूका कथा भएका ग्रन्थ पहिले धेरै विशाल थिए । संज्ञन पढ्न सजिलो होस् भनेर सुव्रतले संक्षिप्त पारेपछि ती पुराना ग्रन्थ लोप भए ।

२७) केनाऽप्यनवधानेन कविकर्मणि सत्यपि ।
अंशोऽपि नास्ति निर्दोषः क्षेमेन्द्रस्य नृपावलौ ।।१३।।

क्षेमेन्द्रको राम्रो काव्यशक्ति भए तापनि कुनै असावधानीले गर्दा उनको नृपावली (राजवंशावली) मा सबै भाग अशुद्ध भए ।

२८) बद्धा द्वादशभिर्ग्रन्थसहस्रैः पार्थिवावलिः ।
प्राङ्महाव्रतिना येन हेलाराजद्विजन्मना ।।१७।।

पाशुपत धर्म मान्ने हेलाराज ब्राह्मणले बाह्र हजार श्लोक भएको पार्थिवावलि (राजवंशावली) बनाएका थिए ।

२९) पद्मगिरि र छविल्लाकरले इतिहासग्रन्थ लेखेको कुरा गरे पनि कह्लणले तिनका ग्रन्थको नाम दिएका छैनन् ।
उही १।१८–१९ द्रष्टव्य ।

३०) तज्जेषु राज्यमनुपाल्य गतेषु राज–
स्वेकान्न (कोन) षष्टिगणनेषु पुराध्यायोध्यं ।
तद्वंशजास्तदनु षोडश भूमिपालाः
क्ष्मां दक्षिणापथजुषं बिभरांबभूवुः ।
षष्ठ विक्रमादित्य चालुक्यको नीलगुन्डाको ताम्रपत्रबाट, दीनेशचन्द्र– सेलेक्ट इन्स्क्रप्सन्स् २ भा. ५२५ पृ.

चालुक्यवंशी राजाहरूले ५९ पुस्तासम्म अघि अयोध्यामा राज्य गरिसकेपछि उनैका वंशज राजाहरू दक्षिणापथमा गएर १६ पुस्तासम्म राज्य भोग गरे ।

३१) यस सम्बन्धमा विस्तृत छलफल मैले सिनासमा बुझाएको आफ्नो प्रतिवेदन (नेपाल पूर्वमध्यकालको इतिहास) मा गरेको छु ।

३२) भोटको इतिहास (भोटवृत्तान्त) को सामान्यचर्चा हाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाश्यमान मेरो पुस्तकमा 'राजकुमारी भृकुटीसंग भोटका राजा स्रोङ्चनगम्पोको विवाह' भन्ने प्रकरणमा गरेको छु ।

३३) उक्त नेपालवृत्तमा ने. सं. ५०७ मा स्थिति मल्लले ७६ जलसीपाट पाटनको बाटो काठमाडौं पठाएको वर्णन पाइएकोले यो कोसेली भोटचीनतर्फ पठाइएको संकेत संझी त्यस्तो लेखिएको हो ।

३४) उपर्युक्त सम्बन्धमा मैले आफ्नो नेपालको पूर्वमध्यकालको इतिहासमा सविस्तार वर्णन गरेको छु ।

३५) महासामन्त रत्नदेवको राज्य पश्चिम नेपालको धवलस्रोतपुरमा लेखिएका पुस्तकमा काश्मीरी आचार्यहरूको पुस्तक लेखेकको नाम पाइन्छ ।

३६) मैले यस शिलालेखलाई धेरै मिहिनेतले शुद्धसंग पढी त्यसको नेपालीमा अर्थ व्याख्यासमेत गरी 'पशुपतिनाथको दर्शनस्पर्शनपूजनसम्बन्धमा समीक्षा' को १ परिशिष्टमा प्रकाशित गरेको छु ।

# इतिहास लेख्ने परम्परा र नेपालवृत्त

## शुद्धिपत्र

| पृष्ठ | पंक्ति | भएको | हुनुपर्ने |
|---|---|---|---|
| १ | १९ | अङ्ग | अध: |
| १ | २० | सब | सबक |
| १ | १४ | थाल्यो | थालियो |
| २ | ३२ | सर्यदेव वजन | सर्पदेवयजन |
| ३ | ४ | उपस्थिति | उपस्थित |
| ५ | १ | भएका | भएको |
| ५ | ३ | वृत्तान्तर | वृत्तान्तर् |
| ५ | ५ | वृत्तान्तर | वृतान्तर |
| ६ | १४–१६ | प्रस्तावली | पुस्तावली |
| ७ | १२ | रामो | रासो |
| ७ | १४ | मार्यो | मार्पो |
| ७ | १९ | घ्यालुख् | घ्याल् रव् |
| ७ | २५ | पछि | पट्टि |
| ८ | २३ | वह्नवशी | वर्ह्नवंशी |
| ८ | १४ | कान्यकुञ्ज | कान्यकुब्ज |
| ८ | २८ | पाञ्जल | प्राञ्जल |
| ८ | २९ | शुद्र | शुद्ध |
| ९ | १७ | हस्त्यश्वेद्रहरण | हस्त्यश्वरथप्रहरण |
| ९ | २७ | पिभ्यं | पित्यं |
| ९ | ३२ | घतिना | घातिना |
| ९ | ३८ | सत्यको | सत्यको लागि |
| ९ | १४ | मेसिल | सेसिल |
| ९ | २१ | द्वि. | हि. |
| १० | ९ | कथाश्र्याः | कथाश्रयाः |
| १० | १२ | शात्तोऽशेषभ्रमक्रमः | शान्तोऽशेषभ्रमक्लमः |
| १० | २१ | स्मृत्ये | स्मृत्यै |
| १० | २२ | प्रबन्र्धन | प्रबन्धेन |
| १० | २२ | कथाऽश्रया | कथाऽश्रयाः |
| १० | २८ | निर्वोषः | निर्दोषः |
| १० | ३३ | हेलाराल | हेलाराज |
| १० | ४ | पुराध्यायोध्यं | पुराध्ययोध्यं |
| १० | ३१ | लेखेकको | लेखकको |

# भगवान् रुद्र–शिवका वाहनहरू

–हरिराम जोशी

प्रत्येकजसो देवताका भिन्नाभिन्नै वाहनहरू छन् । ती वाहनहरू नै तिनीहरूका यात्राको साधनरूपमा लिइन्छन् । हिन्दू त्रिमूर्तिहरूमध्ये विष्णुका वाहनरूपमा गरुड छन् भने ब्रह्माका राजहंश । त्यस्तै भगवान् रुद्र–शिवका वाहन स्वरूप सिंह, मुसा एवं वृष आदि पशुहरूलाई लिइन्छन् । यस्तै प्रकारले अन्य पशु पन्छीहरूलाई कुनै न कुनै देवीदेवताहरूका वाहनको रूपमा परिकल्पना गरिएका छन् । स्वयं मनुष्यलाई धनपति कुबेरको वाहनरूपमा लिइन्छ । कुबेरको नरवाहन उपाधि नै यस कुरोको पुष्टिका लागि पर्याप्त छ । यी आधारहरूबाट देवीदेवताहरूका विभिन्न वाहनहरू भएको कुरा चाल पाइन्छ । यिनै तथ्यहरूको परिप्रेक्ष्यमा तल भगवान् रुद्र–शिवका वाहनहरूको बारे वर्णन गरिन्छ ।

भगवान् रुद्र–शिवका विभिन्न वाहनहरूमध्ये सिंह पनि एक रहेको छ । पौराणिक एवं इतिहासग्रन्थहरू यस कुराका साक्षी स्वरूप छन् । महाभारतमा उल्लिखित शिवनामावलीमा शिवको अनेकन् नामहरू दिइएका छन् जसमध्ये सिंहग तथा सिंहवाहन पनि छन्[1] । सिंहमुखाकृतियुक्त शिवको शरभेश अवतारको वर्णन आगम ग्रन्थहरूमा पाइन्छ जुन शरभेशले शिवभक्त हिरण्यकशिपुको नृसिंहद्वारा वध गरिएपछि नृसिंहको शेखी शिवले सोही शरभेशको अवतारलिई झरेका थिए[2] । शरभेशको एक मूर्ति दक्षिण भारतमा पाइएको छ जसको उल्लेख गोपीनाथ रावले गरेको छ[3] । यस्तै शिवले किरातको रूप लिई अर्जुनसित युद्ध गरेको कुरा महाभारतमा वर्णन गरिएको छ[4] । रामायणमा किरातहरूलाई नरव्याघ्रको संज्ञा दिइएको छ[5] । अथर्ववेदमा व्याघ्र शब्दले सिंहलाई पनि बुझाएको पाइन्छ[6] । यी आधारहरूले शिव र सिंह बीचको निकटतम सम्पर्क भएको कुरालाई पुष्टि गरेका

---

१) महाभारत, अनुशासन पर्व १७–१११

२) T.A. Gopinatha Rao: Elements of Hindu Iconography, Vol. 2–Part–1, Motilal Banarasidass, Second Edition, 1968, pp. 172–174

३) T.A. Gopinatha Rao: Elements of Hindu Iconography, Vol. 2–Part–1 Motilal Banarasidass, Second Edition, 1968, p. 174

४) T.A. Gopinatha Rao: Elements of Hindu Iconography, Vol. 2–Part–1, Motilal Banarasidass, Second Edition, 1968 pp. 214–215

५) John Dowson: A Classical Dictionary, Rupa & Co. 1982, p. 158

६) Sri Monier Monier– Williams: Sanskrit –English Dictionary, Munshiram Manoharlal Publishers, Second Reprint, 1981, p 1036

छन् । शिव र पार्वतीको रथ हजार सिंहले तान्ने कुरा महाभारतमा वर्णित भएको पाइए[7]बाट पनि उपर्युक्त तर्कको यथार्थलाई सघाऊ पुऱ्याएको छ । यहाँनिर महायान बौद्ध धर्मका एक सुप्रसिद्ध लोकेश्वर सिंहनाद अवलोकितेश्वरबारे विचार गर्नु अप्रासंगिक नहोला । सिंहनाद अवलोकितेश्वरका मूर्तिहरूमा त्रिनेत्र, जटामुकुट तथा सर्पवेष्टित त्रिशूल आदि देखिएका छन् । जसमा भगवान् शिवका मूर्तिहरूको प्रभाव स्पष्टतः दृष्टिगत हुन्छ । अनि सिंहनाद लोकेश्वरको वाहन सिंह भएकोले यसलाई पनि शैव सम्प्रदायकै छापरूपमा लिइएर[8] उपर्युक्त तथ्यको पुष्टिमा बल मिलेको प्रतीत हुन्छ ।

भगवान् शिव र सिंह बीचको घनिष्टतम् सम्बन्धको परिचय वायुपुराणमा भेटिन्छ । सो पुराण अनुसार शिवलाई दक्षद्वारा यज्ञमा निमन्त्रणा नगरिनु तथा यज्ञीय भागको लागि तिनलाई अनधिकृत गरिनु रुद्र–शिवको क्रोधको ठूलो कारण हुन गयो । अनि सोही क्रोध नै सिंहको रूपमा प्रकट भयो । पछि शिवलाई यज्ञीय भाग प्रदान गरिएपछि शिवले सम्पूर्ण प्राणीलाई विनष्ट हुनुबाट बचाउनको लागि उक्त सिंहलाई आफ्नै प्रासादमा शृङ्खलाबद्ध गरी राखे[9] । देवप्रासाद, राजगृह तथा विभिन्न विहारहरूको मूलद्वारमा दायाँ बायाँ सिंहका मूर्तिहरू राख्ने परम्परा देखिएकोलाई यहाँ यसै तथ्यको परिप्रेक्ष्यमा लिन सकिन्छ । ललितपुर राजगृहको मूलचोकको द्वारको दायाँ बायाँ शृङ्खलाबद्ध सिंहका दुइ वटा विशाल शिलामूर्तिहरू प्रतिष्ठापित छन् जसमा वायुपुराणको उपर्युक्त आख्यानको छाप स्पष्ट रूपले दृष्टिगत हुन्छ । अनि देवप्रासादहरूको द्वारमा सिंहाकृतिहरू राख्ने परम्परामा दुष्टात्माहरूले ती प्रासादहरूमा प्रवेश गर्न नसकुन् भन्ने पनि मनसाय भएको कुरा चाल पाइन्छ । नेपाल संवत् ३२० को काठमाडौं इचंगुनारायणस्थानको अभिलेखमा द्वारपालको रूपमा मन्दिरको द्वारमा सिंहका मूर्तिहरू प्रतिष्ठापित गरेको कुरा वर्णित[10] भएबाट पनि उपर्युक्त अनुमानको पुष्टि भएको लाग्दछ ।

उपर्युक्त साहित्यिक सामग्रीहरूको अतिरिक्त पुरातात्त्विक सामग्रीहरूको पनि शिव र सिंह बीचको सम्बन्धलाई प्रष्टचाएका छन् । मथुरा पुरातत्त्व संग्रहालयमा संग्रहित कुषाणकालीन एक खण्डित शिला मूर्तिलाई डा. वासुदेवशरण अग्रवालले शिवको मूर्ति हो भनी ठम्याएको छ । मथुरा जिल्लाको माट नामक स्थानमा प्राप्त यो मूर्तिको पृष्ठभागको तलतिर एक ठूलो सिंह बसिरहेको देखाइएको छ । यहाँ एक सिंहवाहिनी पार्वतीको मूर्ति पनि पाइएको छ[11] । यस तथ्यले शिवको वाहनस्वरूप सिंह पनि भएको यथार्थतालाई स्पष्ट पारेको छ ।

कानपुर जिल्लाको मुसानगर भन्ने स्थानमा पनि केही प्राचीन मूर्तिहरू पाइएका छन् । त्यहाँ प्राप्त मूर्तिहरूमध्ये ऊर्ध्वमेढ्रस्थितिमा रही उठिराखेको एक द्विभुज शिव मूर्ति पनि एक रहेको छ । शिवको दायाँतिर आफ्ना मालिकतिर गर्दन घुमाई उठिराखेको एक सिंह छ । त्यस्तै त्यहाँ प्राप्त अर्को एक ललितासनमा अवस्थित शिवको आसन मुनि सिंह बसिराखेको छ[12] । उपर्युक्त यी विभिन्न आधारहरू शिव र सिंह बीचको घनिष्टतम् सम्बन्धको परिचायक छ ।

सिंहको अतिरिक्त मुसा पनि शिवको एक वाहनको रूपमा लिइन्छ । यद्यपि मुसा गणेशको वाहनको रूपमा

---

७) महाभारत, वनपर्व २३१.२९–३१

८) डा. नीलकण्ठ पुरुषोत्तम जोशीः प्राचीन भारतीय मूर्तिविज्ञान, विहार राष्ट्रभाषा परिषद्, पटना, खीष्टाब्द १९७७, पृ. ६६

९) वायुपुराण ४.१०२९१–८

१०) हरिराम जोशीः मध्यकालीन अभिलेख, अभिलेख नं. २६ [प्राचीन नेपाल, संख्या ५३–५६, भदौ-चैत्र २०३६, पुरातत्त्व विभाग, पृ. २५–२६]

११) डा. नीलकण्ठ पुरुषोत्तम जोशीः पूर्वोक्त, पृ. ३४

१२) पूर्वोक्त, पृ.३५

सुविख्यात छ तथापि वैदिककालमा मुसालाई शिवको वाहनरूपमा लिएका उदाहरणहरू पाइन्छन्। यजुर्वेदको अध्ययनमा यस कुराको स्पष्ट खुलासा हुन्छ । यजुर्वेदको त्र्यम्बक होम नामको सूक्तमा शिवको वाहन रूपमा मुसालाई लिएको कुरा वर्णित छ[13] । तैत्तिरीय तथा ताण्ड्य ब्राह्मणग्रन्थहरूमा वर्णित वर्णन अनुसार देवताहरूले सर्वप्रथम पशुहरूलाई आपसमा बाँड्दा रुद्रशिवको ख्याल राखेनन्; तर तिनीहरूलाई पछि रुद्रको कोपको जसै सम्झना आयो, तिनीहरूले तिनलाई वाहन रूपमा मुसा प्रदान गरे[14] । लाटचायन श्रौत सूत्रमा पनि रुद्रलाई प्रदत्त मुसाको बारे उल्लेख पाइन्छ[15] । यी विभिन्न आधारहरूबाट रुद्र–शिवको वाहन रूपमा मुसालाई पनि लिइने कुरा सुनिश्चित छ। जमीन मुनि रहने मुसासित रुद्र–शिवको सम्बन्धले रुद्र–शिवलाई पर्वत कन्दराहरूमा रहने देवताको रूपमा दर्शाएको प्रतीत हुन्छ । तर, पछि शिवपुत्र गणनायक गणेशको अभ्युदय पछि भगवान् रुद्र–शिवले आफ्ना पुत्रलाई सो वाहन प्रदान गरेको लाग्दछ । गणेशलाई मूषक वाहनको संज्ञा प्राप्त छ । मुसाको अतिरिक्त गणेशलाई रुद्र–शिवले आफ्नो वाहन स्वरूप रहेको सिंह पनि प्रदान गरेको कुराको सुईंको ल. पु. राजगृहस्थित एक शिलामूर्तिमा गणेशको वाहनरूपमा सिंहलाई देखाइएको पाइएबाट स्पष्टरूपले अवलोकन हुन्छ ।

ऋग्वेदमा वर्णित वर्णन अनुसार भगवान् रुद्रको सम्बन्ध उर्वरता तथा बोट विरुवाहरूसित रहेको छ । यसको अतिरिक्त त्यसमा रुद्रसित सन्तानको लागि प्रार्थना गरिएको छ[16] । रुद्रको लागि "दिवो वराह" को संज्ञा दिइएको छ[17] कालो मेघबाट सेतो रंगको विद्युत निस्कने उपमा श्वेतदंष्ट्रयुक्त कालो वराहसितै दिन सकिन्छ । वर्षामा मेघको गडगडाहट संगै बिजुली चम्केर वर्षा हुँदा धान एवं अन्य बोट विरुवाहरू प्रचुर मात्रामा उब्जन्छन् र सोही समय अधिकांश पशुपंछीहरूको पनि सन्तानको अभिवृद्धि हुने हुन्छ । यसरी रुद्र–शिवको उर्वरता (Fertility) सितको सम्बन्ध स्पष्टिन्छ । रुद्र–शिवको प्रतीक रूपमा लिङ्गलाई लिइएबाट पनि उक्त तथ्यतिरै इङ्गित हुन्छ। यहाँनिर रुद्रको वृषभ उपाधि पनि स्मरणयोग्य छ[18] छ। वृष्धातुबाट निर्मित यस शब्दका मुख्यतः दुई वटा अर्थहरू छन्, ती हुन्– वर्षा गर्ने तथा अत्यधिक प्रजनन शक्ति हुने। प्रस्तुत शब्द यी दुवै अर्थमा भगवान् रुद्र–शिवको लागि उपयुक्त छ । अनि अत्यधिक प्रजनन शक्ति हुने भन्ने अर्थमा वृष शब्द रुद्र–शिवका वाहन स्वरूप रहेको साँढेको लागि पनि प्रयुक्त भयो। साँढे प्रजनन शक्तिको लागि विख्यात हुँदा पछि गएर यही नै वृष शब्द तिनको नाम हुन गयो ।

वैदिककालको अनन्तर महाकाव्य एवं पुराण-कालमा आई भगवान् रुद्र–शिव खालि एक सामान्य देवता मात्र नरही महादेवको रूपमा मानिन लागेको थियो। उनी अधर्मका ध्वंशक भई धर्मका प्रतिमूर्ति थिए। देवतामा जुन किसिमको गुण निहित छ त्यसैको अनुरूप तिनका वाहनको परिकल्पना गरिएको हुन्छ । विद्याले मनुष्यलाई सत्यासत्यको निरूपण गर्ने सामर्थ्य प्रदान गर्ने हुँदा दूधको दूध पानीको पानी छुट्याउने राजहंशलाई विद्याकी देवी सरस्वतीको वाहनरूपमा लिइएको थियो । त्यस्तै भगवान् रुद्र–शिव धर्मको पोषक हुँदा तिनका वाहन वृषलाई धर्मको रूपमा स्वीकार्न लागेको थियो। "धर्मोऽसि वृषरूप धृक्"– भागवत १।१७।२२ । वृषका चार पाउ धर्मका चार आधारशिला मानिनलागे– तप, शौच, दया तथा सत्यको

१३) यजुर्वेदः तैत्तिरीय संहिता १, ८, ६। वाजसनेयी संहिता ३.५७–६०
१४) तैत्तिरीय ब्राह्मण १, ६, १०; ताण्ड्य ब्राह्मण ७, ९, १६
१५) लाटचायन श्रौतसूत्र ५, ३, २
१६) ऋग्वेद १.१४३.६; २.३३.७
१७) ऋग्वेद १.११४.५
१८) ऋग्वेद २.३३.६ र ८

रूपमा । "तपः शौ चं दया सत्यमिति पादाः कृते कृताः ।"– भागवत १।१७।२४। अनि भगवान् रुद्र–शिव वृषवाहन हुँदा तिनलाई वृषध्वजःको संज्ञा प्रदान गरिएको थियो । फेरि, यहाँ यो कुरा उल्लेख गर्दा कुनै अत्युक्ति हुँदैन कि वृषलाई धर्मको रूपमा न कि हिन्दूहरू मात्र बल्कि अन्य धर्मावलम्बीहरूले पनि स्वीकारेको देखिन्छ । मौर्य सम्राट् अशोकद्वारा प्रतिष्ठापित रामपुरवा शिलास्तम्भमा वृषको मूर्ति प्रतिष्ठापन गरिएको[१] पाइएबाट उपर्युक्त अनुमानमा सघाऊ पुगेको छ ।

उपर्युक्त विभिन्न आधारहरूबाट भगवान् रुद्र–शिवका वाहनको रूपमा कुनै एक प्राणीमात्र नरही विभिन्न प्राणीहरू भएको कुरा निर्णित हुन्छ । ठूलोमा सिंह तथा सानोमा मुसासम्म पनि तिनका वाहनको रूपमा दर्शाइएबाट यिनी प्राणीमात्रका अधिपति भएको कुराको सम्पुष्टिमा सघाऊ मिल्छ । यसरी यिनी पशुपतिको रूपमा पूजित रही प्राणीमात्रका पूजनीय भनौं वन्दनीय देवताको रूपमा प्रतिष्ठित भएका थिए ।

---

१) The Age of Imperial Unity, ed. R.C. Majumdar, Bharaliya Vidya Bhavan, Bombay, 1953, Plate XIV, Fig 28

# नेपालको १.१ करोड वर्षअघिको रामनरवानर–नेपिथेकस्को सन्दर्भमा आदिमानवको उद्गम र उद्गमस्थल

(गताङ्कको बाँकी)

–केदारनाथ प्रधान

समयकालको दृष्टिले आजभन्दा करीव ४० लाख वर्षअघिको अफ्रिकाको दक्षिणी नरवानर (Australopithecus) सित करीव २६ लाख वर्षअघिको भनी अनुमान गरिएको ओल्दुभाइ (Olduvai) मानव[54] पाकिस्तानको करीव २० लाल वर्षअघिको सोआन (Soan १९८७ ई.) मानव[55] र चीनको करीव १७ लाख वर्षअघिको युआनमोउ (Yuanmou) मानव[56] का अवशेषहरूले (मानव निर्मित ढुंगाका हतियारहरू) दक्षिणी नरवानरको समयदेखि यताको रिक्त समयको पूर्ति गर्ने झिनो संभावना रहेको जस्तो देखिन्छ। तर यता भेगको ८०–८५ लाख वर्षअघिको रामनरवानर (Ramapithecus) पछि र २० लाख वर्षअघिको शोवान मानवभन्दा अघिको करीव ६० लाख वर्षको रिक्त समयलाई पूर्ति गर्ने कुनैपनि अवशेष एशिया महादेशमा पाइएको छैन र दक्षिणी नरवानर (Australopithecus) को अवशेष हालसम्म अफ्रिकामा मात्र पाइएको र त्यहाँ रामनरवानर (Ramapithecus) को समयकालको बीचको करीव १ करोड वर्षको रिक्तताले यी दुई बीचको संबन्धबारे हाल यसै हो भन्न कठीन देखिएको छ। यसले यी दुई जीव बीच अर्को एउटा लुप्त श्रृङ्खला रहेको हुनसक्ने संभावना देखिन्छ, जसमा यी दुवैको स्वरूप रहेको होस्।

एम्. नेस्तर्ख (M. Nesturkh, १९६७ ई,) ले दक्षिणी नरवानर (Australopithecus) को मानव स्वरूपमाथि शंका गर्दै रामनरवानर (Ramapithecus) प्रकारको अतिनूतनाश्म (Pliocene) युगको प्रारम्भिक कालको नरवानर (Anthropoid ape) बाट विकसित भएको दक्षिण एशियाली प्रकार (South Asian Form) को नरवानर (ape) को एउटा हाँगाबाट मानवको उद्गम भएको[57] अनुमान गरेका छन्। तर उनले न त यसलाई पुष्टि गर्ने तर्क दिएका छन् न त आफैले फलक चित्रमा दिएको एउटै उमेरका दक्षिणी नरवानर (Australopithecus) र साधारण मेध्यवानर (Common Chimpanzee, दुवै १९३१ ई. का) का माथिल्ला दन्तारोपण अवस्थिति (Dentition) तथा तालु वा मुखभित्रको माथिल्लो च्यापु (Palate) र तल्लो बङ्गाराको प्रकृति नमिलेको[58]

---

[54] सिंह, डा. मदनमोहम– पुरातत्त्वकी रूपरेखा, जानकी प्रकाशन, पटना, द्वीतीय संशोधित एवं परिवर्तित संस्करण, १९८१ ई., पृष्ठ ४१।

[55] समीक्षा (साप्ताहिक), काठमाडौं, वर्ष २८, अंक ३९, संख्या ३९४, सेप्टेम्बर २५, १९८७ ई.।

[56] लानेपा, जिया– पूर्ववत्, पृष्ठ ६–८।

[57] नेस्तर्ख, एम.– उही, पूर्ववत् पृष्ठ ६४।

[58] पूर्ववत्– फलक चित्र संख्या ३३ र ३४, पृष्ठ ६०।

बारे ध्यान दिई उल्लेख नै गरेका छन् । माथि उल्लेख गरिएको (१९८३ ई.) शुष्क वानर (Dryopithecus) र रामनरवानर (Ramapithecus) बीचको जस्तो देखिने पुच्छर नभएको प्राणी (Ape like creature) लाई मानव र नरवानर (Anthropoid) दुवैको साझा पुर्खा हुनसक्ने अनुमान गरेको पाइएबाट पनि नेस्तर्ख (Nesturkh) को उक्त भनाइ मिलेको देखिँदैन । उपर्युक्त फलक चित्रमा देखाइएको दक्षिणी नरवानर (Australopithecus) र मेध्यवानर (Chimpanzee) बीचको भेदले आधुनिक अफ्रिकी मेध्यवानर (Chimpanzee) सित मिलेको भन्ने अनुमान पनि मिल्न आउँदैन । त्यस्तै दक्षिणी नरवानर (Australopithecus) को कोखाको हाड (Pelvis), काँधको पट्टि हाड (Shoulder blade), हात, खुट्टा र पाइतालाको हाड मानवसित मिलेको पाइएकोले उपर्युक्त दुई जीव बीच मेल नखाएको देखिन्छ ।

रामनरवानर (Ramapithecus) र दक्षिणी नरवानर (Australopithecus) को संबन्धबारे अझै प्रष्ट हुन सकेको छैन तापनि रामनरवानर (Ramapithecus), अन्य, नरवानर (Anthropoid) भन्दा भिन्न एवं विकसित देखिएको र दक्षिणी नरवानर (Australopithecus), मानवसित निकै कुरामा मेल खाएको देखिएकोले यी दुई बीच संबन्ध रहेको कुरामा आशंका गरे तापनि अविश्वास गर्न सकिने भन्ने देखिँदैन । माथि उल्लेख गरिए जस्तै यी दुई जीवको समयको लामो अन्तरालमा अर्को एउटा लुप्त शृङ्खला (Missing Link) जीव रहन सक्ने संभावना देखिन्छ, जसको प्रकृति रामनरवानर (Ramapithecus) भन्दा उच्च विकसित र दक्षिणी नरवानर (Australopithecus) भन्दा निम्न अवस्थाको वा कोरा रूपको रहेको होस् ।

### ५.२ दक्षिणी नरवानरको प्रकृति

आजभन्दा करीव ६० लाख वर्षअघि उद्‌गम भएको हुनसक्ने भनी अनुमान गरिएको दक्षिणी नरवानर (Australopithecus) का अवशेषहरू हालसम्म सबै उमेर र लिंगका गरी ९० भन्दा बढीका पाइएका छन् । यी अवशेषहरू मुण्ड (झण्डै पूर्ण अवस्थाको) बङ्गारा, दाँत, काँधका टुटेका पट्टि हाड (Shoulder blades), पाखुरा तथा हातका हाडहरू, तालुको हाड, कोखा (Pelvis) का हाड र खुट्टा तथा पाइतालाका हाडहरू रहेका छन् । दक्षिण अफ्रिकाको टाङ्ग (Taung) मा पाइएको टाङ्गस् एप् (Taung's ape, १९४२ ई.) को अवशेषलाई अष्ट्रेलियाका प्रो. आर. ए. डार्ट (Prof. R. A. Dart) ले दक्षिणी भागमा पाइएको आधारमा दक्षिणी नरवानर (Australopithecus) भनी नामकरण गरेका हुन्[59] । यसका अवशेषहरू अफ्रिका बाहेक अन्य महादेशमा हालसम्म पाइएको कुरा प्रकाशमा आएको छैन ।

दक्षिणी नरवानर (Australopithecus) को इथियोपियामा पाइएको अवशेषको आधारमा नेस्तर्ख (Nesturkh) ले यसलाई र ओरियोपिथेकस् (Oreopithecus) लाई पुच्छर नभएका वानर (Ape) हुन् र ती विलुप्त भैसकेका छन् भन्दै कमसेकम तिनीहरूलाई "प्रकृतिको असफलतापूर्ण प्रयास" भनी लिइनु पर्दछ[60] भन्ने धारणा र यसको मामव स्वरूपमाथि आशंका व्यक्त गरेको पाइए तापनि हालसम्म प्राप्त अवशेषहरूको आधारमा तल यसको प्रकृतिबारे चर्चा गर्ने प्रयत्न गरिन्छ ।

दक्षिणी नरवानर प्रमिथियस् (Australopithecus Promethecus, १९४८ ई.) को कोखा (Pelvis) को हाड र प्लेजियान्थ्रोपस् (Plesianthropus, १९४७ ई.) को तिघ्राको हाड र खुट्टाको नलिहाड (Tibia) को आधारमा दक्षिणी नरवानर (Australopithecus) लाई ठाडो भएर हिंड्न सक्ने[61] भनी अनुमान गरेको पाइएको छ । कसैले

[59] लानेपा, जिया– पूर्ववत् ।

[60] नेस्तर्ख, एम,– पूर्ववत् ।

[61] पूर्ववत्– पृष्ठ ६३ ।

गर्धनभन्दा माथि नरवानर (Anthropoid) को जस्तो र गर्धनभन्दा तल पुट्ठो, जाँघको हाड, खुट्टा तथा पाइतालाको हाड मानवसित मिलेको भनी अनुमान गरेका छन् । मस्तिष्कको गिदी क्षमताको संबन्धमा दक्षिणी नरवानर (Australopithecus)को ४५०-५५० सी. सी., मेध्यवानर (Chimpanzee)को ३५०–४५० सी. सी, र मानवको १२००–१५०० सी. सी. रहेको[62] भनी गरिएको अनुमानको आधारमा अफ्रिकी मेध्यवानर-सित मिलेको अनुमान गरी गर्धनभन्दा माथि नरवानर (Anthropoid) सित मिलेको धारणा व्यक्त गरेको पाइए तापनि पछिल्ला खोज र अनुसन्धानले दक्षिण नरवानर (Australopithecus) को ६०० सी. सी. को क्षमता[63] रहेको अनुमान गरेको पाइएकोले यसलाई मेध्यवानरसित मिलेको भन्न सकिदैन । मस्तिष्कको आधारमा मानवको विकासबारे चर्चा गर्दा सोभियत मानवशास्त्री डा. वी. पी. एलेक्सीभ् (Dr. V. P. Alexeev, १९८६ ई.) ले दक्षिणी नरवानर (Australopithecus) को ६०० सी. सी., जावा मानवको ९०० सी. सी., पेकिङ्ग मानवको १०००–१०५० सी. सी.[64] र निअान्डर्थल (Neanderthal) मानवको १४६३ सी. सी. रहेको उल्लेख गरी दक्षिणी नरवानर (Australopithecus) मानवको पूर्वज रहेको आधार भनी प्रत्येक–जसो चरणमा गिदीको आकार १००–१५० सी. सी. बढ्दै गरेको चर्चा गरेको पाइएबाट माथिको मेध्यवानर (Chimpanzee ४५०–५०० सी. सी.)[65] सित नमिलेको कुरा पुष्टि हुन आउने देखिन्छ । उपर्युक्त चर्चाले दक्षिणी नरवानर मेध्यवानरभन्दा मानवसित बढी निकट रहेको अनुमान देखिन्छ । मेध्यवानरको अघिल्ला दाँत दक्षिणी नरवानरको भन्दा ठूलो रहेको र माथिल्लो बङ्गरा केही र तल्लो बङ्गराको अघिल्लो भाग मेध्यवानरको भन्दा मानवको भित्रतिर पसेको र बङ्गराको आकारको संबन्धमा मेध्यवानरको बढी वानरसित र दक्षिणी नरवानरको मानवसित बढी मिलेको पाइएबाट पनि यसको गर्धनभन्दा माथिको भाग पनि मानवसित त्यति नमिलेको देखिदैन ।

दक्षिणी नरवानरको सरदर उँचाइ करीव १.५ मीटर र दाँत विशेष गरी, अगाडिको तथा त्यसको संगैको दाँत अपेक्षाकृत ठूलो रहेको अनुमान गरेको पाइन्छ । अफ्रिकाको ट्रान्सभाल (Ttransvaal, १९३० ई.) गुफाहरूमा प्राप्त अवशेषहरूको आधारमा दक्षिणी नरवानरलाई कुकुर–मुखे वानर (Baboon), मृग आदि जीवको शिकार गर्ने गरेका हुनसक्ने[66] र घाँसे मैदानी (Savana) तथा शुष्क (arid) क्षेत्रमा रहेका भनी मानिएको छ । यिनीहरू आहाराको निम्ति जंगली कन्दमूल संचय गर्ने मात्र होइन, लौरो र ढुंगाको हतियार प्रयोग गर्ने र कुकुर–मुखे वानर (Baboon) को साथै खरायोको पनि शिकार गर्ने[67] भनी अनुमान गरेको पनि पाइएको छ । पछिल्ला अनुमान गर्ने नेस्तर्ख (Nesturkh, १९६७ ई.) को भनाइ माथिको दक्षिणी नरवानर (Australopithecus) लाई मानव सुदृश (Hominid) हुन नसक्ने भनाइको विपरीत रहेको र पहिलो भनाइले तिनीहरूमा मानव सदृश लक्षणहरू सम्पन्न थिए भनी भन्न नसकिए तापनि मानवमा विकसित हुने दिशामा भने तिनीहरू नरवानर (Anthropoid) भन्दा निकै अघि थिए[68] र भनी भनेको पाइएको छ । कसैले यसलाई आगोको उपयोग गर्न जान्ने र बोल्न पनि

---

[62] सिंह, रामप्रवेश एवं कुमार डा. अनिल – पूर्वतत्, पृष्ठ १७

[63] लानपो, जिया– पूर्ववत, पृष्ठ, ४

[64] एलेक्सीभ्, डा. वी. पी. –दि अरिजन् अफ् ह्यूमैन रेस्, प्रोग्रेस पब्लिशर्स, मास्को, अंग्रेजी अनुवाद, १९८६ ई., पृष्ठ ७९

[65] एलेक्सीभ्, डा. वि. पी.– पूर्ववत्, पृष्ठ, ८५ र ७९

[66] सिंह, डा. रामप्रवेश एवं कुमार, डा. अनिल– पूर्ववत्, पृष्ठ १८

[67] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ६३

[68] सिंह, डा. रामप्रवेश, एवं कुमार, डा. अनिल– पूर्ववत्

जान्ने भने तापनि यसको कुनै आधार नरहेको[69] भनी मानिएको छ।

यस प्रकार दक्षिणी नरवानरको सम्बन्धमा केही विवादास्पद भनाइ रहेको पाइए तापनि यसलाई अतिनूतनाश्म (Pliocene) युगको अन्तदेखि चतुर्थखण्ड (Quaternary) को प्रारम्भसम्म (५०–४० लाख वर्षअघि)[70] विकास भैसकेको सम्भावनाबारे अनुमान गरेको पाइएको छ। त्यस्तै यस जीवको कालदेखि मानवको युग प्रारम्भ भएको र यो जीव नै मानवको सबैभन्दा आदिम रूप भनी अनुमान पनि गरेको पाइएको छ।

### ५.३ दक्षिणी नरवानर र नेपाली सन्दर्भ

माथि यस जीवलाई घाँसे मैदान र शुष्क वातावरण रहेको क्षेत्रमा रहेको भनी उल्लेख गरिएको छ। नेपालमा सो कालमा यस किसिमको क्षेत्र रामनरवानर (Ramapithecus) को थलो चुरे इलाका नै देखिन्छ र यो बाहेक अर्को शुष्कक्षेत्र तत्कालीन रहेका हुनसक्ने अनुमान हुँदैन। यता भेगमा आजभन्दा करीव २५–२६ लाख वर्षअघिको पूर्व–चेलियन (Pre–Chellean) भनी अनुमान गरिएको अफ्रिकाको ओल्डुभाइ घाटीको प्राकृतिक ढुङ्गाको हतियारलाई संझना गराउने खालको हतियारको धनी वर्दिया[71] मानवभन्दा प्राचीन मानव मात्र होइन, अन्य वानर (Primates) र नरवानर र दक्षिणी नरवानर पछिको प्राचीन प्राङ मानवले शिकार गर्ने गरेका भनी अनुमान गरिएका पशुका समकालीन जस्तो देखिने उष्ण क्षेत्रमा रहने भनी अनुमान गरिएको महागजको अवशेष (आजभन्दा करीव ३० लाख वर्षअघिको) काठमाडौंको चोभार (१९८४ ई.) एवं गोदावरीमा प्राप्त भएको छ। यसले यो अवशेष पाइएको महाभारतको उत्तरी फेंदी नजीकको इलाकामा त्यसबेला महाभारत पर्वतको उँचाइ आजको भन्दा निकै कम (संभवत ७–८ सय मीटर) रहेको हुनसक्ने संभावना रहेकोले प्राकृतिक वातावरण शीत रहेको देखिदैन भनी अनुमान गर्न सकिन्छ। त्यस्तै १.४ करोड वर्षअघि हिमालय पर्वत शृङ्खलाको उचाइ आजभन्दा झण्डै एक–आठ (१/८) भाग (१००० मीटर) जस्तो रहे तापनि चुरे इलाकाको जस्तो उष्ण र सुख्खा वातावरण रहेको हुनसक्ने अनुमान हुँदैन। तर सगरमाथा क्षेत्रमा चीनको विज्ञान एकेडमी (Chinese Academy of Sciences) ले गरेको सफलतापूर्ण अन्वेषण (१९७४ ई.) तृतीय खण्ड (Tertiary) कालमा यस क्षेत्रको तापक्रम १० डिग्री सेल्सियस् रहेको[72] भनी अनुमान गरेको पाइएकोले उष्ण रहेको हुनसक्ने देखिदैन तापनि रामनरवानर (Ramapithecus) र दक्षिणी नरवानर (Australopithecus) को प्रतिकूल नरहेको अनुमान भने प्रष्ट हुन्छ। हिमालय, मध्यपहाड र चुरे इलाकामध्ये सबैभन्दा अनुकूल तथा संभावित इलाका चुरे नै रहेको देखिन आउँछ तापनि मध्य पहाडी भागका उपत्यकाहरू (खासगरी काठमाडौं उपत्यका) लाई पनि उपेक्षा गर्न सकिन्न। चिनियाँ प्रतिवेदनकै आधारमा जनकलाल शर्माले पनि यस कुरालाई मानेको[73] देखिन्छ।

अर्को छिमेकी मुलुक भारतको सिवालिक (चुरे) इलाकामा वानर (Primates) तथा रामनरवानरको अवशेषको आधारमा आदिमानवको संभावित उद्‌गम स्थल रहेको भनी अनुमान गरेको र पाकिस्तानमा रामनरवानर पाइएको इलाका पनि चुरे नजीक नै रहेकोले चुरे इलाका नै सबैभन्दा बढी संभावित रहेको हुनसक्ने देखिन्छ। पश्चिम दाङमा पाइएको १.२ करोड वर्षअघिका गैंडा र हात्तीका अवशेषले पनि माथिको कुरालाई स्पष्ट गर्ने आधार मिलेको छ। तर हिमालय पर्वत शृङ्खलाको मध्य इलाकामा उष्ण वातावरणमा पाइने तीन खुरे

[69] नेस्तर्ख, एम. पूर्ववत्, पृष्ठ ६४

[70] एलेक्सीभ्, डा. वी. पी.– पूर्ववत् पृष्ठ ६७

[71] शर्मा, जनकलाल– हाम्रो समाज एक अध्ययन, उही, पृष्ठ २७

[72] लानपो, जिया–पूर्ववत्, पृष्ठ ३

[73] शर्मा, जनकलाल– सेवेन्टिन् मिलियन्– इयर–ओल्ड प्राइमेट् फोसिल्स.. , प्राचीन नेपाल, संख्या ७९, पृष्ठ ३१

(Three–Toed) घोडा, अर्द्ध–भूमध्यरेखीय बोट विरुवाका अवशेषहरू पाइनु र तिनले स्थानीय माटोका खनिज पदार्थ (Clay minerals) को बनावटसित वातावरणीय अवस्था मिलेकोले[74] र काठमाडौं उपत्यकाको लुहुँडोल (Luhundol) वा हिकुँडोल (Hikundol)[75] मा पाइएका महागज (Stegodon Ganesh)को अवशेषले र देवघाटको कछुवा[76] र गोदावरी (पाटन १९६३ ई.) को महागजको अवशेष[77] मध्य पहाडी भागका उपत्यका ५नि प्रतिकूल वातावरण नरहेको इलाका भनी अनुमान गर्न सक्ने देखिन्छ। त्यस्तै जनकपुरमा जलहात्ती (Hipopotamus) को अवशेष[78] र कमला नदीको इलाकामा महागजको मुण्डको अवशेष[79] पाइएकोले तराईतिर र दाङको अवशेषले भित्री मधेश पनि संभावित क्षेत्रको रूपमा देखिन्छ।

माथिको चर्चाले नेपालमा दक्षिणी नरवानर रहेको हुनसक्ने संभावना देखिन्छ तापनि रामनरवानरको अवशेष पाइएका नेपाल लगायत भारत, चीन र पाकिस्तानमा पनि यसको अवशेष हालसम्म पाइएको छैन। नेपालमा अफ्रिका, पाकिस्तान र चीनमा जस्तै १७ लाख वर्षभन्दा पनि अधिका मानव निर्मित हतियार प्रयोग गर्ने गरेका भनी अनुमान गरिएको प्राचीन प्राङ मानवका अवशेषहरू र कुनै पनि प्राङ मानवको अस्थि–अवशेष नपाइएकोले दक्षिणी नरवानर (Australopithecus) रहेको हुनसक्ने संबन्धमा सामान्य अनुमानसम्म गर्न पनि कठीन देखिएको छ।

## ६.० आदिमानवको उद्‌गमस्थल

वानरबाट विभिन्न चरण हुँदै मानवको विकास भएको सम्बन्धमा माथि उल्लेख गरिएका केही विवादलाई छोडी माने तापनि विश्वको आदिमानवको उद्‌गम कहिले र कहाँ भयो भन्नेबारे अझै निर्णय भैसकेको छैन। विश्वका सम्पूर्ण जीवको पुर्खा एउटै हो भनी माने तापनि मानवको उद्‌गमस्थलबारे भिन्न–भिन्न मत पाइएका छन्। हाल मानवको विभिन्न प्रजाति देखिनु, रामनरवानर (Ramapithecus) को अवशेष विभिन्न ठाउँमा पाउनु, प्रत्येकजसो मुलुकको अनुसन्धाताको दृष्टिकोण राष्ट्रिय रहनु र शासकवर्गको वैज्ञानिक धारणालाई दिग्भ्रमित पार्ने आशय हुनुको कारण अनेक अवधारणाहरू पाइएका छन्, जसबारे तल चर्चा गरिन्छ।

### ६.१ आदिमानवको अनेक उद्‌गमस्थल

मानवशास्त्रीहरू थियोडोर आर्ल्ड्ट् (Theodor Arldt) र जिसेप् सेर्गि (Guiseppe Sergi) का विभिन्न वर्ग अथवा अझ जातिबाट मानवको उद्‌गम भएको र मुख्य मानव जातिको विभिन्न ११ बटा वर्ग र ४० भन्दा बढी साना समूह रहेका (सेर्गि– Sergi १९११ ई.)[80] अवधारणा सर्वप्रथम देखियो। पछि इटालीका जीवशास्त्र ड्यानियल रोसा (Daniel Rosa, १९१८ ई.) को आजको साना–ठूला सबै प्राणी एकैचोटि एउटै जाति वर्गबाट स्वतन्त्र रूपले संसारको विभिन्न महादेशमा उत्पत्ति भएको आदर्शवादी प्रभावयुक्त

---

[74] लानपो, जिया– पूर्ववत्

[75] भट्ट, डि. डी.– नेचुरल हिस्ट्रि एण्ड इकोनोमिक बोटानी अफ् नेपाल, ओरियन्ट् लङ मैन लि., न्यू दिल्ली, संशोधित संस्करण, १९७७ ई., पृष्ठ ३२

[76] शर्मा, जनकलाल– नेपाल: मानव विकासको दृष्टिमा, प्राचीन नेपाल– संख्या ६१–६४ (देवघाटको मन मुकुन्देश्वर (मणि मुकुन्देश्वर) कछुवाको एउटा सिंगो अस्थि अवशेष हो, जसलाई मूलदेवताको रूपमा पूजा गरी राखिएको छ– जनकलाल शर्मा) पृष्ठ १२

[77] पूर्ववत्

[78] शर्मा, सि. के.– जियोलजी अफ् नेपाल, एजुकेशनल इन्टरप्राइजेज, काठमाडौं, दोस्रो संस्करण, १९७७ ई.

[79] कोर्निभुस्, गुडरुन् १९८५ –रिपोर्ट् अफ् द वर्क् इन् द प्रोजेक्ट् अफ् क्वेटर्नरीक् एण्ड प्रिहिस्टोरिक् स्टडिज् इन् नेपाल, प्राचीन नेपाल, संख्या ८६–८८, पृष्ठ २

[80] नेस्तर्ख, एम्., पूर्ववत्, पृष्ठ ८२.

अवधारणा अगाडि आयो । त्यसपछि अमेरिकाको हेस्पिरोपिथेकस् (Hespiropithecus विश्रोमिङ्ग, १९२२ ई.) बाट यूरोपीय वा आर्य (Nordiae) को उद्गम भएको जर्मन वैज्ञानिक फ्रान्ज कोच् (Franz Koch, १९२२ ई.) को र कतिपय वैज्ञानिकको रेड–इन्डियन (Red–Indian)[81] को उद्गम भएको हर्मन क्लाट्स्च् (Hermann Klaatsch, १९२२ ई.) को वनमान्छे (Orangutan) बाट औरिनासियन् (Aurignacian) र भीमवानर (Gurilla) बाट निश्रान्डर्थल (Neanderthal) को उद्गम भएको[82] अवधारणाहरू पाइएका छन् । त्यस्तै फ्रान्सका मानवशास्त्री जर्जेज मोन्टैन्डन् (Georges Montandon, १९३३ ई.) को अमेरिकी दक्षिणी वानरबाट मानवको उद्गम भएको[83] अवधारणा पनि पाइएको छ ।

उपर्युक्त अवधारणाले अनेक ठाउँमा मानवको उद्गम भएको अवधारणा (Polygenesis) देखिन्छ । ती एक आपसमा मेल नखाएको मात्र होइन, अन्तर्विरोधी एवं विवादास्पद पनि रहेका छन् । आदिमानवको उद्गमको संबन्धमा विभिन्न वानर वा नरवानरबाट भएको अवधारणा पाइनु, रामनरवानर (Ramapithecus) को अवशेष संसारको विभिन्न भागमा पाइनु, भौगोलिक हल–चल (Tectonic) बाट तत्कालीन जीवहरूको स्थानान्तरणलाई बुझ्न नसक्नु, विद्वान्हरूमा नयाँ अवधारणा प्रकट गरी चर्चित हुने महत्त्वाकांक्षाको साथै कट्टर राष्ट्रिय दृष्टिकोण रहनु, शासक वर्गले पुरेतहरू मार्फत वैज्ञानिक अनुसन्धानलाई दिग्भ्रमित पार्न विद्वान्हरूलाई उपयोग गर्नु आदि कारणले यस्ता गलत अवधारणा देखिएको हुन सक्दछ ।

माथिका अवधारणाहरूलाई मान्ने हो भने एउटै जाति वर्गबाट मानवको उद्गम (Monogenesis) भई संसारको विभिन्न भागमा फैलिएको धारणा विपरीत धेरै महादेश र मुलुकहरू (नेपालको सन्दर्भमा नेपाल, भारत, चीन र पाकिस्तान) मात्र होइन, अनेक जनजातिको मुलुकका सबै जातीय इलाका एवं गाउँ वा नगर समेतलाई मानवको स्वतन्त्र रूपले उद्गम भएको उद्गमस्थलको रूपमा मान्नुपर्ने हुन्छ । अन्तमा मानवको पुर्खा विभिन्न ठाउँमा पहिले नै छरिई विभिन्न ठाउँमा आदिमानवको उद्गम भएको र आदर्शवादीहरूको पृथ्वीसंगै एकैचोटि संसारका सबै प्राणीहरू "ईश्वरको इच्छा" अनुसार उत्पत्ति भएको अवधारणालाई स्वीकार गर्नुपर्ने हुन्छ ।

### ६.२ आदिमानवको एउटै उद्गमस्थल

पृथ्वीको कुनै एउटा भागमा आदिमानवको उद्गम भई भौगर्भिक हलचल, आपसी संघर्ष, प्रतिकूल वातावरण, हिंस्रक वन–जन्तुबाट बच्न, पर्याप्त एवं सरल रूपमा आहाराको खोजी र प्राप्तिको लागि मानवको एक स्थानबाट अन्यत्र स्थानान्तरण भएको र भिन्न भौगोलिक स्थितिमा अभ्यस्त हुँदै जाँदा विभिन्न रूप, वर्ण, कदका विभिन्न प्रजातिका मानव देखिएको अवधारणालाई अधिकांश विद्वान्हरूले मानेका छन् । पहिले महादेशहरू आजको जस्तो अवस्थामा छरिएर नरहेको र मुख्यतः अफ्रिका, एशिया र युरोप महादेशहरू जोडिएका थिए र पछि भौगर्भिक हलचल (Tectonic) को कारण छुट्टिए र दक्षिण एशियाली उपमहाद्विप नवजीव (cenozoic) उपकल्पतिर मात्र अफ्रिकाबाट छुटिई (पहिले यो अफ्रिकाको दक्षिण भू-भाग थियो) युरेशिया (Eurasia, यूरोप र एशिया महादेशको संयुक्त नाम) महादेशमा जोडिन आएको मानिएको छ । यसले मानव एउटा ठाउँबाट उद्गम भई अन्य महादेश वा ठाउँमा स्थानान्तरण भएको हुनसक्ने संभावनालाई पुष्टि गर्न सहयोग मिल्न आउँछ ।

मानवहरूको रगतको वर्ग ४ वटा (O–ओ, A–ए, B–बी र AB–ए बी) रहे तापनि जीवसूत्र (Chromosomes) प्रायः ४६ वटा र ठूला नरवानर

---

[81] पूर्ववत्, पृष्ठ ८०–८१

[82] पूर्ववत्, पृष्ठ ८६

[83] पूर्ववत्, पृष्ठ ८२

(Big athropoid ape) का ४८ वटा रहेका हुन्छन् । विशेष प्रकारका व्यक्तिहरूको मिश्रण हुँदा (Merge) २ वटा जीवसूत्र (chromosomes) घट्ने कुरा इटालीका जीवशास्त्री बी. चियारेल्ली (B. Chiarelli) ले १९३५ ई. मा सोभियत रूसको राजधानी मास्कोमा भएको मानवशास्त्री (Anthropologists) र नृतत्त्वशास्त्री (Ethnologists) को सातौं विश्व अधिवेशन[84] मा बताएको पाइएकोले सबै मानवमा उत्तिकै जीवसूत्र (chromosomes) पाइने र विशेष व्यक्तिहरूको विशेष स्थितिमा मात्र भिन्न हुने (२ वटा जीवसूत्र घट्ने) हुनाले यसबाट विश्वका सबै मानवको पुर्खा एउटै हो भन्ने कुरालाई अझ बढी पुष्टि गर्न सहयोग मिल्ने देखिन्छ । यसले पहिले मानव एउटा स्थानमा उद्गम भई पछि अन्यत्र फैलिएको अवधारणा (Monogenesis) लाई पुष्टि गर्न भने सहयोग मिल्ने अनुमान हुँदैन ।

आदिमानवको उद्गमस्थल एउटै हो र पछि विभिन्न कारणहरूले पहिलो स्थानबाट विभिन्न स्थानमा स्थानान्तरण भए । पछि विभिन्न भौगोलिक वातावरणले गर्दा भिन्न वातावरण भएको स्थानमा रूप, रंग, कद आदिमा भिन्नता देखिए र यसैको आधारमा विभिन्न प्रजातीहरू देखिएका हुन् । अनुहारको रगं, आँखा, आँखी-भौं, नाक, गाला, चिउँडो, कपाल, मुण्ड, कद आदि भएका प्रजातीहरू विभिन्न भागमा पाइएको आधारमा मुख्यत: ६ वटा प्रजाती र त्यसको पनि विभिन्न शाखा, उपशाखा आदि देखिएको हो । यसको आधार र विश्वको विभिन्न भागमा वानर (Primates), नरवानर (Anthropoids), रामनरवानर (Ramapithecus), दक्षिणी नरवानर (Australopithecus), विभिन्न कालका प्राज्ञ मानव र तिनका हतियारहरूको आधारमा विद्वान्हरूले विभिन्न महादेश र स्थानहरू आदिमानवको उद्गमस्थल रहेको अवधारणा (Polygenesis) अघि ल्याएका छन् । यी अवधारणाहरूबारे तल चर्चा गरिन्छ ।

### ६.३ अफ्रिका, यूरोप आदि उद्गमस्थल

सर्वप्रथम यूरोप महादेशमा पाइएका पुरापाषण (Paleolithic) कालको ढुङ्गाका हतियारहरू र अन्य अवशेषहरूको आधारमा १८३० ई. मा पहिलो पुरापाषण व्यवसायको पत्ता लागेपछि १८६० ई. मा कालक्रम निर्धारण गरी सकेपछि यूरोपलाई आदिमानवको उद्गमस्थलको रूपमा मानेको अवधारणा देखिएको हो । त्यसपछि १८७१ ई. मा चार्ल्स डार्विन (Charles Darwin) ले अफ्रिकामा पाइने भीमवानर (Gorilla) र मेध्यवानर (Chimpanzee) सित शारीरिक रचनाको दृष्टिले मानवको निकट सम्बन्ध रहेको आधारमा अफ्रिका महादेशलाई आदिमानवको उद्गमस्थल हो भन्ने धारणा व्यक्त गरे । पछि यस अवधारणालाई समर्थन गर्दै अष्ट्रेलियाका विद्वान् डा. आर. ए. डार्ट (Dr. R. A. Dart, १९२५ ई.) ले अफ्रिकाको दक्षिणी भागमा नरवानर (Anthropoids) का अवशेषहरू बढी पाइएको आधारमा दक्षिण अफ्रिकालाई आदिमानवको उद्गमस्थल हो भन्ने अवधारणा अघि ल्याए । अफ्रिकाका विद्वान्हरू रोबर्ट ए. ब्रुम् (Robert A. Broom, १९४६ई.) र सर आर्थर कीथ् (Sir Arthur Kieth, १९५० ई.) ले यस अवधारणाको समर्थन गरेका छन् । यस अवधारणाको आधार रहेका कतिपय अवशेषहरूलाई पछि मानवको नरहेको[85], अफ्रिकालाई मानवकै टाढाका सहोदर भीमवानर र मेध्यवानरको उद्गमस्थल मानेको र त्यहाँ पाइएका दक्षिणी नरवानर (Australopithecus) का अवशेषहरूलाई नरवानरसित भन्दा मानवसित निकट रहेकोले नरवानरको चरण भई यसको विकास भएको कुरा विवादास्पद रहेको भनी गरेको अनुमानको आधारमा अफ्रिकालाई आदिमानवको उद्गमस्थल भन्ने अवधारणा कमजोर बन्न पुगेको अनुमान हुन्छ । प्राप्त अवशेषहरूको संख्याकै आधारमा मान्ने हो भने अफ्रिकाको उत्तर-पूर्वी भागलाई मान्नु पर्ने हुन्छ[86] । यूरोपको

[84] पूर्ववत्– पृष्ठ ४२
[85] पूर्ववत्– पृष्ठ ६४–६५
[86] पूर्ववत्– पृष्ठ ६७.

संबन्धमा प्रारम्भमा त्यतातिर बढी अवशेषहरू पाइएको आधारमा बनेको अवधारणा, अफ्रिका र एशियामा बढी संख्यामा त्यस्ता अवशेष र वानर तथा नरवानरका अवशेषहरू पाइएकोले हाल मान्न छोडेको पाइन्छ। तर अफ्रिकाको संबन्धमा भने त्यहाँ वानरदेखि मानवसम्मका निरन्तर अवशेषहरू पाइएकोले संभावित उद्गमस्थलको रूपमा अफ्रिकालाई अझै लिएको पाइन्छ।

अष्ट्रेलियालाई त्यहाँ आजभन्दा करीब ३० हजार वर्षअघितिर मात्र एशियाबाट मानव पुगेको प्रमाण पाइएकोले आदिमानवको उद्गमस्थल हो भन्ने अवधारणा (१९०८ ई.) लाई मान्न सकिंदैन। शीत वातावरण रहेको इलाकामा जीवको विकास संभव नभएकोले एन्टार्कटिका (Antarctica) लाई पनि आदिमानवको उद्गमस्थल भनी मान्न सकिंदैन। त्यस्तै उत्तर अमेरिकामा ३० हजार वर्षभन्दा पूर्वका र दक्षिण अमेरिकामा १४ हजार वर्षभन्दा पूर्वका अवशेषहरू नपाइएकोले उक्त दुवै महादेशलाई आदिमानवको उद्गमस्थल भनी मान्न सकिंदैन।

पछि एशियाको विभिन्न भागमा वानर, नरवानर, रामनरवानरका अवशेषहरू र आजभन्दा करीव २० लाख वर्षअघिसम्मका मानव निर्मित ढुङ्गाका हतियारहरू धेरै संख्यामा पाइएकोले पूर्व अवधारणाहरू (अफ्रिका बाहेक) कमजोर बन्दै गए र अधिकांश विद्वान्हरूको ध्यान एशियामा केन्द्रीत हुन पुग्यो। यसबारे तल विस्तृत रूपले चर्चा गरिन्छ। रामनरवानरको अवशेष पाइएको आधारमा संबन्धित मुलुकहरूलाई आदिमानवको उद्गमस्थल मान्ने हो भने अफ्रिका, यूरोप, एशियाका विभिन्न मुलुकहरूलाई मान्नु पर्ने हुन्छ र अहिलेसम्म यसको आधारमा संभवत: भारतको सिवालिक क्षेत्रलाई आदिमानवको उद्गमस्थल भन्ने अवधारणा देखिएको हो। यसबारे पछि चर्चा गरिनेछ।

### ६.४ आदिमानवको उद्गमस्थल एशिया

एशियालाई आदिमानवको संभावित उद्गमस्थल हो भन्ने आशय रहेको अवधारणा अप्रत्यक्ष रूपमा सर्वप्रथम (१९३४ ई.) फ्रेडरिक् एंगेल्स् (Frederick Engels) ले आफ्नो रचना "वानरदेखि मानवसम्मको संक्रमणमा श्रमको भूमिका" (Part played by Labour in Transition from Ape to Man) मा प्रकट गरेको जस्तो देखिन्छ। एंगेल्स्का अनुसार नवजीव (Cenozoic) उपकल्पको त्रिखण्ड (Tertiary) कालको संभवत: अन्ततिर भूमध्यरेखीय क्षेत्रको हिन्दमहासागरको गर्भमुनि डुब्न गएको हुनसक्ने एउटा ठूलो महादेशको कुनै भागमा रहेका विशेष रूपले उच्च विकसित वानरको एउटा जातिबाट मानवको विकास भएको थियो।[87] एंगेल्स्को यस अवधारणालाई दक्षिण एशियाको पूर्वीभाग बंगालमा नदीहरू उतैतिर बग्नाले त्यताको भाग डुबी खाडी बनेको र पश्चिमी भाग उठ्न जाने किसिमले भू–हलचल हुनगएको प्रमाण पाइएको र भारत, नेपाल एवं पाकिस्तानमा रामनर-वानरको अवशेष पाइएकोले पुष्टि हुन गएको अनुमान हुन्छ। पछि एशियाको भारत, चीन, पाकिस्तान, बर्मा, कोरिया, भियतनाम, मंगोलिया, तिब्बत, नेपाल आदि मुलुकहरूमा विभिन्न जीवका अस्थि–अवशेषहरू एवं प्राचीन प्राङ् मानवका ढुङ्गाका हतियारहरू पनि पाइएपछि विभिन्न स्थानलाई आदिमानवको उद्गमस्थल रहेको अनुमान देखा पऱ्यो, जसबारे तल चर्चा गरिन्छ।

यूरोपको महासागरको किनारदेखि दक्षिण–पूर्व–दक्षिण हुँदै जावा केन्द्र रहेको मलया प्रायद्वीपमा निकै अवशेषहरू पाइएकोले एशियाली केन्द्रको वृहद् इलाका र दक्षिण–पूर्व एशियालाई आदिमानवको उद्गमस्थल रहेको[88] भन्ने अनुमान देखियो। जावामा पाइएको जावा मानवको मुण्ड अवशेष नै उक्त अनुमानको आधार हो। मंगोलियामा पाइएको प्लाइओपिथेकस् (Pliopithecus Posthomus, १९२४ ई.) को अवशेषलाई

[87] एंगेल्स्, फ्रेडरिक्– पूर्ववत् ,पृष्ठ १७०

[88] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ६७

आदिमानवको पुर्खा (मैक्स् स्लोशर्– Max Schlosser)[89] मानेर अमेरिकी पुरासत्त्वशास्त्री (Palaeontologist), हेनरी फेयर्फील्ड ओस्वर्न् (Henry Fairfield Osborn, १८७५–१९३५ ई.) ले मंगोलिया र तिब्बतको अर्द्ध–शुष्क (Semiarid) पठार (Plateau) लाई आदिमानवको उद्गमस्थल (१९२९ ई.) भनी अनुमान गरेको देखिन्छ। यस्तै विचार, यसअघि, अमेरिकाकै पुरासत्त्वशास्त्री जोसेफ् बैरेल् (Joseph Barrell)[90] ले प्रकट गरेका थिए। माथिकै अवशेषको आधारमा ग्रेबाउ (Grabau) ले तिब्बतलाई मान्न पुगे। टायलर (Taylor) ले आफ्नो जातीय विकाससंबन्धी भूमिस्तरीय सिद्धान्त (Strata-Theory) र फार्बस् (Forbes) ले आदिमानवको शिल्प वितरणको आधारमा मध्य एशियालाई आदिमानवको उद्गम क्षेत्र रहेको [91] अनुमान गरेका छन्। मंगोलियामा वानरपछिको र मानवअघिको कुनै अवशेष नपाइनु र तिब्बती पठारमा वानर रहेका हुनसक्ने अनुमान गरे तापनि हालसम्म कुनै अवशेष नपाइनु र मध्य एशियामा मानवको निकट रहेका जीवको अवशेष नपाइएकोले माथिका अवधारणाहरू मिलेको देखिंदैन।

तर माथि उल्लेख भए झैं सगरमाथा क्षेत्रमा लंगूरको अवस्थिति पाइएकोले सगरमाथाको उत्तरी भेग वा तिब्बती भागमा पनि लंगूर रहेका हुनसक्ने संभावनाले तिब्बतमा आदिमानवको उद्गम भएको हुनसक्ने संभावनालाई सहजै नकार्न सकिन्न। उत्तर एशियाको भूमध्यरेखामा त्रिखण्ड (Tertiary) कालमा जंगलहरू हिउँले ढाकिएको कारण त्यहाँ रहेका मानवको पुर्खा दक्षिणतिर लागे, जहाँको एक क्षेत्रमा वानरबाट मानवको विकास हुन गयो भन्ने विल्सर (Wilsor, १९०५ ई.) नामक विद्वान्को अवधारणामा त्यतातिर वानरको अस्थि अवशेष नपाइएकोले विश्वसनीयता नरहेको[92] भनी मानिएको छ।

चीन लगायत दक्षिण एशियाका मुलुकहरू भारत, पाकिस्तान र नेपालमा पाइएका वानरदेखि मानवसम्मका, खासगरी, रामनरवानर र विभिन्न कालका प्राङ्मानवका अवशेषहरू अन्य ठाउँको तुलनामा महत्त्वपूर्ण एवं संख्यामा पनि बढी रहेका छन्। दक्षिण एशियालाई आदिमानवको उद्गमस्थल हो भन्ने अवधारणा सबैभन्दा बढी सही देखिएको अनुमान चीनका पुरामानवशास्त्री (Palaeanthropologist) जिया लानपो (Jia Lanpo, १९८० ई.) ले गरेका[93] छन्। उनले रामनरवानरको अवशेष पाइएको पश्चिम–उत्तर–पूर्वको त्रिकोणात्मक (अफ्रिका, पूर्व र उत्तर–पश्चिमी चीन) नक्साको मध्यभाग (यसमा नेपालको अवशेष समावेश भएको छैन) को सम्बन्धमा एंगेल्स (Engles) ले गरेका अनुमान मिल्न आएको र मध्य प्रातिनूतनाश्म (Middle Pleistocene) कालमा हिमालय पर्वत शृङ्खलाको उठ्ने प्रक्रिया स्पष्ट दरले बढेको भनी उल्लेख भएको चीनको भौगर्भिक प्रतिवेदन (१९७७ ई.) को आधारमा सो इलाकालाई त्यसवेलासम्म वानरको विकासको लागि अझै उपयुक्त रहेको मानेका छन्। साथै उनले मानवको विकासको लुप्त शृङ्खला (Missing Link) को खोजीको निम्ति आशालाग्दो क्षेत्र भनी पूर्वी एशियाको दक्षिणी भागलाई आदिमानवको संभावित उद्गमस्थल[94] को रूपमा लिएका छन्।

भारतको सिवालिक (चुरे) क्षेत्रमा पाइएका नरवानर मानिएको सिववानर (Sivapithecus); सुग्रीववानर (Sugrivpithecus) र रामनरवानरको अवशेषको आधारमा भारतीय विद्वान् मित्रा (Mitra) ले भारतको सिवालिक पर्वतको दक्षिणी क्षेत्रलाई आदि-

[89] पूर्ववत्

[90] पूर्ववत्– पृष्ठ ८९–९०

[91] सिंह, डा. रामप्रवेश एवं कुमार, डा. अनिल- पूर्ववत्, पृष्ठ २७–२९

[92] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ६७–६८

[93] लानपो, जिया– पूर्ववत्, पृष्ठ २–३

[94] पूर्ववत्– पृष्ठ ३

मानवको संभावित उद्‌गम क्षेत्र भनी मानेका छन् । यस अवधारणा अनुसार मध्यनूतनाश्म (Miocene) युगमा यस क्षेत्रमा मानवको विकासको निमित्त उत्ताम स्थिति थियो । प्रातिनूतनाश्म (Pleistocene) काल अथवा ५०–४० लाख वर्षअघि प्राकृतिक वातावरणमा परिवर्तन हुन गई उष्ण वातावरण रहेको क्षेत्रतिर स्थानान्तरण हुँदै गएको र संभवतः यही कालमा भारत र सुण्डालैण्ड (Sundaland) एउटा स्थलसेतुद्वारा जोडिएको थियो[95] भनी मानेको पाइन्छ । यदि अवशेष पाइएकै आधारमा अनुमान गर्ने हो भने एशियामा सबैभन्दा बढी अवशेष पाइएको मुलुक चीनलाई मान्नु पर्ने हुन्छ, जहाँको रामनरवानर (Ramapithecus) को मुण्ड अवशेषलाई सबैभन्दा महत्त्वपूर्ण मानिएकोबारे माथि नै उल्लेख गरी सकिएको छ । भौगोलिक दृष्टिकोणले समेत जोडिएका नेपाल, भारत र पाकिस्तान (यी तीन वटै मुलुकका सिवालिक क्षेत्रमा सर्वाधिक महत्त्व रहेका अवशेषहरू पाइएका छन्) एवं चीनको यूनान प्रान्तसम्मको संपूर्ण क्षेत्र महत्त्वपूर्ण रहेकोले एउटा मुलुकलाई मात्र लिने त्यस्तो कुनै विश्वसनीय आधार रहेको देखिएको छैन । कोरियामा पाइएको ६–४ लाख वर्षअघिको भनी अनुमान गरिएको कोमुनमोरू (Komunmoru) मानवको ढुङ्गाका हतियारको आधारमा कोरिया प्रायद्वीप पनि आदिमानवको प्राचीन उद्‌गमस्थलमध्ये एक[96] भनी अनुमान गरेको पाइएको छ । यस धारणाले कोरियामा आदिमानवको अनेक वर्गबाट उद्‌गम भएको अवधारणा (Polygenesis) लाई मानेको जस्तो अनुमान हुन्छ ।

१९८० ई. मा नेपालको बुटवलमा पाइएको रामनरवानरको अवशेषले नेपाल पनि आदिमानवको संभावित उद्‌गमस्थल रहेको अवधारणा प्रकाशमा आएको छ । जनकलाल शर्माले पूर्व एशियाको दक्षिणी भागलाई, विशेषतः, सगरमाथा वा त्यस क्षेत्रको उत्तरी वा पूर्वी मोहडा भनी अनुमान गरेका छन् र मानवको पुर्खा मानवानुगण (Hominidae) नेपालको दक्षिणी भागमा सिवालिक (चुरे) र उत्तरमा हिमालयमा पाइने संभावना रहेको[97] (१९८४ ई.) राय व्यक्त गरेका छन् । अझ एक पाइला अघि बढी उनले के भनेका छन् भने हिममानव यति (Yeti) को मुलुक नेपालको हिमशिखर सगरमाथा वा त्यसको क्षेत्रमा आदिमानवको पहिलो पुर्खा उद्‌गम हुने संभावना रहेको हुन सक्दछ । चिनियाँ विद्वान् जिया लानपो (Jia Lonpa) ले अतिनूतनाश्म (Pliocene) युग र प्रातिनूतनाश्म (Pleistocene) कालमा हिमालय क्षेत्रको प्राकृतिक वातावरणको संबन्धमा गरेका चर्चा र नेपालको रामनरवानरको अवशेषको आधारमा नै जनकलाल शर्माले उपर्युक्त अवधारणा प्रकट गरेको देखिन्छ । नेपालको प्राग् एवं प्राचीन इतिहासको क्षेत्रमा अनुसन्धानरत् निरीश नेपालले बुटवलमा पाइएको रामनरवानरलाई एशियाको सबैभन्दा जेठो र विश्वको माहिलो रहेको भन्ने आधारमा आदिमानवको पहिलो संभावित पुर्खा[98] भनी आफ्नो राय (१९८२ ई.) व्यक्त गरेका छन् । यसअघि यस्तै आशयको राय जनकलाल शर्माले (१९८० ई.)[99] प्रकट गरेका थिए; यद्यपि उनी पछि (१९८२ ई.) मौन रहेका थिए । नेपाल वा हिमालयलाई सृष्टिको मुहान मान्ने अवधारणा भारत स्वतन्त्र हुनुअघि त्यहाँका देशभक्तहरूबाट भारतको गाथालाई प्रकाशमा ल्याए जस्तै १९५१ ई. अघि नेपालमा राणा विरोधी देशभक्तहरूबाट प्रकाशमा ल्याएको आधारमा हाल नेपाल वा हिमालयलाई आदिमानवको उद्‌गमस्थल भनी अनुमान गरिएबाट नेपालसंम्बन्धी अवधारणाबारे पुनः अध्ययन गर्नु पर्ने

[95] सिंह, डा. रामप्रवेश एवं कुमार, डा. अनिल– पूर्ववत्, पृष्ठ २७–२८

[96] दि आउटलाइन्स् अफ् कोरियन् हिस्ट्री– फोरेन् लैग्वंजेज् पब्लिसिङ्ग हाउस, प्योङयाङ, कोरिया (उत्तर), १९७७ ई., पृष्ठ ५

[97] शर्मा, जनकलाल– सेवेन्टिन् मिलियन– इयर ओल्ड प्राइमेट् फोसिल्स्.. , प्राचीन नेपाल– उही, पृष्ठ ३१

[98] नेपाल, निरीश– दि रामापिथेकस्, रोलम्बा, उही, पृष्ठ १६

[99] शर्मा, जनकलाल– मानव जातिको पुर्खा, प्राचीन नेपाल- पूर्ववत्, संख्या ६१–६४

देखिएको छ ।

रामनरवानरको सम्बन्धमा भएको पछिका अध्ययन र अनुसन्धानले आदिमानवको पुर्खा, आदिमानवको उद्‌गम र उद्‌गमस्थलबारे माथिका विवादास्पद अवधारणाहरूका अतिरिक्त अरू प्रश्नचिह्न खडा हुन आएको छ। चीनका विद्वान् प्रो. उ रुकाङ्ग (Prof. Wu Ru Kang, १९८१ ई.) ले रामनरवानरको समयकालको निर्धारण अन्तिम रूपमा भैनसकेको, पारमाणविक जीव–विज्ञान (Molecular Biology) अनुसार मानवअघिको दक्षिणी नरवानर आजभन्दा करीव ६० लाख वर्षभन्दा पूर्व रामनरवानरबाट छुटिएको भनी मानिएको छैन भन्ने आधारमा समयकालको दृष्टिले रामनरवानरलाई मानवानुगण (Hominidae) रहेकोमा आशंका व्यक्त गरेका छन् । आजभन्दा करीव ४० लाख वर्षअधिको भनी अनुमान गरिएको इथियोपियाको दक्षिणी नरवानरको अवशेषलाई मानव पूर्वको भनी मानिएको छ तापनि यसको आकृति रामनरवानरभन्दा भिन्न रहेको र आधुनिक अफ्रिकी मेध्यवानर (Chimpanzee) सित मिलेको भन्ने अनुमानको आधारमा मानवको उद्‌गमको समयकाल र स्थानबारे अरू बढी विवाद देखिएको छ[100] भनेका छन् । उनको रामनरवानर र दक्षिणी नरवानरको तुलनाको सम्बन्धमा पहिलाको मुण्ड, बङ्गारा र दाँत मात्र पाइएकोले सोही आधारमा मात्र यी दुई जीवको अवशेषको आधारमा अहिले नै यसै हो भनी निर्क्योल गर्न मिल्ने जस्तो लाग्दैन । तर उनैले रामनरवानरको मूल स्रोत एशिया रहेको र यस जीवलाई मानवानुगण समूह (Family) मा समावेश गर्न सकिएको खण्डमा एशियामा नै आदिमानवको उद्‌गमस्थल रहने (In all Probability) राय पनि व्यक्त गरेकाले हालसम्मका स्थानहरूमा एशियां नै आदिमानवको उद्‌गमस्थलको रूपमा सबैभन्दा बढी संभावना भएको महादेश मान्नु पर्ने देखिएको छ । तर एशिया र अफ्रिकामध्ये कुनचाहिं आदिमानवको उद्‌गमस्थल हो भन्ने अन्तिम निर्णय अझै नभएको[101] वा भविष्यको लागि बाँकी रहेको छ[102] ।

## ७. उपसंहार

रामनरवानर (Ramapithecus) को उद्‌गम कसरी भयो भन्ने सम्बन्धमा हालसम्म निर्णय भैसकेको छैन तापनि १९८३ ई. मा उत्तरी केन्यामा प्राप्त १.७ करोड वर्षअघिको पुच्छर नभएको प्राणी जस्तो (Ape-like creature) जीवले मानव वंशावलीको सम्बन्धमा यसअघि नरवानर (Anthropoid) को चरण हुँदै मानवको विकास भएको भन्ने यसअघिको अनुमानको संबन्धमा मानव र नरवानरको साझा पुर्खा रहेको भन्ने नयाँ अनुमानले मानवको विकाससंबन्धी अध्ययन गर्न सरल हुने संभावना देखिन्छ। उक्त जीव वास्तवमा शुष्कवानर (Dryopithecus) पछि र रामनरवानर अघिको लुप्त शृङ्खला (Missing Link) जीव ठहरिएमा रामनरवानरको स्वरूपबारे निश्चित रूपमा भन्न सकिने संभावना देखिन्छ।

रामनरवानर र दक्षिणी नरवानरको बीचको सम्बन्धमा हाल प्रष्टता देखिएको छैन तर यी दुई जीवसित अन्य कुनै पनि नरवानर (Anthropoid) को निश्चित सामञ्जस्यता नरहेकोले हाललाई यी दुवै सम्बन्धित रहेको मान्नु पर्ने देखिन्छ। शुष्कवानर र रामनरवानर बीचको समयमा माथि उल्लेख गरिएको पुच्छर नभएको प्राणी जस्तो जीवको अवशेषले कडीको रूपमा काम गर्ने देखिए जस्तै पाइएको अवशेषको आधारमा रामनरवानर र दक्षिणी नरवानर बीचको ४० लाख वर्षभन्दा बढीको समयको अन्तरमा यी दुवैको आकृतिसित सम्बन्धित जीव भेटिएमा मानवको उद्‌गमबारे निकै प्रष्टता आउन सक्ने संभावना देखिन्छ । यो

---

[100] काङ्ग, प्रो. उ रु– ह्वेर दिद् ह्युमैन् काइन्ड् ओरिजिनेट्– चाइना पिक्टोरिएल्– पूर्ववत् ।

[101] पूर्ववत् ।

[102] एलेक्सीभ्, डा. वी. पी.– पूर्ववत्, पृष्ठ ७६ ।

अनुमानित जीव अफ्रिका र एशियाको माथि उल्लेख गरिएको चार मुलुकको क्षेत्रमा पाइन सक्ने संभावना देखिन्छ ।

एशियामा पाइएका रामनरवानर (Ramapithecus) का अवशेषहरूमा सबैभन्दा कान्छोबाट मानवको विकास भएको हुनसक्ने अनुमान गर्दा चीन, पाकिस्तान र भारतको भन्दा नेपालको संभावना कम रहेको देखिन्छ । तर रामनरवानरको विकासलाई जीव विकासको नियम वा गति अन्तर्गत अध्ययन गर्दा यसको बीचको अवधिको पिढीबाट मानवको विकास वा उद्‌गम भई पछिसम्म पनि एउटा पिछडिएको पिढीबाट रामनरवानरको सन्तति देखिइरहेको भनी अनुमान गर्ने हो भनें बीचको पिढीको रूपमा १.४ करोड वर्षअधिको र ८०–८५ लाख वर्षअधिको बीचको नेपालको १.१ करोड वर्षअधिको हुने देखिन्छ । रामनरवानरको मुण्ड, बङ्गारा र दाँतका अवशेष बाहेक अरू नभेटिएकोले यी सीमित अवशेषकै तुलना गरी अहिले नै यसै हो भन्न सकिदैन । हाललाई उक्त ४ वटै मुलुकका क्षेत्रहरूमा खोज र अनुसन्धान गर्नु जरूरी देखिएको छ र संभव भएसम्म ४ वटै मुलुकको संयुक्त खोज र अनुसन्धान गर्ने तर्फ पनि ध्यान दिनु जरूरी हुन्छ । तर संभावित सगरमाथा क्षेत्र अवस्थित रहेको महालंगूर हिमालयमा लंगूरको (Ehtellus Presbytis) अस्तित्व एवं सो क्षेत्रको तिब्बतको यालि (Yali) नवपाषाणकालीन मानवका हतियारहरू (Microlitheo) समेत पाइनाले र वैज्ञानिकहरूको हिमालय क्षेत्र (तत्कालीन समयमा) वातावरणीय अनकूल (वानर र नरवानर एवं मानवको लागि समेत) रहेको तथ्य–सम्मत अनुमानले सगरमाथा क्षेत्रमा विशेष ध्यान दिनु पर्ने स्थिति पनि देखिएको छ । साथै बुटवलको चुरे क्षेत्रमा रामनरवानरको शरीरका अन्य अवशेष र यस क्षेत्र र मध्य पहाडी भागमा (जहाँको) काठमाडौं उपत्यकामा दक्षिणी नरवानरका समकालीन जस्ता देखिने महागज (Stegodon Ganesh आजभन्दा करीव ३० लाख वर्षअधिको) को अवशेष पाइएका छन्, मा पनि उद्देश्यमूलक खोज र अनुसन्धान गर्न सकेमा मानवको उद्‌गमसम्बन्धी अरू थप जानकारी दिने खालका अवशेषहरू पाइन सक्ने संभावना रहेको छ । त्यसैले उक्त तीनवटै क्षेत्रमा खोज र अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

आदिमानवको उद्‌गमस्थल एउटै हो वा अनेक हुन् भन्ने सम्बन्धमा पहिलोलाई सबैभन्दा विश्वसनीय मानिएको छ । कतिपय विद्वान्‌ले भने अनेक ठाउँमा एउटै जीवबाट उद्‌गम भएको अवधारणा (Monogoneris) अझ मानेको पनि पाइएको छ । दक्षिणी नरवानर (Australopithecus) को अवशेष अफ्रिकामा मात्र पाइएको आधारमा यसको रामनरवानर (Ramapithecus) र मानवसित प्रत्यक्ष सम्बन्ध रहेको देखिएमा अफ्रिकालाई आदिमानवको उद्‌गमस्थल भनी मान्नु पर्ने हुन्छ । तर रामनरवानरका १.४ करोड वर्षअधिदेखि ८०–८५ लाख वर्षअधिसम्मका अवशेषहरूमध्ये पछिल्ला पिढीबाट मानवको उद्‌गम भएको ठहरिएमा एशिया नै आदिमानवको उद्‌गमस्थल हुनसक्ने संभावना देखिन्छ । मानव, दक्षिणी नरवानर र रामनरवानर मात्र होइन, सोभन्दा अधिका नरवानर (Anthropoid) सम्मको विकासबारे थप एवं विस्तृत तथ्यहरू प्रकाशमा आएसम्म यसै हो भनी हाललाई भन्न सकिने देखिदैन । तर वानरबाट मानवको विकास भएको संबन्धमा भने कुनै आशंका रहेको छैन ।

नेपाललाई आयातीत सभ्यताको मुलुक भनी नेपालमा प्राङ्मानवको विकासलाई बेवास्ता गरिएको अवस्थामा नेपिथेकस् (Nepithecus) को अवशेषको प्राप्ति र अध्ययनले एउटा नयाँ वैज्ञानिक चिन्तनको प्रारम्भ भई नेपाली इतिहासजगत् एवं बौद्धिकजगत्‌लाई आदर्शवादी दृष्टिकोणको प्रभावबाट मुक्त भई वैज्ञानिक चिन्तन अवलम्बन गर्न सहयोग मिलेको छ । साथै बूढा ब्रह्माको महान् सृष्टिको परिकल्पनालाई आदिमानवको उद्‌गमसित जोडेर अध्ययन एवं विश्वास गरी आएको पूर्व संस्कारलाई ब्रह्माजीभन्दा १ करोड वर्षभन्दा अधिको यस अवशेषले तोड्न पनि सहयोग मिलेको छ ।

**तालिका नं. १**

कालक्रम तालिका (Chronological Table) अर्थात् भौगर्भिक समय सारिणी (Geological Time Scale)

| नाम कल्प | उपकल्प नाम | खण्ड नाम | युग नाम | युगारम्भ वर्ष पूर्व | जैविक युग |
|---|---|---|---|---|---|
| अजीव कल्प (Azoic Age) | | | पूर्व–क्याम्ब्रियन | ४ अरब ५० करोड | |
| जीव कल्प (Zoic Age) | पुराजीव (Palaeozoic) | प्रथम खण्ड (Primary) | क्याम्ब्रियन युग (Cambrian) | ५७ करोड | अपृष्ठवंशीय युग (Age of Invertebrates) तथा पृष्ठवंशीय युग (Age of vertebrates) |
| | | | अवर प्रवाल युग (Ordovician) | ५० करोड | |
| | | | प्रवाल युग (Sillurian) | ४४ करोड | |
| | | | मत्स्य युग (Devonian) | ३९.५ करोड | |
| | | | कोइला युग (Carboniferrous) | ३० करोड | |
| | | | पहाड–पर्वत युग (Permian) | २८ करोड | |
| | मध्यजीव (Mesozoic) | द्वितीय खण्ड (Secondary) | रक्ताश्म युग (Triassic) | २२.५ करोड | सरीसृप युग (Age of Reptiles) |
| | | | सरीसृप युग (Jurassic) | १९ करोड | |
| | | | खरी माटो र खरी ढुंगाको युग (Cretaceous) | १३.५ करोड | |
| | नवजीव (Cenozoic) | तृतीय खण्ड (Tertiary) | उषाश्म युग (Eocene) | ७ करोड | अर्द्ध–वानर आदिवानर |
| | | | आदिनूतनाश्म युग (Oligocene) | ४.५ करोड | वानर |
| | | | मध्यनूतनाश्म युग (Miocene) | ३. ५ करोड | नरवानर |
| | | | अतिनूतनाश्म युग (Pliocene) | १.४ करोड | रामनरवानर (Ramapithecus) |
| | | चतुर्थ खण्ड (Quaternary) | प्रातिनूतनाश्म युग (Pleistocene) | .५–.४ करोड | मानव युग |
| | | | नवाश्म वा आधुनिक युग (Hollocene or Recent) | १० हजार | आधुनिक मानवको युग |

## तालिका नं. २

प्रातिनूतनाश्म एवं पाषणकाल विभाजन तथा हिम युगको मोटामोटी समय – कालक्रम तालिका

| नवजीव (Cenozoic) | | | |
|---|---|---|---|
| तृतीय खण्ड (Tertiary) | चतुर्थ खण्ड (Quaternary) | | नवाश्म (Hollocene) |
| | प्रातिनूतनाश्म (Pleistocene) | | |
| | मध्य प्रातिनूतनाश्म (Middle Pleistocene) | पछिल्ला प्रातिनूतनाश्म (Upper Pleistocene) | |
| | हिम युग (Age of Glaciation) | | |

| | | प्रथम हिमानी | प्रथम अन्तर हिमानी | द्वितीय हिमानी | द्वितीय अन्तर हिमानी | तृतीय हिमानी | तृतीय अन्तर हिमानी | चतुर्थ हिमानी | आधुनिक (Recent) |
|---|---|---|---|---|---|---|---|---|---|
| उषाश्म (Eocene) आदिनूतनाश्म (Oligocene) मध्यनूतनाश्म (Miocene) अतिनूतनाश्म (Pliocene) | निम्न प्रातिनूतनाश्म (Lower Pleistocene) | गुन्ज (Gunz) | गुन्ज–मिन्डेल (Gunz–Mindel) | मिन्डेल Mindel | मिन्डेल–रिस (Mindel–Riss) | रिस (Riss) | रिस–वुर्म (Riss–Wurm) | वुर्म (wurm) | हिमानी उत्तर (Post Glacial) |
| | | १।२ | | १।२ | | १।२।३ | | १।२।३।४ | |
| | | १० लाख | ६ लाख | ५ लाख | २.५ लाख | २ लाख | १.५ लाख | .८ लाख | हिम युग प्रारम्भ वर्ष इ.पु. |

| पाषाण युग (Lithic Age) | | | | | | |
|---|---|---|---|---|---|---|
| पुरापाषाण युग (Paliolithic) | | | मध्यपाषाण युग (Mesolithic) | नवपाषाण युग (Neolithic) | धातु युग (Metal Age) | आर्य उत्तर युग (Age After Aryans) |
| निम्न पुरापाषाण युग (Lower Paleolithic) | मध्य पुरापाषाण युग (Middle Paleolithic) | पहिलो पुरापाषाण युग (Upper Paleolithic) | | | | |
| उषः पाषाण (Eolithic) | मुस्तेर (Mousterian) | सोलुत्रे (Solutrean) | | | | |
| पूर्व–चेलियन (Pre–Chellean) | चुरे –कोटटाँडी (Chure–Kottanri) | महाभारत (Mahabharat) | | | | |
| चुरे–बर्दिया (Chure–Bardiya) | | अजिल (Azilian) | | | | |
| चेलियन (Chellean) | | बूढानीलकण्ठ (Budhanilkantha) | | | | |
| अश्योल (Acheullian) | | | | | | |

## सन्दर्भ ग्रन्थ सूची


१. चेमजोङ, इमानसिंह– **किरात मुन्धुम** (किरातको वेद), राजेन्द्रराम, भारत, १९६१ ।

२. प्रश्रित, मोदनाथ– **जीवाणुदेखि मानवसम्म**, लिसन प्रकाशन, काठमाडौं, १९८३ ।

३. प्रधान, केदारनाथ– **नेपाली इतिहास लेखनबारे**, प्रधान प्रकाशन, बनेपा, १९८५ ।

४. -----**नेपालको प्रागैतिहासिक रूपरेखा** (अप्रकाशित) का अंशहरू ।
नेपालको प्रागैतिहासिक अध्ययन, वर्तमान नेपाल, वर्ष ३ अंक ३, १९८७ ।
नेपालको प्राग् इतिहासका श्रोतहरू, वर्तमान नेपाल वर्ष ३ अङ्क ४, १९८७ ।

५. प्रपन्नाचार्य, डा. स्वामी– **बेदमा के छ ?** (अग्निमीले), प्रशान्त प्रकाशन, वारायसी, १९८६ ।

५. बस्नेत, भीम भक्तमान सि– **नेपालको ऐतिहासिक झलक**, १९५६ ।

७. लामा, सन्तवीर– **तम्बाकइतेन् (हाई रिमठिम)**, रत्न पुस्तक भण्डार, काठमाडौं, १९८३ ।

८. शर्मा, जनकलाल– **हाम्रो समाज एक अध्ययन**, साझा प्रकाशन, काठमाडौं, १९८२ ।

९. -----नेपालमा मानव जातिको पुर्खा, **प्राचीन नेपाल**, संख्या ६१–६४, १९८१ ।

१०. -----नेपाल: मानव विकासको दृष्टिमा, **गरिमा**, वर्ष १ अङ्क ५, १९८१ ।

११. सिंह, डा. मदनमोहन सिंह- **पुरातत्वको रूपरेखा**, जानकी प्रकाशन, पटना, १९८१ ।

१२. सिंह, डा. रामप्रवेश एवं कुमार डा. अनिल– **मानव उद्भव तथा प्रजातीय अध्ययन**, हिन्दी ग्रन्थ अकादमी, पटना, १९७६ ।

13. Alexeev, Dr. V. P.– *The Origin of Human Race*, Progress Publishers, Moscow, 1986.

14. *A Photographic Record of Mount Julmo Lungma Scientific Expedition*, Science Press, Paking, 1974.

15. Bhatta, D. D.– *Natural History and Economic Botany of Nepal*, Orient Longman Ltd., New Delhi, 1977.

16. Cornivus, Gudrun– Report of the Work Done in the Project of Quaternary and Prehistoric Studies in Nepal, *Ancient Nepal*, No. 86–88.

17. Engels, Frederic– *Dialectics of Nature*, Progress Publishers, Moscow, 1974.

18. Kang, Prof. Wu Ru– Where did Human-kind Originate, *China Pictorical*, Peking, July 1981.

19. Lanpo, Jia– *Early Man in China*, Foreign Languages Press, Peking, 1980.

20. Nesturkh, M–*The Origin of Man*, Progress, Publishers, Moscow, 1967.

21. Nepal, Nirish– The Ramapithecus, *Rolamba*, Joshi Research Institute, Lalitpur, Vol. 2, No. 1, 1981.

22. Sharma, C. K.– *Geology of Nepal*, Educational Enterprises, Kathmandu, 1977.

23. Sharma, Janak Lal– 17 Million- year–old Primate Fossils Could Be Link Between Man and Ape, *Ancient Nepal*, Vol. 79, 1984.

24. *The Outlines of Korean History*– Foreign Languages Publishing House, Pyongyang, 1977.

**पत्र-पत्रिका**

१. **गोरखापत्र**– २०३७ चैत्र १४ शुक्रवार

2. *The Rising Nepal*-- 1980 March 27, Friday.

3. *Beizing Review*-- China, Vol. 26, No. 44, 1983.

# तान्त्रिक आधारमा नवदुर्गा नाचको शुरूवात

–पुरुषोत्तमलोचन श्रेष्ठ

सामान्यतया नेपालको इतिहासलाई ४ भागमा विभाजन गर्न सकिन्छ- (क) लिच्छविकाल (४००-७५० ई. सं.), (ख) प्रारम्भिक ठकुरी र मल्लकाल (७५०–१४८० ई. सं.), (ग) तीन मल्ल राज्यहरू (१४८०–१७६८ ई. सं.), र (घ) गोरखा राजवंश (ई. सं. १७६८ पछि)[1]

## लिच्छविकालमा नेपालको राजधानी

विविध समयमा विविध स्थानहरूमा नेपालको राजधानी रहेका उल्लेखहरू पाइन्छन् । भनिन्छ, प्राचीन किरातकालमा नेपालको राजधानी गोकर्णमा थियो ।[2] लिच्छविकालमा नेपालको राजधानी कहाँ थियो भन्ने कुरा प्रमाणिक रूपमा अझसम्म पनि निश्चित गर्न सकिएको छैन । यद्यपि लिच्छविकालमा नेपालको सिमाना विस्तृत थियो भन्ने कुरा मानदेवको चांगुको शिलालेखबाट स्पष्ट हुन्छ ।[3] उक्त शिलालेखमा पूर्व पश्चिमका सामन्त राजाहरूलाई कज्याएको वर्णनबाट पूर्वमा कोशी प्रश्रवण क्षेत्र र पश्चिमतिर गण्डकी प्रश्रवण क्षेत्र नेपाल राज्य अन्तर्गत पर्दछ भन्ने देखिन्छ । त्यस्तै कुमाउदेखि पूर्वपट्टि र आसामदेखि पश्चिमपट्टिको भाग नेपाल हो भन्ने कुराको उल्लेख समुद्रगुप्तको प्रयागको स्तम्भलेखको आधारमा गर्न सकिन्छ ।[4]

लिच्छविकालमा काठमाडौं, पाटन, भक्तपुरका अतिरिक्त यस वरपरका इलाकाहरू पनि शहरहरूको रूपमा विकसित भएको देखिन्छ । भक्तपुर सूर्य विनायकको दक्षिणतिर अवस्थित अनन्तलिंगेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखमा "हंसगृहद्रङ्ग" उल्लेख गरिनुबाट तत्कालीन समयमा यो क्षेत्र त्यस नामको वस्तो वा शहरको रूपमा विकसित भएको देखिन्छ ।[5] त्यस्तै गोलमढी टोलको शिवदेव अंशुवर्माको अभिलेखमा "माखोपृम्सतलद्रङ्ग-निवासिन" भन्ने उल्लेखबाट तत्कालीन समयमा भक्तपुर

---

१. लुसियानो पेटेक– "मेडियभल हिस्ट्री अफ् नेपाल", रोमा, १९५८, पृ. १ ।

२. सूर्यविक्रम ज्ञवाली– "नेपाल उपत्यकाको मध्यकालीन इतिहास", रायल नेपाल एकेडमी, काठमाडौं, २०१९ पृ. १६ ।

३. धनबज्र बज्राचार्य– "लिच्छविकालका अभिलेख", नेपाल र एशियाली अनुसन्धान, त्रि. वि., काठमाडौं, २०३०, पृ. २८ ।

४. पूर्ववत् , पृ. २८ ।

५. धनबज्र बज्राचार्य– "लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या, **पूर्णिमा,** १० पूर्णाङ्क, संशोधन मण्डल, काठमाडौं, २०२३, पृ. १६ ।

(माखोपृ) द्रङ्गको रूपमा विकसित भएको देखिन्छ ।[6] ('द्रङ्ग' भन्नाले बढी वा शहर विशेषलाई बुझाउँछ र "तल" भन्नाले निश्चित आवाद गरी बनाइएका जग्गा भन्ने अर्थ लाग्छ) ।[7]

खासगरी, लिच्छविकालीन समयमा होस् अथवा मल्लकालमा, राजदरवार रहेको इलाका स्वभावतः राजधानीको रूपमा रहेको पाइन्छ । साथै राजदरवार राजधानीको केन्द्रस्थलको रूपमा रहेको देखिन्छ । लिच्छविकालमा पनि "मानगृह" र "कैलाशकूट भवन"को चर्चा छ । मानदेवको समयदेखि भीमार्जुनदेवको समयसम्म मानगृह राजदरवारको रूपमा रहेको थियो[8] एवं सनदपत्रहरू त्यहींबाट जारी गरिन्थ्यो । तर मानगृह कुन स्थानमा अवस्थित थियो भन्ने कुरा निश्चित रूपमा थाहा हुनसकेको छैन । त्यस्तै महासामन्त अंशुवर्माले (शासक भएपछि) लिच्छवि राजाहरूको दरवार मानगृह-बाट शासन संचालन गर्न उचित नठानेकोले कैलाशकूट भवनबाट सनदपत्रहरू जारी गर्न थाले । तर लिच्छवि-कालको इतिहासमा प्रमुख स्थान रहेको तथा सुन्दर, भव्य एवं वास्तुकलाको अद्भुत नमूनाको रूपमा प्रशंसनीय रहेको यो दरवार पनि कहाँ थियो भन्ने निश्चित हुन सकेको छैन । इतिहासकार धनवज्र वज्राचार्यले हाँडीगाउँमा पाइएका ईंटहरूमा अंशुवर्माको उल्लेख भएबाट यो भवन त्यहाँ थियो भन्ने अनुमान गर्नु भएको छ ।[9] इतिहासकार स्व. सूर्यविक्रम ज्ञवालीले यो प्रसिद्ध दरवार देवपाटनको मध्यलखु नामक स्थानमा थियो भन्ने उल्लेख गर्नु भएको छ ।[10]

माथि उल्लेखित प्रारम्भिक ठकुरी र मल्लकाल भन्नाले मध्यकालको शुरूमा "देव" लेख्ने राजाहरू र स्पष्ट रूपमा मल्ल भनी लेख्ने अरिमल्लदेखि यक्षमल्ल-सम्मको अवधिलाई लिन सकिन्छ । नेपाल संवत्को शुरूवातदेखि नै मध्यकालको शुरूवात मानिएको यस कालको शुरुतिर राघवदेव, शंकरदेव, गुणकामदेव आदि राजा भएका थिए । तान्त्रिक रूपमा काठमाडौं, पाटन र भक्तपुरको अविस्थितिलाई दृष्टिगत गर्दा (साथै नेवारहरूको बस्ती भएका अन्य इलाकाहरू) नवदुर्गामा सम्मिलित देवीहरू अर्थात् अष्टमातृकागणद्वारा यी शहरहरू विविध आकारहरूमा घेरिएका छन् । यसबाट प्रारम्भिक मल्लकालतिर शहर बसाउँदा वा राजधानीको रूपमा प्रतिष्ठा गर्दा सैन्य वा जनसहयोगको अतिरिक्त देवीदेवताहरू पनि प्रतिष्ठा गरी तान्त्रिक आधारलाई पनि (देश रक्षाको निमित्त) अपनाएको पाइन्छ । यिनै कुराहरूको उल्लेख वंशावलीहरूमा पनि पाइन्छ । शाक्त मतको विशेष प्रभाव एवं प्रचलन मध्यकालमा रहे जस्तै लिच्छविकालमा वैदिक मतको प्राधान्यता रहेको थियो । अतः मध्यकालमा त्यसवेला शहर बसाउँदा वा राजधानी प्रतिष्ठा गर्दा कुन आधार अपनाइन्थ्यो भन्ने कुराको उल्लेख गर्न नसकिए तापनि सम्भवतः देश रक्षाको निमित्त त्यसबेला पनि शैव एवं वैष्णव मतका देवीदेवताहरू प्रतिष्ठित गरिएको हुनु पर्छ ।

## गुणकामदेवद्वारा राजधानीको प्रतिष्ठा

राइटको वंशावलीमा उल्लेख भए अनुसार[11] कलिगत संवत् ८२४ मा राजा गुणकामदेव (प्रथम) लाई देवी महालक्ष्मीले सपनामा दर्शन दिई बागमती तथा विष्णुमतीको दोभानमा नयाँ शहर बसाउने आज्ञा दिइन् जहाँ पहिले नै मुनिको बसोबास हुनुको साथै उक्त इलाकामा कान्तेश्वर देवताको प्रतीक थियो । उही राजा

६. पूर्ववत् पृ. १४ ।
७. पूर्ववत् पृ. ११–१३ ।
८. धनवज्र वज्राचार्य, पाद टिप्पणी नं. ३, पृ. ९१–९३–९४ ।
९. पूर्ववत्, पृ. २९३–२९४ ।
१०. सूर्यविक्रम ज्ञवाली, पाद टिप्पणी नं. २, पृ. १६ ।
११. डेनियल राइट– "हिष्ट्री अफ् नेपाल" नेपाल एन्टिक्विटेड् बूक पब्लिशर्स, काठमाडौं, १९७२, पृ. १५३–१५४ ।

गुणकामदेवले देवीको खड्गको प्रतीक स्वरूप खड्गाकारमा १८,००० घरहरूको एउटा शहर बसाई कान्तिपुर नाम दिए। यसको साथै यस शहरको अर्को प्रसिद्ध नाम काठमाडौं रहेको छ जुन काष्ठमण्डपबाट काठमाडौं रहन गएको उल्लेख पाइन्छ।[12] (लक्ष्मीनरसिंह मल्लको समयमा काष्ठमण्डप सत्तलको निर्माण भएकोले यिनको समयदेखि कान्तिपुरको अर्को नाम काठमाडौं पनि रहन गएको उल्लेख पाइन्छ) वंशावलीको आधारमा गुणकामदेवले कान्तिपुर शहर निर्माण गरिसकेपछि राजधानी पनि यहीं सारे र यसभन्दा अघि पाटन राजधानीको रूपमा थियो।[13] यसपछि राजधानीको सुरक्षार्थ नगर बाहिर एउटा नवदुर्गा र नगरभित्र अर्को नवदुर्गा स्थापना गरी ती देवीदेवताहरूको प्रतिष्ठाको आधारमा विभिन्न जात्राहरू पनि चलाए।

मल्लकालको शुरूतिर संयुक्त शासनको परिणाम स्वरूप राजनैतिक अस्थिरता देखिए तापनि नेपाल राज्य टुक्रिएको थिएन। तत्कालीन समयमा नेपाल मण्डल विस्तृत थियो एवं प्रशासकीय सुविधाको निमित्त नेपाल मण्डलभित्र "विषय" (जिल्ला) हरू कायम थिए।[14] तर केन्द्रमा आएको कमजोरीले गर्दा टाढाका इलाकाहरूमा नियन्त्रण राख्न सकेनन्। परिणामस्वरूप पश्चिम कर्णाली प्रदेशमा खस राजा नागराजले नयाँ राज्य स्थापना गरी राजधानी सिंजा बनाए भने डोय राजा नान्यदेवले दक्षिणमा सिमरौनगढलाई राजधानी बनाई आफ्नो राज्य स्थापना गरे।[15] अतः भाषा वंशावली अनुसार नान्यदेवले नेपाल प्रवेश गरी यहाँका राजाहरूलाई धपाई राजधानी शहर भक्तपुर गरी तीनै शहरमा राजा भए भनी गरिएको उल्लेख प्रामाणिक छैन। किनकि नान्यदेवले सिमरौनगढमाथि अधिकार गरेको वेला (ई. सं. १०९७, ने. सं. २१६) तत्कालीन समयमा नेपालमा हर्षदेव राजा थिए।[16]

## "त्रिपुर सहितको राजधानी" भक्तपुर

हालसम्म प्राप्त वंशावलीहरूमा वढी प्रामाणिक र पुरानो वंशावली "गोपालराजवंशावली"लाई मानिन्छ। यसपछिका वंशावलीहरू यसै ग्रन्थलाई मुख्य आधार मानी लेखिका थिए।[17] अतः यस वंशावलीमा उल्लेख भए अनुसार नरेन्द्रदेव पछि ने. सं. २६७ मा आनन्ददेव नेपालका राजा भए।[18] यिनकै समयदेखि नेपालको राजधानी भक्तपुर रहेको कुराको पुष्टि यसै वंशावलीमा निम्न रूपमा उल्लेख भएबाट गर्न सकिन्छ– "राजा श्री आनन्ददेव वर्ष २० तेन भक्तापुरे... त्रिपुर सहित राजधानी प्रतिष्ठिता ॥" अन्य तत्कालीन ऐतिहासिक प्रमाणहरूबाट पनि यसवेलादेखि नेपाल उपत्यका विभाजित हुनु अघिसम्म राजधानीको रूपमा भक्तपुर नै रहँदै आएको पुष्टि गर्न सकिन्छ। यस अतिरिक्त यक्षमल्लको समयसम्म र उनको मृत्युपछि पनि केही समयसम्म (रत्नमल्लले काठमाडौंमा अधिकार जमाउनु अघिसम्म) काठमाडौं र पाटनमा महापात्रहरूको शासन चल्दै आउनु[19] र ती महापात्रहरूले केन्द्रीय शासन (त्रिपुर राजधानी भक्तपुर) कै आदेशहरूलाई मान्दै आउनुबाट पनि

१२. बालचन्द्र शर्मा– "नेपालको ऐतिहासिक रूपरेखा", कृष्ण कुमारी देवी, वाराणसी, २०३७, पृ. २१–२२।
१३. डेनियल राइट, पाद टिप्पणी नं. ११, पृ. १५४।
१४. धनबज्र बज्राचार्य र टेकबहादु श्रेष्ठ– "नुवाकोटको ऐतिहासिक रूपरेखा" नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., काठमाडौं, २०३२, पृ. १९।
१५. पूर्ववत्, पृ. २२।
१६. सूर्यविक्रम ज्ञवाली, पाद टिप्पणी नं. २, पृ. ३३।
१७. धनबज्र बज्राचार्य– "लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, **पूर्णिमा**, १७ पूर्णाङ्क, संशोधन मण्डल, काठमाडौं २०२५, पृ. २।
१८. गोपालराजवंशावली २५ पत्र।
१९. विस्तृत जानकारीको निमित्त हेर्नुहोस्– धनबज्र बज्राचार्य र साथीहरू– 'इतिहास संशोधनको प्रमाण प्रमेय (पहिलो भाग), जगदम्बा प्रकाशन, ललितपुर, २०१९, पृ. २–५, र १३३, १३४।



**भक्तपुरको नक्सा**

प्रस्तुत चित्र इपाछें टोलका निवासी विनोदराज शर्माको घरमा रहेको छ। प्रस्तुत चित्र मधुकुमार राजोपाध्यायद्वारा चित्रित गरिएको छ, जसमा भक्तपुरको तान्त्रिक अवस्थितिलाई प्रष्ट पार्दछ ।

भक्तपुर राजधानीको रूपमा रहँदै आएको कुरा स्पष्ट देखिन्छ ।

**आनन्ददेवद्वारा अष्टमातृका गणको स्थापना**

देवमाला वंशावलीको आधारमा[२०] राजा आनन्ददेवले भक्तपुर नगरको निर्माण गरिसकेपछि "देश रक्षाका लागि" देश बाहिर फेरामा अष्टमातृकाका पीठहरू एवं देशभित्रका टोलहरूमा देवालय घर बनाई स्थापना गरिदिए । साथै अष्टमातृकाका पीठहरू एवं देवालयघर-हरू अवस्थित रहेका स्थानहरूको उल्लेख पनि यस वंशावलीमा गरिएको छ जसमध्ये "विष्णुवी"(भद्रकाली) पीठको देवालयघर "तिवकछें" उल्लेख भएको छ । तर पीठको देवालयघर उक्त टोलमा नभइकन इच्छुटोलमा रहेको छ जहाँ नवदुर्गा नाचको अन्तिम "ङालाकेगु" (माछा पक्रने) एवं अन्य विधि गरिन्छ । भद्रकालीलाई भक्तपुरको स्थानीय नेवारी भाषामा "नंकिजु द्यो" पनि भन्ने हुनाले (साथै भैरव भद्रकालीको रथ जुधाउँदा भैरवको रथलाई "भैल ख:" र भद्रकालीको रथलाई "नंकिजु ख:" भनिन्छ । सानो रूप बुझाउनु पर्दा नेवारी भाषामा "चा" पनि प्रयोग गरिन्छ । अत: भैरवको भन्दा भद्रकालीको रथ सानो हुने भएकोले अझ छुद्रवाचक शब्दमा भद्रकालीको रथलाई "नंकिजु खचा" पनि भनिन्छ । ) यस स्थानलाई "नंकिजु लिवि" पनि भनिन्छ ।

यस वंशावलीमा महालक्ष्मीको देवालयघर र पीठ रहेको ठाउँको उल्लेख नभए तापनि प्रत्येक वर्ष वैशाख १ गते यस देवीको खत बनाई जात्रा गर्ने चलन आनन्ददेवले गरेको उल्लेख छ । (भोलाछें टोलबाट पूर्वमा मुलाढोका जाने ठाउँनिर यसको पीठ र थालाछें जाने ठाउँनिर देवालयघर रहेको छ । ) अष्टमातृका गणका अन्य पीठ र देवालयघरहरू निम्न स्थानहरूमा रहेका छन् जसको उल्लेख देवमाला वंशावलीमा ठीक-सित गरिएको पाइन्छ[२१] ।

ब्रह्मायणी:– देश पूर्वमा पीठ (शहरबाट करीव ५ कि. मी. पूर्व जङ्गलको खोंचमा ब्रह्मायणीको पीठ रहेको छ । यस इलाकालाई स्थानीय जनता "नवदुर्गा ज्व" पनि भन्दछन् । किंवदन्ती अनुसार अष्टमातृका देवीहरू प्रकट भै यहाँ नाच्ने गर्दथे । शहरबाट यो पीठ टाढा भएकोले सम्भवत: सूर्यमढी टोलबाट केही पर पूर्वमा यो पीठ सारिएको हुनुपर्छ ।) यो पीठ रहेको ठाउँलाई ब्रह्मायणी स्थान भनिन्छ । तोलाछें टोलमा देवालयघरमा मूर्ति ।

महेश्वरी:– हनुमानघाटदेखि पारी चौरमा पीठ, इनाचो टोलमा देवालयघरमा मूर्ति ।

कौमारी:– भौढोकामा पीठ (भगवती क्वाछें मन्दिर हुँदै पोडेटोल जाने बाटोमा) क्वाछें टोलमा देवालयघरमा मूर्ति ।

वैष्णवी:– (यसको उल्लेख माथि भइसकेको छ ।)

वाराही:– मंगल तीर्थपारिमा पीठ, तेखाचो टोलमा देवालयघरमा मूर्ति ।

इन्द्रायणी:– खौमा ढोका बाहिर पीठ (खौमा टोलबाट उत्तरमा) खौमा टोलमा देवालयघरमा मूर्ति ।

---

२०. यस वंशावलीमा कलिगत संवत् ४१९७ मा शहर बनाएको उल्लेख छ । (देवमाला वंशावली श्री पीरमहन्त क्षिप्रानाथ, योगिराज, मृगस्थली, २०१३, पृ. १०४) तर गोपालराजवंशावलीमा (२४ पत्र) आनन्ददेव ने. सं. २६७ मा राजा भएको मितिको उल्लेखको आधारमा देवमाला वंशावलीमा उल्लेखित मिति मिल्दैन । कलिगत संवत् र विक्रम संवत् बीच ३०४५ को अन्तर रहेको छ । अत: कलिगत संवत् ४१९७ मा ३०४५ घटाउँदा ११५२ वि. सं. हुन्छ । त्यति वि. सं. र ने. सं. बीच ९३७ को अन्तर रहेको छ । अत: ११५२ वि. सं. मा ९३७ घटाउँदा २१५ ने. सं. हुन्छ । यसरी देवमाला वंशावलीमा राजा आनन्ददेवले शहर बसाउँदाको मिति र गोपालराजवंशावलीमा आनन्ददेव राजा भएको मिति बीच ५२ वर्षको अन्तर देखा पर्दछ ।

२१. पूर्ववत्, पृ. १०४ ।

महाकाली:– महाकाली थुम्कोमा पीठ (व्यासी टोलबाट पूर्वमा) भोलाछें टोलमा देवालयघरमा मूर्ति ।

महालक्ष्मी:–(यसको उल्लेख माथि भइसकेकोछ।)

यस प्रकार नवदुर्गा नाचको शुरूवात हुनु अघि नै यसका पूर्व रूपका देवी देवताहरूको नाच र जात्राहरू आनन्ददेवको समयतिर वा सम्भवतः यसभन्दा पनि अघिबाट शुरू भएको हुनुपर्छ । राजा आनन्ददेवले त्रिपुर राजधानी प्रतिष्ठाको साथै समस्त नेपाल मण्डलको रक्षा गरेको, जनताका दुःख बाधा हटाई हित हुने कार्य गरेको र त्रिपुर सप्तगण्ठकूट आदि प्रतिष्ठा गरेको गोपाल-राजवंशावलीको उल्लेखबाट उनी एक योग्य शासकको रूपमा देखा पर्दछ ।

अष्टमातृकाका पीठहरू मूर्तिका रूपमा नभइकन पाषाण रूपमा हुन्छन् र यिनीहरूको मूर्ति रूप देवालय घर (नेवारी भाषामा "द्यो छें" भनिन्छ) मा मात्र हुन्छ । नयाँ पीठ वा देवालयघर रहेका स्थान पनि सम्बन्धित देवीकै नाउँबाट रहँदै आएको पाइन्छ– जस्तो इन्द्रायणी स्थान, महाकाली स्थान आदि । त्यस्तै प्रत्येक अष्टमातृकागणका आ–आफ्ना ध्यान रूप मुद्रा आदि अनुरूपका मूर्तिहरू हुन्छन् । तर भक्तपुर तैखाचो टोलमा रहेको वाराही द्योः छेंमा रहेको वाराहीको मुखाकृतिको विचित्रता वा विशेषता के रहेको छ भने वाराही भन्ने वित्तिकै बँदेलको जस्तो मुखाकृति हुनु पर्नेमा त्यसो नभई देवीको मुखाकृतिको रूपमा यो रहेको छ । यद्यपि: यसो हुनुको अर्थ के रहेछ ? त्यो स्पष्ट हुन नसके तापनि यस वाराहीलाई "याक्ती अजिमा" पनि भन्ने चलन स्थानीय जनतामा रहेको पाइन्छ । साथै भक्तपुरको अष्टमातृकागणमा वाराहीलाई मात्र अजिमा भनेको पाइन्छ । जबकि काठमाडौंमा स्थापना भएका अष्टमातृकागण विभिन्न "अजिमा" का नामले पनि प्रसिद्ध रहेको देखिन्छ, जस्तो ब्रह्मायणीलाई "पासिको अजिमा", महेश्वरीलाई "लुमडी अजिमा" कौमारीलाई "फिवो अजिमा", वैष्णवीलाई "पचली अजिमा", वाराहीलाई "कंकेश्वरी अजिमा", इन्द्रायणीलाई "लुती अजिमा", महाकाली (चामुन्दा) लाई "म्हैपी अजिमा" र महाकालीलाई "श्री अजिमा" पनि भन्दछन् ।[22]

प्रत्येक वर्षको विस्केटको समयमा भक्तपुरका अष्टमातृकागणका मूर्तिहरू देवालयघरबाट बाहिर पाटीमा ल्याएर राखिन्छ, जहाँ सर्वसाधारण जनताले "द्योः सगें वि वानेगु" भनेर पूजाआजा गर्ने परम्परा रहँदै आएको छ ।

अष्टमातृकाद्वारा जसरी काठमाडौं खड्गाकार आकृतिमा घेरिएको छ, त्यसरी नै भक्तपुर यन्त्राकार आकृतिमा घेरिएको छ (शङ्खाकार आकृतिमा पनि रहेको मानिन्छ) तथा नगरको मध्यभागमा अष्टमातृकागणको नेतृत्वको रूपमा त्रिपुर सुन्दरी स्थापित छ ।[23] अष्टमातृकागणमा त्रिपुर सुन्दरी पनि सम्मिलित गर्दा यसको स्वरूप "नवदुर्गा" हुन जान्छ । माथि उल्लेखित उपशीर्षकको चित्रमा[24] यन्त्राकार आकृतिमा अष्टमातृकागण एव अन्य देवी देवताहरूद्वारा जुन रूपमा भक्तपुर तान्त्रिक आधारमा अवस्थित रहेको छ, त्यो स्पष्ट रूपमा यसमा चित्रित गरिएको छ, जुन यस प्रकार छः–

१) चारैतिर खोलापारि आठवटा मसानहरू रहेका छन् (अष्टमातृकागणका पीठहरू जहाँ रहन्छ, त्यहाँ खोलापारि मसानघाट रहेको पाइन्छ) हाल यी आठ ठाउँका मसानहरू आठै ठाउँमा प्रचलित नभई लोप भइसकेको देखिन्छ । हाल प्रचलित देखिएका मसानघाटहरूमा हनुमान् घाटमा एक, चुपिंघाटमा २ वटा र ब्रह्मायणीमा एउटा रहेको देखिन्छ । जहाँ पायो त्यहीं लाश जलाउँदैमा मसानघाट हुँदैन र मसान बनाउन पनि तान्त्रिक

---

२२. रथी धनशम्शेर ज. व. रा.– 'काम कला रहस्य', नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., काठमाडौं, २०३६, पृ. ९८–१०२ ।

२३. लीलाभक्त मुनंकर्मी– 'मल्लकालीन नेपाल', रत्न पुस्तक भण्डार, काठमाडौं, २०२५, पृ. २ ।

२४. स्व. मधुकुमार राजोपाध्यायद्वारा बनाइएको यो "भक्तपुरको नक्सा" चित्र इपाछें टोलका श्री रत्नराज शर्माको घरमा रहेको छ ।

विधि अनुसार मसान भैरव स्थापना गरी बनाइएको हुनु पर्छ भन्ने तान्त्रिक विश्वास र धारणा रहेको पाइन्छ ।

२) उत्तर–दक्षिण–पूर्व–पश्चिम चारैतिर खोलाले नगरको सिमाना छुट्याएको वा नगर घेरिएको छ ।

३) यसपछि नगरलाई (बायाँ तर्फको माथिल्लो पंक्तिबाट) क्रमशः ब्रह्मायणी, महेश्वरी, कौमारी, वैष्णवी (भद्रकाली), वाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी– यी अष्टमातृका गणले घेरिएको छ ।

४) यसपछि चार नगरलाई अष्टमातृकाका शक्ति भैरवहरूले (पति भैरवहरू) घेरिएको छ । क्रमशः ती भैरवहरू असिताङ्ग भैरव, रूरू भैरव, चण्ड भैरव, क्रोध भैरव, उन्मत्त भैरव, कपाली भैरव, भीषण भैरव र संहार भैरव हुन् । यी अष्ट भैरवकै साथका घेराहरूमा अष्ट सिद्धिहरू अर्थात् भैरवानुचरहरूले पनि नगरलाई घेरेको छ ।

५) यसपछि भक्तपुरलाई अर्को घेरामा अष्टगणले घेरेको छ र यही घेराहरूमा दश महाविद्याले पनि घेरेको छ ।

६) नगरको मध्य त्रिकोण घेराका तीन कोणहरूमा त्रिकुण्ड गणेश छन् । त्यसपछि नगरको मध्य भागमा त्रिपुरको प्रतीक स्वरूप तीन देवताहरू छन् ।

यस प्रकार माथि उल्लेखित विवरणबाट तत्कालीन समयमा पूर्ण तान्त्रिक सुरक्षाको दृष्टिकोणले देवी देवताहरूद्वारा (स्थापना गरी) भक्तपुर नगर घेरिएको कुराको पुष्टि गर्न सकिन्छ ।

## केन्द्रीय शासनमा देखापरेका केही महत्त्वपूर्ण परिवर्तनहरू

आनन्ददेवको समयमा भक्तपुरले राजधानीको रूप लिएपछि शासनको केन्द्र स्थल (केन्द्रीय शासन) पनि भक्तपुर नै रह्यो । उनले सामन्त महापात्र, कवाठ नायक आदिलाई कज्याई केन्द्रीय शासनलाई अस्थिर हुन नदिए तापनि मध्यकालको शुरुदेखि चल्दै आएको संयुक्त शासनको प्रचलनले केन्द्रीय शासनलाई कमजोर पार्दै लग्यो । साथै लिच्छविकालमा जस्तो मध्यकालमा राजनैतिक एकता पनि कायम हुन सकेन र स्थायी सैन्य शक्तिको अभाव पनि केन्द्रमा रह्यो ।[25] खस राज्य र डोय राज्यहरूको उदयले गर्दा केन्द्रको शासनमा खतरा पर्न सक्ने हुनाले बाह्रौं शताब्दीको उत्तरार्द्धमा केन्द्र पुनः मजबूत हुनुपर्‍यो र गद्दीको हकदारसम्बन्धी नियममा पनि परिवर्तन देखा पर्‍यो जस अनुसार डोय राज्य पद्धति (दुई वा दुईभन्दा बढी व्यक्तिको शासन) को सट्टा दाजुपछि भाइ गद्दीमा बस्ने चलन शुरू भयो ।[26] जस अनुसार आनन्ददेव, रुद्रदेव, अमृतदेव आदिले राज्य गरे ।

विजय कामदेवपछि केन्द्रमा स्पष्ट रूपमा 'देव' भनेर लेख्ने पुरानो राजवंशको साथै 'मल्ल' भनी लेख्ने अर्को राजवंश पनि देखा पर्‍यो । यी दुवै राजवंश गद्दीका समान हकदारका रूपमा देखापरेकोले पालैपालो गद्दीमा बस्ने र एउटा राजवंशका व्यक्ति राजा भएको खण्डमा अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिने चलन देखा पर्‍यो ।[27] (तर यो पद्धति धेरै समयसम्म टिकेन र मल्लवंश नै शक्तिमा आए जुन वंशमा अरिमल्ल, अभयमल्लहरूले बाबुपछि छोरा गद्दीमा बस्ने प्रथा चलाए) यस विचित्रको पद्धतिले गर्दा राजकुल पनि "त्रिपुर" र "युथिनिमम्" गरी दुइवटा देखिए । (तर मूल राजधानी त्रिपुर नै रह्यो । ) जसले गर्दा शक्ति संघर्षको वातावरण सृजना हुँदै गयो । यस परिस्थितिमा एक पक्षले अर्को पक्षलाई दबाउन वाह्य– राज्यहरूको गुहार मागेको कुरा खस राजा जितारी मल्लले लगातार ३ पल्टसम्म (ने. सं. ४०८, ४०९ र ४१० मा) गरेका आक्रमणहरू र यसको तत्कालै पश्चात तिरहुतेहरूले ने. सं. ४११ मा आक्रमण

२५. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ– पान्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि., कीर्तिपुर, २०३५, पृ. ११०–१११ ।

२६. पूर्ववत्, पृ. ११५–११६ ।

२७. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ– पाद टिप्पणी नं. १४, पृ. २८ ।

२८. धनबज्र बज्राचार्य-"मध्यकालीन नेपाल", नेपाल परिचय, पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., कीर्तिपुर, २०३२, पृ. ७३ ।

गरेको कारणबाट बुझ्न सकिन्छ।[29] वाह्य राज्यहरूको लगातार आक्रमणले गर्दा राजनैतिक स्थितिमा प्रतिकूल प्रभाव पर्न गयो। तिरहुतेहरूले नेपालका राजालाई करद तुल्याएको गर्व गर्न थाले भने डोय राजाहरूले नेपालका सारा राजालाई जितेको फुर्ति गरे। केन्द्रीय शासकहरूले नुवाकोट सम्ममात्र राज्य थाम्न सके जसले गर्दा "नेपाल" शब्द खुम्चिएर उपत्यकामा मात्र सीमित हुनु पऱ्यो।[30] राजनैतिक कमजोरीले गर्दा वरपरका सामन्त शासकहरू पनि भक्तपुर त्रिपुरको विरूद्ध (केन्द्रीय प्रभावबाट मुक्त हुन) विद्रोह गर्न थालेका थिए। जस्तै फर्पिङका सामन्तहरूले भक्तपुर त्रिपुर (केन्द्र) को विरूद्ध विद्रोह गरेका थिए, तर उक्त विद्रोहलाई कान्तिपुर, ललितपुर, नुवाकोट र भक्तपुर त्रिपुरको संयुक्त सेनाले दबाएका थिए। त्यस्तै वनेपाले त्रिपुरको चोछेंमाथि नै आक्रमण गरेका थिए, जुन आक्रमणलाई त्रिपुरले दबाएको थियो।[31]

ने. सं. ४९० मा सुल्तान शमसुद्दिनले नेपालमाथि आक्रमण गरे जसको पहिलो मार राजधानी भक्तपुरमा नै पऱ्यो। सात दिनसम्म ठूलो उत्पात मच्चाई प्रसिद्ध देवलस्थलहरू भत्काई उनी फर्केका थिए। यस प्रकार सुदृढ शासनको अभाव, आन्तरिक विद्रोहहरू र वाह्य आक्रमणले गर्दा जनतामा पनि असुरक्षाको भावना बढेको देखिन्छ। यसैले राजल्ल देवीको पतिको हैसियतले स्थितिमल्ल राजकाजमा उत्रेपछि जनताले खुशीसाथ उनलाई महाराजाधिराजकै रूपमा मान्यता दिएका थिए। जयस्थितिमल्लको उदयपछि कमजोर रहेको केन्द्रीय शासन मजबूत हुन गयो। शासनलाई स्थायित्व प्रदान गर्न उनले सामन्त क्वाठ नायक आदि भारदारहरूलाई खुशी तुल्याई नियन्त्रणमा ल्याउन सफल भएका थिए।

जयस्थितिमल्लपछि यिनका छोरा ज्योतिर्मल्ल र नाति यक्षमल्लको समयमा पनि केन्द्रको शासन मजबूत नै रह्यो। केही समयसम्म यिनले आफ्ना भाइ जीवमल्लसित मिली संयुक्त शासन गरे र आमा संसारदेवीको मृत्युपछि एकलौटी अधिकार कायम गरे। आफ्नो राज्यकालमा देश र जनताको सुरक्षाको निमित्त भक्तपुर शहरलाई चारैतिर पर्खालहरूले घेर्न लगाई ठाउँठाउँमा ढोकाहरू पनि बनाई (यी ढोकाहरू साना-साना क्वांठ किल्लाका रूपमा थिए) वि. सं. १५१० मा एउटा बलियो गढको रूपमा परिणत गरे। यस कार्यमा समय र पैसाको अतिरिक्त यक्षमल्ललाई भक्तपुरका ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र आदि सबै वर्गको श्रम सहयोग पनि प्राप्त भएको थियो।[33]

## राज्य विभाजन

यक्षमल्लको समयसम्म राज्यको सिमाना पूर्वमा मोरङ्ग, पश्चिममा गोरखा, उत्तरमा भोट र दक्षिणमा मिथिलासम्म फैलिएको थियो। उनले राज्य विस्तार एवं केन्द्रको शासनलाई सुदृढ तुल्याए तापनि दूरदर्शी शासक थिएन। किनभने उनले डोय राज्य पद्धतिलाई हतोत्साह पार्नुको सट्टा अझ बढावा दिई छोरीको छोरा (दोहित्र) लाई समेत संयुक्त शासक बनाए[33] जसले गर्दा राजनैतिक एकता र स्थिरता हरायो र शक्ति संघर्षको वातावरण पुनः सृजना हुन गयो। यसैले अवसरको प्रतीक्षामा रहेका उनका सन्तानहरू बीच उनको मृत्यु पश्चात सत्ता प्राप्ति निमित्त होडबाजी शुरू भई स्वतन्त्र राज्यहरू खडा हुन गए। ने. सं. ६०२ मा यक्षमल्लको मृत्यु पश्चात केही समयसम्म संयुक्त शासन चल्यो। यसै बीच अवसरको प्रतीक्षामा रहेका उनका चतुर एवं महत्त्वाकांक्षी छोरा रत्नमल्लले कान्तिपुरमा अधिकार कायम गरी स्वतन्त्र शासन शुरू गरे। रायमल्ल जेठा

---

२९. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ– पाद टिप्पणी नं. १४, पृ. ३०।
३०. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ– पाद टिप्पणी नं. २५, पृ. ११७।
३१. गोपालराजवंशावली ४१ पत्र।
३२. धनबज्र बज्राचार्य र साथीहरू– पाद टिप्पणी नं. १९, पृ. ७६।
३३. धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ– पाद टिप्पणी नं. २५, पृ. १२१।

हुनाले स्वाभाविक रूपमा भक्तपुरमा उनको अधिकार रह्यो । रत्नमल्लका भाइहरूलाई आफ्नो पक्षमा मिलाई ललितपुरमा पनि प्रभाव कायम गरे । तर त्यहाँका महापात्रहरू काठमाडौंका महापात्रहरू जस्तो कमजोर नरहेकोले उनीहरूको प्रभावलाई पूर्ण रूपमा हटाउन सकेनन् । पछि त्यहाँका महापात्र विष्णुसिंहले मल्ल राजाहरूको आपसी कलहबाट फाइदा उठाई ललितपुरलाई स्वतन्त्र पारे तापनि केही वर्षपछि पुनः काठमाडौंका अधीनमा रहन गई सिद्धिनरसिंहमल्लको समयमा मात्र स्वतन्त्र हुनगयो । यक्षमल्लको मृत्युपछि रणमल्लले स्वतन्त्र शासन गरे ।[34]

यस प्रकार आनन्ददेवको समयदेखि यक्षमल्लको समयसम्म एउटा विशाल राज्यको केन्द्रीय राजधानीको रूपमा रहँदै आएको भक्तपुर राज्य विभाजन पश्चात "अङ्गभङ्ग भएको एक सानो राजधानी" को रूपमा रहन पुग्यो । राजनैतिक रूपले केन्द्रको रूपमा नरहे तापनि सांस्कृतिक दृष्टिकोणले भने भक्तपुर केही अशंमा मल्ल शासकहरूको सांस्कृतिक मूल थलोकै रूपमा रहेको थियो ।[35] समय समयमा कान्तिपुर एवं ललितपुरका शासकहरूले पूजा भाग पठाउनुबाट उक्त कुरा स्पष्ट हुन जान्छ । राजनैतिक प्रभावको अन्त्य कुनै पनि बेला हुन सक्तछ । तर सांस्कृतिक प्रभाव चिरस्थायी रहन्छ भन्ने कुरा पनि "सांस्कृतिक मूल थलो"कै कुराबाट थाहा पाउन सकिन्छ ।

## नवदुर्गा नाचको शुरुवात

भक्तपुरको नवदुर्गा नाच प्रशस्त तान्त्रिक बयानहरू एवं पूजाविधिले भरिएको छ । तर यससम्बन्धी ऐतिहासिक स्रोतहरू दुर्लभप्रायः नै छ भन्नुपर्छ । अतः नवदुर्गा नाचको (शुरूवातको) उल्लेख वंशावलीहरूमा मात्र भएको हुनाले यसको प्रमुख आधार पनि तिनै वंशावलीहरू हुनगएको छ । वंशावलीमा उल्लेख भएको आधारमा[36] नवदुर्गा नाचको शुरूवात राजा सुवर्णमल्ल (भुवनमल्ल) ले गरेका थिए । साथै उनले बोडेमा पनि महालक्ष्मीको नाच चलाए ।

## नाच चलाउनु पर्नाका केही कारणहरू

सुवर्णमल्लले नवदुर्गा नाच चलाउनाका केही खास कारणहरू देखिन्छन् । प्रथमतः तत्कालीन समयमा काठमाडौंको राजाले (अमरमल्ल) आफ्नो समयमा अनेक देवीगणका धार्मिक नृत्यहरू प्रत्येक वर्ष चलाउने रीत गरेका थिए । सुवर्णमल्लले अनेक देखासिकीमा भक्तपुरमा नवदुर्गा नाच चलाए भन्ने कुरा वंशावलीमा उल्लेखित छ । यसबाट यो कुरा स्पष्ट हुन जान्छ कि आपसी कलह एवं राजनैतिक अदूरदर्शिताको परिणाम स्वरूप विभाजित हुन पुगेका ३ स्वतन्त्र राज्यका मल्ल राजाहरू बीच पनि विभाजनको शुरूदेखि नै राजनैतिक हानथाप मात्र नभई सांस्कृतिक एवं धार्मिक क्षेत्रमा पनि प्रतिस्पर्धा र देखासिकी गर्ने प्रवृत्तिहरूको पनि शुरूवात भइसकेको थियो । यद्यपि राजनैतिक प्रतिस्पर्धाले यी ३ मल्ल राज्यहरू कमजोर बन्न पुगे तापनि सांस्कृतिक धार्मिक प्रतिस्पर्धाले सांस्कृतिक विकास प्रशस्त हुन गयो । अतः यिनै पृष्ठभूमिको आधारमा भक्तपुरमा नवदुर्गा नाचको शुरूवात भएको देखिन्छ ।

दोस्रो कुरा शक्ति "उपासना" को दृष्टिले पनि मध्यकाल विशेष उल्लेखनीय रहेको छ । मल्ल शासकहरू स्वयं शक्ति मतका प्रबल उपासकको रूपमा देखा परे । यसले गर्दा तन्त्रप्रधान धर्मको पनि विशेष प्रभाव एवं विस्तार यस कालमा हुन गयो । अतः यस अघिका समयहरूमा भन्दा शाक्तमतको प्रभाव एवं प्रसारको

---

३४. धनबज्र बज्राचार्य र साथीहरू– पाद टिप्पणी नं. १९, पृ. २–३ (मूल भाग) र पृ. ७७–७८ ।

३५. धनबज्र बज्राचार्य– पाद टिप्पणी नं. २८, पृ. ९४ ।

३६. (क) श्री ५ को सरकार, शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, "भाषा वंशावली", भाग २, काठमाडौं, २०२३, पृ. ५३ ।

(ख) डेनियल राइट– पाद टिप्पणी नं. ११, पृ. १८९–१९० ।

(ग) नेपाल वंशावली, नेपाल राष्ट्रिय अभिलेखालय, वि. सं. ४९, ल. सं. १३८४ ।

दृष्टिले मध्यकाल चरमोत्कर्षको रूपमा रह्यो । यद्यपि मल्ल शासकहरू शाक्तमतका उपासक हुनुमा खास आधार वा कारणहरू के थिए त ? अथवा पूरा मध्यकाल नै शाक्तमतबाट विशेष रूपमा प्रभावित हुनुमा के कारणहरू विद्यमान थिए ? यी प्रश्नहरू हाल अनुसन्धानकै विषय रहे तापनि खुशियालीका अवसरहरूमा मात्र नभइकन अनिकाल, महामारी, दुःख, संग्राम, शत्रुनाश, देश रक्षा, अशान्ति आदि जटिल एवं संकटग्रस्त स्थितिहरूमा समेत शक्तिको आराधना गर्ने परम्परा रहँदै आएको पाइन्छ । शक्ति उपासनाको रूपमा मल्लकालमा पशुपति, तलेजु र विशेष रूपमा "नवदुर्गा" लाई नै मान्दै आएको कुराको पुष्टि अद्यावधि त्यसै अनुरूपका नाचहरू भक्तपुरका अतिरिक्त काठमाडौं र पाटनमा चल्दै आउनुबाट गर्न सकिन्छ। मध्यकालमा शक्तिका विविध स्वरूपहरूलाई नाचहरूको माध्यमबाट जनसमक्ष प्रस्तुत गर्न खोजेको कुरा परम्परागत रूपमा चल्दै आएका नाचहरू (भक्तपुरको नवदुर्गा नाच, पाटनको हरिसिद्धिको नाच, जल्ला प्याखँ, गँ प्याखँ, काठमाडौंको ङातापुलुको नाच, १२ वर्षे पचली भैरवको नाच आदि) बाट पुष्टि गर्न सकिन्छ । सुवर्णमल्लले नवदुर्गा नाचको प्रारम्भ गर्नुमा पनि माथि उल्लेखित कुराहरू नै कारणको रूपमा रहेको देखिन्छ । यिनको शासनकालमा ने. सं. ६३३ मा अनिकाल परी जनतामा हाहाकार मच्चिएको हुनाले जनता भक्तपुर छाडी अन्यत्र जान बाध्य भएका थिए ।[37] अतः अनिकालबाट आफ्नो राज्यका जनतालाई बचाउन (शक्ति आराधनाको रूपमा) उनले नवदुर्गा नाचको प्रारम्भ गरेको देखिन्छ । यसरी देशमा सहकाल आओस् र सुख शान्ति होस् भन्ने कुरा नवदुर्गा नाचको एउटा क्रियाकलाप "मु बाहां लिकेगु" बाट पनि बुझ्न सकिन्छ ।

नेवारी भाषामा सुंगुरलाई "फा" भनिन्छ । नवदुर्गा नाचको सन्दर्भमा यही सुंगुरलाई "मु बाहां" भनिन्छ । सुंगुरको भोग लिने चलन भक्तपुरको नवदुर्गा नाचमा छ जुन अनौठो एवं छुट्टै विशेषताको रूपमा लिन सकिन्छ । (जुन यसैसित मिल्दोजुल्दो अन्य नाचहरूमा पाइँदैन । ) सुंगुरको भोग लिने शब्दलाई "बाहां पौश कायगु" भनिन्छ । भोग लिंदा हतियारको प्रयोग गरिंदैन र गणमा भैरव हुनेले नङले सुंगुरको अघिल्लो दायाँ खुट्टाको कुइनाको छाला कोट्याएर कोखा प्वाल पारी मुटु निकाल्छ र 'सिफो द्यो:' (गणको प्रमुख देवी जसलाई महालक्ष्मीको रूपमा पनि मानिन्छ ) लाई चढाउँछ । यसरी नवदुर्गा गणको रूपमा रहँदा मात्र सुंगुरको भोग चल्छ, तर त्यही सुंगुर छुट्टाछुट्टै रूपमा रहँदा कुनै पनि देव मन्दिरमा भोग चल्दैन । [ साथै गणमा महेश्वरीलाई (सम्मिलित रूपमा रहँदा पनि) भोग चल्दैन । ] नवदुर्गाले सुंगुरको भोग लिने सन्दर्भमा किंवदन्ती पनि प्रचलित रहेको पाइन्छ ।

ङालाकेगु (माछा पक्रने) भने रटोल टोलमा गई नवदुर्गा नाच प्रदर्शन गर्न लाने क्रममा "मि बाय गु बाहां लिकेगु" (मेथीको बारीमा सुंगुर लखेट्ने) भनेर मेथीको बारीमा सुंगुर छाडिन्छ । (यो चलन अष्टमातृकामा कौमारीको पीठ बाहेक अन्य सातवटै पीठका निश्चित इलाकाका खेतहरूमा गर्ने चलन रहेको छ) खासगरी यो चलन खौमा इन्द्रायणी पीठको इलाकाको खेतमा भव्य रूप गरिन्छ र नवदुर्गा गणले चारैतिरबाट लखेट्दछ । सुंगुरलाई लखेटेर समाउने यो दृश्य रमाइलो हुने भएकोले यसवेला स्थानीय जनताको भीड लाग्छ। जुन खेतमा सुंगुर लखेट्नको लागि छाडिन्छ, त्यहाँको बाली नष्ट त भइहाल्छ, भीडले पनि कुल्चँदा नाश हुने मात्र होइन, जसले जति सक्यो त्यति मेथी टिपेर लैजान पाउँछन्, कसैले हस्तक्षेप गर्न पाउँदैन । यति हानि नोक्सानी भए तापनि सम्बन्धित खेतका धनीले कुनै चिन्ता वा दुःख नमानी खुशी नै हुन्छन् र स्वतन्त्र रूपले खेत छाडिएको हुन्छ । यस प्रकारको हानि नोक्सानी हुँदा पनि चिन्ता नमान्नु र खुशी नै हुनुमा नवदुर्गा गणले जहाँ पाइला टेक्छ, त्यहाँको उब्जनी दोब्बर बढ्छ भन्ने" परम्परागत धारणा रहेको पाइन्छ । अतः उब्जनी बढाउनुमा प्राकृतिक कुराहरू त छँदैछ, यस धारणाबाट तान्त्रिक विधिको पनि सहयोग लिएको देखिन्छ । यसरी

३७. पूर्ववत् (क) पृ., ५३ ।

वंशावलीमा उल्लेखित कुराहरू र नवदुर्गा गणले पाइला टेके-का जग्गाहरूमा उब्जनी दोब्बर बढ्ने परम्परागत धारणाको आधारमा अनिकालबाट जनतालाई जोगाउन पनि सुवर्णमल्लले नवदुर्गा नाचको प्रारम्भ गरेको देखिन्छ ।

## तत्कालीन समयमा भक्तपुर राज्य अन्तर्गतका प्रदेशहरू: नवदुर्गा नाचको आधारमा

जात्रा चाडपर्व आदिका अतिरिक्त नाचहरूको पनि एउटा विशेषता के रहेको पाइन्छ भने निश्चित तिथिमा, निश्चित रूपमा, नियम वा तरीकाहरूको आधारमा परम्परागत रूपमा (नाचहरू) यथावत चल्दै आएको पाइन्छ । नवदुर्गा नाचमा पनि निश्चित नियम, तिथि, तरीकाहरू एवं निश्चित बाटोहरू, नाच देखाउन लैजाने निश्चित टोलहरू र स्थानहरू आदि छन् । नवदुर्गा नाच भक्तपुरको २४ टोलका अतिरिक्त (परम्परागत रूपमा रहेका टोलहरू) ठिमी, देउपाटन, टोखा, गोकर्ण, चांगु, साँखु, साङ्गा, नाला, बनेपा, धुलिखेल, पनौती आदि स्थानहरूमा पनि लगेर देखाइन्छ । तर काठमाडौं र पाटनमा प्रदर्शन गर्न लैजाने चलन छैन । यसबाट नवदुर्गा नाच राज्य विभाजन पश्चात शुरू भएको तथा भक्तपुर शहरका अतिरिक्त प्रदर्शन गर्न लगिने अन्य स्थानहरू (देउपाटन, टोखा र गोकर्ण बाहेक) तत्कालीन समयमा भक्तपुर राज्य अन्तर्गत पर्दथ्यो भन्ने कुरा देखिन आउँछ । यद्यपि देउपाटनमा गुह्येश्वरी मूल पीठ रहेको कारणले गर्दा प्रत्येक वर्ष लाने चलन रहेको छ । तर टोखा र गोकर्णमा लैजाने परम्परा कसरी बस्न गयो, त्यो विचारणीय छ । मल्लकालमा सांखु, चांगु, नाला, बनेपा, पनौती आदि प्रदेशहरूमाथि अधिकार कायम गरी आफ्नो राजनैतिक सर्वोच्चता र महत्त्व देखाउन काठमाडौं र भक्तपुरबीच राजनैतिक हानथाप एवं झगडाहरू बराबर भइरहन्थ्यो । बराबर भइरहने यी झगडाहरू सामान्य जस्तो देखिए तापनि मल्लकालीन राजनैतिक स्थितिमाथि यसले प्रतिकूल प्रभाव पारी पतनतर्फ अग्रसर तुल्यायो । उक्त प्रदेशहरूमाथिका राजनैतिक झगडाहरू मल्लकालको अन्तिम समयसम्म पनि अर्थात् पृथ्वीनारायण शाहले उपत्यकामाथि आक्रमण गर्ने समयसम्म पनि चल्दै रह्यो जसले गर्दा एकातिर काठमाडौं र भक्तपुरका राज्यहरूले आफ्नो राजनैतिक कमजोरी र फूटपरस्त वातावरणको परिचय दिए भने उपत्यकामाथि आक्रमण गर्न पृथ्वीनारायण शाहलाई निक्कै सजिलो र अझ बढी हौसला प्रदान गऱ्यो । तत्कालीन समयमा सांखु र चांगु कान्तिपुरको अधीनमा रहेको हुनाले यस राजनैतिक कमजोरी र परिस्थितिबाट लाभ उठाई पृथ्वीनारायण शाहले उक्त प्रदेशहरू जितेर भक्तपुरलाई दिने आश्वासन दिई भक्तपुर राज्यलाई आफ्नो पक्षमा पारेका थिए ।

मूलत: यी प्रदेशहरू सुवर्णमल्लको समयदेखि नै भक्तपुरको अधिकारमा रहँदै आएको देखिन्छ । ने. सं. ६८९ अघिसम्म यी प्रदेशहरू भक्तपुर राज्य अन्तर्गत पर्दथ्यो र उक्त समयतिर काठमाडौं र भक्तपुरबीच युद्ध हुँदा साँखु, चांगु, नाला, बनेपा, पनौती आदि प्रदेशहरू काठमाडौंले जितेर लिएका विवरण तत्कालीन समयको ऐतिहासिक घटनावलीले स्पष्ट पार्छ ।[38] रायमल्लको समयमा भक्तपुरको सिमाना पश्चिममा बागमती, पूर्वमा सांगासम्म फैलिएको थियो ।[39] उनको समयमा रणमल्लले बनेपामा स्वतन्त्र शासन गर्दै थिए । सुवर्णमल्लको समयमा रणमल्लको मृत्यु भएको एवं उनका छोराहरू नाबालिग नै रहेकोले सुवर्णमल्लले स्वतन्त्र बनेपा आफ्नो राज्यमा सम्मिलित गरेका थिए । [40]

यसका अतिरिक्त नवदुर्गा नाचमा सम्मिलित गणहरूले नाच प्रारम्भ हुनु अघिका निश्चित देवी देवताहरूलाई मात्र परम्परागत रूपमा मान्दै आएको पाइन्छ तथा नाच प्रारम्भ भैसकेपछि बनेका देवी

३८. चुन्दा बज्राचार्य– "मल्लकालया छुँ घटनावली छगू अध्ययन", सफू धुकु, येँ, ने. सं. ११०७, पृ. ३२ ।

३९. कर्कपेट्रिक– "एन एकाउण्ट अफ् दि किङ्डम् अफ् नेपाल", एशियन पब्लिकेशन सर्भिसेज्, न्यू दिल्ली, १९७५, पृ. २६७ ।

४०. सूर्यविक्रम ज्ञवाली– पाद टिप्पणी नं. २, पृ. १०१–१०२ ।

देवताहरूलाई मानेको पाइँदैन । जुन कुरा गणहरू क्रमबद्ध रूपमा निश्चित बाटोहरूमा आउँदा दायाँ बायाँ अवस्थित रहेका देवी देवताहरूलाई मान्यता प्रदान गरी नाच्दै आउनुबाट थाहा पाउन सकिन्छ । जस्तै– यसरी निश्चित बाटोहरू हुँदै आउँदा टौमढी टोलको भैरवलाई सम्मान प्रकट गर्दछन् । (भनिन्छ यो भैरव मन्दिर पहिले एकतल्ले थियो र वरपरका घरहरू मन्दिरभन्दा अग्लो भएकोले यसको अर्को तल्ला पछि थपिएको थियो । मन्दिरको पहिलो तल्लामा जस्ताको तस्तै रहेको गजूरले यस कुराको पुष्टि गर्छ ) तर त्यहीं अवस्थित न्यातपोल मन्दिरलाई कुनै मान सम्मान प्रकट गर्दैनन् । यसका अतिरिक्त नवदुर्गागण हालको मूल तलेजुमा आउनु अघि तचपालटोलस्थित "वाने लायकु" तलेजुमा गई सर्वप्रथम सम्मान र श्रद्धाभक्ति अर्पित गर्दछन्, तर नजिकैको गुरु दत्तात्रयको मन्दिरलाई भने मानेको देखिँदैन । यद्यपि, नवदुर्गा नाच शुरू हुनुअघि नै यो मन्दिर बनेको भए तापनि शाक्त मतको नभई "वैरागी मत" मा आधारित भएकोले मान्यता प्रदान नगरेको देखिन्छ ।

## शास्त्रीय नामकरण[41]

"नवदुर्गा" भन्ने बित्तिकै नौवटा देवीहरूको समूह भन्ने बुझिए तापनि भक्तपुर नवदुर्गा नाचमा १९ गणहरू छन्, अष्टमातृकागण पनि "नवदुर्गा" मा सम्मिलित शक्तिहरू नै हुन् । अतः यस नवदुर्गा नाचमा तिनै नवशक्ति मानिएका नवदुर्गा (महिषासुर वधको प्रतीक) को स्वरूप एवं प्रत्येक देवीहरूको ध्यान, भाव, रूप र मुद्रा अनुसारका नृत्यहरू प्रस्तुत गरिने भएकोले स्वभावतः यी नाच "नवदुर्गा नाच" को नामले लोकप्रिय रहँदै आएको छ । यस नाचमा "नवदुर्गा" शब्दले स्त्री-प्रधानलाई संकेत गर्दछ । तर यसमा महादेव, भैरव, श्वेत भैरव र गणेश पनि छन् । यद्यपि नाचको स्वरूपलाई विचार गर्दा पुरुष-प्रधानभन्दा बढी "स्त्री-प्रधान" देखिन्छ । यस नाचसित मिल्दाजुल्दा नाचहरू काठमाडौं र पाटनमा पनि परम्परागत रूपमा प्रचलित हुँदै आइरहेको पाइन्छ जुन पचली भैरवको १२ वर्षे नाच, हरिसिद्धि आदि प्रमुख नाचहरू हुन् ।

समयको अन्तरले सांस्कृतिक परम्परा, सामाजिक संस्कार, भाषा, शब्द आदिमा पनि निरन्तर प्रभाव पार्दै गएको हुन्छ । कतिपय कुराहरू लोप पनि भइसकेका हुन्छन् । परम्परागत रूपमा चल्दै आएका पूजाहरू, नाचहरू आदि पनि एउटै मात्र नाम नरही अन्य नामहरू-बाट पनि प्रचलित हुँदै आएको पाइन्छ । उदाहरणार्थ, बिस्केत जात्रालाई अर्को शब्दमा "विश्व जात्रा" भन्ने चलनको साथसाथै "कोलुकात" पनि भनिन्थ्यो । प्रायः यस नाचको विधिविधानसित मिल्दोजुल्दो पचली भैरवको नाचलाई गथु प्याखँ भन्ने चलन पनि छ । अतः शास्त्रीय दृष्टिकोणबाट नवदुर्गा नाचको पनि अर्को नाम रहेको पाइन्छ । जुन तत्कालीन मल्लकालमा "इकुन प्याखँनें" नामले प्रचलित थियो । सुवर्णमल्लको सन्दर्भमा ऐतिहासिक स्रोतहरूको अभाव खट्किए तापनि वंशावलीकै आधारमा स्व. सूर्यविक्रम ज्ञवालीले पनि "नेपाल उपत्यकाको मध्यकालीन इतिहासमा सुवर्णमल्लले" नवदुर्गाको इखु प्याखँन चलाएका थिए भन्ने कुरा उल्लेख गर्नु भएको छ । तर अर्को एक इतिहासकार विक्रमजीत हसरतले यस नाचलाई "इखुंचा प्याखँन" भनेर उल्लेख गरेको छ । गौंथली चरालाई नेवारीमा "इखुंचा" र प्याखँन भन्नाले नाचलाई बुझाउँछ । अतः नवदुर्गा नाचको स्वरूप एवं क्रियाकलापसित "इखुंचा" शब्द मिल्दैन । सांस्कृतिक एवं सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण देखिएको जितामित्रमल्लको समयको घरःपौ (लगत) का विभिन्न भागहरूमा (जसमा जगतप्रकाशमल्लको केही लगत पनि उल्लेखित छ । ) "इकुन प्याखँन" शब्द उल्लेख भएको छ । उक्त घरःपौको एक भागमा यस्तो उल्लेख छ । " थ्वते खड्गयात्राया... थ्वते यिकुं प्याखनया चान्हस यात्रा ।। थ्वते इकुन प्याखँन न्हीनस चान्हस याता पूजा छाय थ्वते ।। सम्वत ७८० फागुन

४१. पुरुषोत्तमलोचन श्रेष्ठ– "मल्लकालमा शक्ति देवताको लोकप्रियता भक्तपुर नवदुर्गा नाचको सन्दर्भमा" **पञ्चायत**, भ. न. पं., वर्ष ६, अङ्क ४, भक्तपुर, २०४४, पृ. ३०–३२ ।

सुदि ९ ।। यस उल्लेखबाट केही पक्षको नवदुर्गा नाचको विधि र स्वरूपलाई स्पष्ट पार्छ । नवदुर्गा नाचको शक्तिको मूल स्रोत तलेजु मानिन्छ । खड्ग यात्राको समयमा तलेजुले नै नवदुर्गालाई सिद्धि प्रदान गर्दछ । यसरी सिद्धि प्राप्त नहुन्जेलसम्म गणलाई देवताको रूपमा मान्यता प्राप्त मानिंदैन । महिषासुर संग्रामको विजयको प्रतीकस्वरूप तलेजुको प्रतीक "पायो" को "देश चाहिकेगु" अर्थात् देश डुलाउने भनेर निश्चित बाटोहरू हुँदै विजय यात्रा शुरू गरिन्छ । त्यसवेला "पायो" को पछिपछि यस विजय यात्रामा नवदुर्गा गण पनि सरीक भएर जान्छन् । प्राय:जसो नवदुर्गा नाचका तान्त्रिक पूजा विधि रातमा नै गरिन्छ । सर्वप्रथम कतै प्रदर्शित गर्न लगिंदा पनि रातकै समयमा लगिन्छ र भोलिपल्टको नाच सफल होस् भन्नाका लागि उक्त रातमा "चा पूजा" (रातमा गरिने पूजा) र अन्य तान्त्रिक विधि गर्दछन् । अत: माथि उल्लेखित विवरणबाट जगतप्रकाशमल्लले "इकून प्याखँन" को रातको लागि र दिनको लागि चाहिने पूजा पठाएको उल्लेखबाट तत्कालीन समयमा नवदुर्गा नाच "इकून प्याखँन" शब्दबाट प्रचलित भएको पाइन्छ । त्यस्तै नवदुर्गा भवानीप्रति श्रद्धाभक्ति प्रकट गर्न नवदुर्गा नाचमा पोशाक फेराउने चलन पनि रहँदै आएको छ । साथै नवदुर्गा नाचको एक रमाइलो दृश्यमा श्वेत भैरवले "ङा लाकेगु" (माछा पक्रने) गर्नु अनि महाकालीलाई खुशी पार्न "बाहन" को रूपमा (नवदुर्गा नाचमा सुंगुरलाई भोग दिने चलन छ जसलाई "बाहां पोश कायगु" भनिन्छ । स्थानीय नेवारी भाषामा सुंगुरलाई "फा" भनिन्छ । तर नवदुर्गा नाचको सन्दर्भमा सुंगुरलाई "मू बाहां" भनिन्छ ।) कुखुरा दिने दृश्य पनि छ । अत: उक्त घर: पौ को एक भागमा जितामित्रमल्लले श्वेत भैरव-लाई बाहन र रातको लागि चाहिने सामान दिनुको साथै पोशाक फेरिएको उल्लेख पनि छ, जुन यस प्रकार छ "श्वेत भैरव बाहन मालको ।। थ्वते इकुं प्याखँनया ।। चाह्निस यात सामां विया ।। श्री श्री सुमति जय जितामित्रमल्ल देव सन यिकुं प्याखँन वसत हेरका...दिन संवत् ८०१ फाल्गुण सुदि १३... ।"

भनिन्छ यो नाच सर्वप्रथम "इखुडो" भन्ने स्थानमा सिकाइएको थियो । भक्तपुर हनुमानघाट पारी पूर्वमा सो ठाउँ रहेको छ । नवदुर्गा नाच देश बाहिर सिकाइनु पर्छ भन्ने धारणा रहेको पाइन्छ । तत्कालीन समयमा देश बाहिर भन्नाले खोला पारी भनेको बुझिन्छ । अत: यस स्थानको नामबाट यस नाचको नाम "ईकुन प्याखँन" रहन गएको हुनुपर्छ । तर मध्यकालतिर प्रचलित देखिएको यो शब्द वर्तमान समयमा आएर स्थानीय जनतामा मात्र हैन, नाचसित सम्बद्ध समूहमा समेत अपरिचिति हुन पुगेको देखिन्छ । अर्को शब्दमा भन्ने हो भने "इकुन प्याखँन" शब्द लोप भएर गइसकेको छ । यस शब्दको प्रचलन एवं उल्लेख निश्चित रूपमा कुन समयदेखि कहिलेसम्म रह्यो र कुन समयदेखि यस शब्दको प्रचलन हराउँदै गयो, त्यो खोजपूर्ण विषय रहेको छ ।

यस प्रकार मध्यकालमा राजधानी वा शहरको प्रतिष्ठा गर्दा तान्त्रिक आधारलाई पनि सुरक्षात्मक दृष्टिले अपनाएको पाइन्छ । साथै सुवर्ण मल्लले नवदुर्गा नाचको शुरूवात गर्नु अघि नै यसका पूर्व रूपका देवी देवताहरूको नाच आनन्ददेवको समयतिर संभवत: त्यस-भन्दा पनि अघिबाट शुरू भएको देखिन्छ ।

# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

**(गताङ्कको बाँकी)**

दुस्मनका तरफका चिठीपत्रली १०।८ जनामानिस दिनमा आयो भन्या तेस्तालाई नमार्नु आफ्ना पगरिसंग येस्ता-मानिस आयाका छ भनि षवर दिनु– २३

दोहरा वन्दुक चल्यापछि नालवन्दि फौजले गर्न्याकाम कुइकमार्च भन्यापछि दुस्मनका मुषतिर वढनु १ कामहलद्रिस भन्यापछि थामि टेक्याको जमिन नछोडी मुहुदा नफिराई लडनु २ कामरेट पोटझैंस भनि हटायो भन्या हडवडनगरि लैंनको दस्तुरसंग लडदै हटनु ३ काम फौज गैह्लले नवोलनु ४ काम येस्मा वढि जो वोलछ तेसलाई अफिसरले सजां गर्नु– २४

किल्लामा हमला गर्दा ५ सै कदम वरको जमिन जस्तो छ किल्ला नजिकको जमिन पनि उस्तै रहेछ भन्या वहिवाट जानु ५ सै कदम वरको जमीन हेर्दा अर्कै तरहको छ किल्ला नजिकको जमीनमा नञा माटो नया झार रहेछ भन्या तेसभित्र वारुदहाली सुरुं वनायाको छ भनिवुझनु त्यो वाटो फौज नलैजानु कदाचित् धोकापरि सुरुं उडिगयो भन्या उहि उड्याका सुरुंवाट फौज लस्कर लैजानु– २५

किल्ला माझमा छ वरिपरि जमिन माटो छ भन्या सुरुं होला भनि अफिसरहरूले तजवीज गर्नु किल्ला वरिपरि पत्थरको जमिन छ भन्या सुरुं होला भनि संका नगर्नु– २६

लडदा खेरि जतातिरवाट तोप हान्छ जंगीगोला गिराफले फौजलाई नहान्नु तोपैतिर हान्नु. रैफलले पनि तोपै हान्यातिर हांनु– २७

१०।८ तोप छोडि दुस्मन मैदानमा लडछ. तोपले तोपलाई हानि हटाउन सकियेन भन्या आफ्ना फौजले गोलि भरि तोपका दाहिनावाञा तोपका वीचवाट दौडिगै तोप आफ्ना हातगरि उहि टोपले उसै ठाउँमा वसि दुस्मनलाई फैरगरि मार्नु– २८

पल्टनियाके उर्दि आफ्ना फौज वढता हवस्. दुस्मनले लगारि ल्याउदा हवस् जाइलाग्दा र भागि आउंदा गोलंदाजको लैंनवाट विगुलकोलेडम वजायो भन्या उत्निखेर सुत्नु. उनले उठ भन्या वोलि नवजाउंज्याल नउठनु कदाचित् सिकिस्त परी हटाएर ल्याउनु पर्‍यो भन्या तोपको अगाडिवाट नल्याउनु दाहिनावाञावाट ल्याउनु दाहिनावाञाता वाटो छैन भन्या तोपको मुहुदा वचाई तोपको अंतर पारि. पछिाछिको आलाराम गरि रित रेत गरि ल्याउनु– २९

गोलंदाजका अफिसरले लेडवन् वजाई दियापछि सुतिजानु जव उठ भन्या वोलि वजाईला झटपट उठि आफ्ना तोपतिर आउनु फेरि लेड.वन वजाया फेरि सुतनु गिटा वज्यापछि उठि दौडी तोपमा मेल हुनु– ३०

पैदलफौज गोलंदाजि फौजमा सामेल भयापछि. तोप

गोलंदाजिफौज पैदलफौज गैह्र सवैले प्राणदि लडनु आफ्ना तोप नछोडनु तोपछोडि भाग्यादेखि ८ हजारहात भागंज्यालसम्म उहिटोप फर्काई दुस्मनले आफुलाई हान्दछ र प्राण जान्छ पीठ फिराइ मऱ्याको नर्कवास पनि हुन्छ हतियार दुस्मनले लिछ लडाञी पनि हार हुन्छ आफु पनि श्री ५ सरकारको अप्सरिया हुन्छ– ३१

## लडाञीमा आफ्ना लैनमा मिलन नजान्या र भागन्याको वन्देज

लडाञीमा अफिसर सिपाहि आफ्नु लैन छोडि भागि आउन्यालाई विकटका लैनले गोलि चलाई मारिदिनु –१

लडाईमा गयाका भागिपनि आयेनछ आफ्ना दस्तुर माफिक लैनमा पनि मिलन गएन व लद्याकोलद्या लागिरहन्या सातपगरिसम्मका अफिसर पगरिलाई उहि पल्टनका सिपाहिमा भर्ति गरिदिनु सातपगरि देखि मुनिका हुंदा सिपाहिलाई पिपासा भर्तिदिनु– २

लडाईलाई उदिदि. काममा षटियापछि भागन्या जनरल कर्णेल वडा कपतान कपतान लेफटेन इन्साइन सुवेदार षर्दार ज्मादार कोत्या मेजर अजिटन लैन निसान वहिदार हुंदा सिपाहि पिपा षलासिका ज्मादार हवल्दार पिपाषलासितकलाई फासिदिनु– ३

## लडाइंमा लुट गर्न्याको वन्देज

लडाञीका वीचमा दुस्मनका मऱ्याका मुर्दाको लडाञी छोडि जसले लुटगर्नामा पसलातसलाई पल्टनका कपतानले गोलि चलाई मार्नु– १

## लडाइंमा कुप भै डेरामा पुग्यापछिको वन्देज

कपतान लेफटेन इन्साइन सुवेदार ज्मादार अजिटन लैन हवलदार हुदा गैह्रले लडाञीमा कुप भै डेरामा पुग्यापछि वन्दुक धुन लाउनु टुटयाफुटयाको वन्दुक वनाउनलाई नुकति गठा तोसदानमा वाकि रहेछ भनि वुझि फेरि थपि ३०।३० चोट भर्नाको भर्ना गरिदिनु हाजिरलि मऱ्याको येति घाईत्या येति भनि यस्को कागज कमांडियेरसंग लैजानु– १

## लडाईमा घा लाग्याको वेरामी सह्यार संभार गर्न्या वन्देज

नसकन्या लाचारि वेरामि जतिछन् २।३ वासको ज्मागरि सिमानाको अडामा फिराई दिनु अफिसरलाई नफिराउनु– १

अलिक दिनमा ताजा हुन्या वेरामी जति छन् जुन किल्ला आफूले लीकन कुन्हुवा वस्याका छन् उस अडामा राषनु– २

घाईत्यालाई कसैले नेदेषन्या षिकिवारि सजिलो वछ्यान पारि षान्या कुरो र पानिको तजवीज गरि घाइत्या राषन्या ठाउमा लगि पकाई षुवाउन्या सुसार गर्न्या मानिस लगाई दिनु औषधि गर्न्या नाउवैद राषि यौटा धर्म चिन्ह्या सवै घाइत्यालाई आफ्ना छोरा भाइ झै मायागर्न्या येक ठुलो अफिसर संभार गर्न्या राषि औषधि कपडा लता षानाले हर्कम नहुन्यागरि मालिकले तजवीज गरि पुऱ्याई दिनु उस जगामा कमान दिन्या मालि जो छ उसले रोजको ३ फेरा गै हेर्नु. कसैको दाज्यूलाई घा लाग्याको छ. कसैको वावुलाई घा लाग्याको होस तपनि हेर्न कसैलाई नदिनु जानत भर. घाइत्याको सह्यार गर्नु मर्न्या डवलको घाइत्यालाई वहि राषि औषधि वार्न लाउनु घाउ ठाकन्या डवल भयेछ उसका ज्यानलाई होस आयेछ भन्या उस्का २।३ दिनपछि नेपाल तरफ रवाना गरि नेपालको हस्पतालमा पठाइ दिनु नेपालमा पुग्यापछि उसको वारिसवाला कोहि आई हामि सह्यार गर्छौं भन्न आयो भन्या र घाइटयाले पनि म जान्छु भन्यो भन्या घरवालाको जिम्मा गरि पठाई दिनु वारिसवालाकोहि छैनन् भन्या नेपालमा रह्याका मालिकले उस वेरामीलाई नेपालको हस्पतालमा राषि श्री ५ सर्कारको षर्च लगाई इलाज औषधि षान्या पिउन्या वढना विछ्याउनाका तजवीजगरि वहुत तरहसंग सह्यार संभार गर्नु– ३

## लडाईमा मर्न्याहरूको वन्देज

भोलि पर्सि लडाञी हुन्छ भन्या थाहा भयापछि कदाचित् लडाञीमा मर्न्या गाडना निमित्त हिमालय देखन्या डाँडो वाटोको नजिकपारि हुंदा सिपाहि पिपाला जिम्मा गैह्र जतिजात छन् १ जातलाई १ षालडो १ षालडामा १००

मानिस अटाउन्या तजवीजगरि षालडो पनि तैयार गरि राषनु मन्याकालाई षालडामा राषि पुर्नु ज्मादेषि उभोका पगरिलाई वेगला वेगलै षालडो षनि पुर्नु— १

लडाञीमा घा लागी दुस्मनका राज्यमा छनुज्याल मन्यो भन्या सकल शास्त्रमा लेष्याको गुरु धर्माधिकारले वोल्याको दुस्मनको राज्यमा रहन्या भाई छोराले स्नानगरि शुद्ध हुन्छ आपना मुलुकमा रहन्याले आपनु पुरानु विधिसंग क्रियाकाज गरि जुठो मांनु— २

लडाञी साम्य भयापछि जोजो मन्याको छ उस्को वाफ ज्यादाको ३ पुस्ताको नाउलेषि जसले जस्तो जमार्मदिसंग लड्याकोछ उसको वयान सिलापत्रमा लेषि असल चौतारो वनाई श्री ५ सर्कारको षर्च लगाई शिवलिंग स्थापना गरि दिनु पौवा सतल वगैचा वनाई दिनु चिहानका शिवालयमा रोजिन्ना धूपवत्तिसंग पूजा चलन्या र रोजको १० हंडि-देखिमा माथि १०८ हंडिसम्म सदावर्त चला... गुठि राषिदिनु— ३

## दुस्मनका घाईत्या र मन्याका मुर्दाको वन्देज

लडाईमा कुपभै सकियापछि १ कपतान र १ पट्टि सिपाहि गै दुस्मनका घाइत्या मन्याका लोतपन्याका हेरि दुस्मनका घाइत्यालाई वतपारि सवैलाई ज्मागरि राषिदिनु हतियार देषिवाहेक घाइत्याले लायाका कपडालता गहना धनदौलत आपना फौजले नलिनु मन्याका लोतपन्याको धनदौलत कपडा गैह्र जोछ ल्याई जुनजुन पल्टनले जित्याको छ उनै उनै पल्टनलाई वादि दिनु हाम्रो घाइत्या लैजांछौ भनि दुस्मनले मागन आया भन्या लैजान दिनु लैजान्या वारिस वाला मानिस कोहि आयनन निजसंग षान्या खर्च गर्न्या केहि रहेन छ भन्या १०।१५ दिनसम्म षानालाई रसद र आफुसंग भयाको औषधि दि वेसगरि सह्यार संभार गर्नु वरपरका गांउल्याको जिम्मा गरि छोडनु— १

## रसद वांडनाको वन्देज

दाउरा र वालन्या वस्तु भयाको ठाउँमा चावलको रसद वांडनु दाउरा र वालन्या वस्तु नभयाको ठाउंमा च्युरा र भुट्याको सत्तु हरु वाडनु— १

## कामकामको

आपना फौजलाई दोचालत्ता कपडा ताकितगरि राषनु वारुद षजाना र रसद चावललाई नवसिन्या सर्दि नलागन्या गरि राषनु— १

आफुसंग गयाका कामि सार्कि जोछ उनहरुले आफ्नु जंगि असवाफ वनाउदै रहनु हातहतियार मालिकले वरोवर हेर्दै रहनु— २

४।५ सान वनाई राषि हरहमेसा हतियारमा वाढ लगाई राषनु केटा भरिया पिपालाई विषालु काढ धनु सवैलाई दि राषनु— ३

मालिक अफिसर फौजहरुको यकै ठाउँमा कालफाल जोरियापछि सवैले येकचित्त भै यकै वावुका छोराझैं मेलभै रहनु जसले मेलनगरि फुटन्या वाझन्या कुरागर्दछ उस्ता अफिसरदेखि लगायेत पिपासम्म जरिवाना डंडगर्ना माफिकलाई जरिवाना डंडगर्नु नाउ काटन लायेकलाई नाउ काटिदिनु— ४

उमरावदेखि पिपासम्म कचहरिमा वोल्दा कसैले केहि कुरा नजानि वोल्यो भन्या उसलाई अपमान गर्न्या झाटन्या उल्लु तुल्याउन्या कुरो नगर्नु उसले नजान्याको कुरामा अरु जान्या ४।५ जनाले यो कुरो यस्तोपो हो भनि समझाई दिनु अपमान गर्न्या र झाटन्या कुरो कसैले नगर्नु— ५

छोटोदेषि वडोसम्म आपु समान वोल्दा चालदाम वडो हुं छोटालाई लत्रिमानि किन वोलुं नभनुं लत्रिमानि वोलनु— ६

वागचाल पच्चिसरंग गजिफा कौडी छक्वा त्रिपासा मकस वुद्धिचाल होडहान्नु वाजि थापनु जोर विजोग षेलनु जसले गर्ला मुलुकि ऐन वमोजिम सजां गर्नु— ७

भाङरक्सी जाँड अरष अफिस आफना अफिसर पगरि र वैदले औषधिका निमित्त षानाले षानु भनि कमान दि तजवीज गरि दियाको षानु आपना मुनासिवले षाईकन जोगाफिल पर्ला वेसनद वोलला तेसलाई पैल्है १ चोट षायो भन्या २० वेट हान्नु फेरी दोस्राफेरा उसैले षायो भन्या अफिसरदेषि ज्मादारसम्मलाई काफर रहेछ मनि

पाक्याको वालि नदि नाउ काटि सिवानामा पठाईदिनु हुँदा सिपाहि पिपाषलासि लाजिमासम्मलाई पाक्याको वालि नदि नाउकाटि सिवानासम्म पठाउछन् भन्या पनि वालि नदि नाउकाटि उहि डवलडवल सजायगरि राषछन् भन्यापनि कमांडियेरको खुसि– ८

जनरलदेखि लेफटेनसम्मका पगरिहरूले लुटमा पर्न्या हराया चोरिया. हाम्रा घरघरानावाट तिरु'ला भन्याले श्री ५ सरकारका वालगिरि चाद तोडार आफनु कुर्था किन षापवनातका सुरुवाल जोछ_ भारि पोसाक लैजानु– ९

नयां कम्पनिको ज्मादार स्मेतपट्टि १ सोसाधमा राषनु सिवाना काटि लडाञीमा फौज चल्यापछि लडाञीमा जान्या कमांडियेरको राहदानी लि कामविशेष आउन्यालाई हाम्रा मुलुकमा आउनु दिनु राहदानि नलि जनरल देषि केटासम्म जो भागि नसि आउनन् उसलाई सवैले देषन्या ठाउवाटाका नजीकमा फासिदिनु– १०

टोपका जंतरका विषय

यो सानु जंत्र जोछ टाढावाटा आउन्या पैदलया घोडचढि येति टाढाछन् भनि जानुहुंछ येस्मा १ पिटलको चौडाटुरा छ तेस्मा फेरि अर्को योटा पिटलको लामु त्रिकोण वीचमा षुला भयाको छ येस्मा १ पट्टितिर पैदल मानिसको टाढा वन्याउन्या अंक काटियाको छ अर्का पट्टितुरुक सवारहरु येति टाढाछन् भन्या अंक काटियाको छ १ धागो जंत्रमा लाग्याको छ. तेस्को १ छेउ मुषको सामने लाउनु धागो सोझै तानिन्या गरि जंत्रलाउनु औ टाढाका मानिस त्रिकोणका षालिवाट हेर्नु र तस्को ठाउको र गोडाले जुन अंक छुंछ तेतिगज टाढाछन् भनि जानु– ११

मेजर कपतानले पल्टनमा उर्दिदिन्या २ सैगजमा जव जंत्र मिल्यो फेसादि वंदुक हान्न लाउनु ३ सैगजमा जव जंत्र मिल्यो क्यापवाला वन्दुक हान्न लाउनु– १२

लडाञीनदेषि लडाञी नगरि मनको अडकलले तजवीजगरी वनायाको अैन हो. अफिसरले योकागजमा लेख्रियाको काम जो छ लडाञी भयापछि फैदाभयाको र कामलागन्या कुरो राषनु वेफाइदाको लेषियाको जो छ. गैह्र अफिसर वसि कौशलगरि मेटन्या कुरो मेटनु थपन्या कुरो थपनु. तिमीहरूलाई कमान दियाको छ– १३

लडाईमा जान्या पिपाषलासिका स्वास्नि विगान्यो भन्या विगान्र्यावाट ५० रुपिञा विहाषर्च लोगन्यालाई भराइ त्यो स्वास्नि मासिक मारि भै जस्को स्वास्नि हो उसैले पाउंछ– १४

कमांडियेर अफिसरको मिहिनेत

लडाईमा कमाडियेर अफिसरले किल्लामा आडमा जसले फौज हलाउन सक्यो उस कमाडियेर अफिसरको मिहिनेत ठूलो– १

आफ्ना फौज वचाई दुस्मनको फौज घेर मार्न्याको दोस्रो मिहिनेत– २

आफुले टेक्याको जमिन आड किल्ला थामि लडन्या तेस्रो मिहिनेत– ३

आफ्ना पल्टन फौज अघिसारि दुस्मनसंग वरावर लडि तरवार गर्नु चौथो मिहिनेत– ४

आफ्ना पल्टन फौजलाई वढाई लैजान्दा आफुलाई घा लाग्याको पांचौ मिहिनेत– ५

आफ्ना पल्टन फौजसंग रहि लडदा घालाग्याको छेटौ मिहिनेत– ६

सिपाहिको मिहिनेत

अफिसरका हुकुम वमोजिममा पैल्है हमला गरि पैल्है किल्लाभित्र पसन्याको मिहिनेत पैल्हो लंवर– १

आफ्ना लैनसंग नफुटि वरोवर तरवारगरि लडन्याको मिहिनेत दोश्रो लंम्वर– २

हमला गर्न जाइ लाग्दा घालाग्याको मिहिनेत तेस्रो लंवर– ३

अडियेर लडांथेर घा लाग्न्याको मिहिनेत चौथो लंवर– ४

टेक्याको जमिन अफिसरका वेहुकुस नछोडि लडन्याको मिहिनेत– ५

तोपवमलाई पल्ला हांदा वारुद हालन्या तजवीज–

मोटा ६ पंनि पल्ला हांदा वारुद तोला १२० सम्म राषनु– १

पातला ६ पनिलाई पल्लाहांदा वारुदतोला ११० सम्म राषनु— १

अरु तोपवमलाई यहि हिसावसंग राषनु— १

नजिक हांदाषेर हिसाव अनुसार घटाउनु— १

सानावमलाई पल्ला हांदा वारुद तोला ४५ सम्म राषनु—१

नजिक हांदाषेर हिसाव अनुसार घटाउनु— १

वारुद वढन गयादेषि उहि डिगरिमा पनि वम गोला टाढा जांछ वारुद घटनगया उहि डिगरिमा पनि वम गोला वरै आउंछ— १

टाढा पठाउनलाई वारुदको तजवीज—

जौन ठाउंमा निसाना छ उसैठाउंमा पार्नु पऱ्योभन्या कति तोला वारुदले उसनिसानामा पुग्यो जंत्र कौन डिगरिमा मिल्यो जव वारुदको तजवीज र जंत्रको तजवीज मिल्यो तव उहि डिगरिमा पारि वरोवर हान्नु— १

सोझो हान्न मोतियाको तजवीज तेहि जंतरको डिगरि र वारुदको तौलमा निसानादेषि माथि ४ हातको अंदाज गोला फुटन्या गरि फ्यूजको हिसाव मिलाउनु— १

तोप हान्या तजवीज—

उहि मसाला उहि वारुद वारुदमा कमवेस पर्न गयो भन्या कम वारुदको फ्युज पर पुग्छ तेजिवारुदको फ्यूज वरै फुटछ— १

तोप वम हान्दा षेरि वारुदको जोर अनुसारको श्रेष्टामा र डिगरिमा मिल्छ कोहिवेलामा जोरवाला वारुद कोहि वेलामा कमजोरवाला वारुद पर्न गयो भन्या श्रेष्ठामा र डिगरिमा मिल्दैन— १

कोहि वेलामा तौलमा भारिगोला. कोहिवेलामा तौलमा हलुका गोला पर्न गयो भन्या सिरिस्तामा मिल्दैन तसकारण सवै गोलाको तौल वरावर गर्नु— १

तोप भर्दाषेर जौन हिसावले वारुद गोला डासहालि सुंवाठोक्योको छ उहि हिसावसंग वरोवरगरि गोलंदाजहरुले सुंवाठोकनु येक हिसावसंग नठोक्या ज्यादा ठोकियो भन्या गोला उडदछ कमठोकियो भन्या गोला लत्रंछ— १

तोप भर्दाषेरि सुंवावालाले भितको आगो निभन्यागरि वरावर सुंवा फिराइ दिनु— १

ब्रह्मर्मारहन्याले सासनजान्यागरि वरावर थुंदैगर्नु— १

षोक्रा गोला र सास जान्या पानि चुहुन्या गोला जोछन् तेस्ता गोलामा वारुद भरिकन फैर गयो भन्या मुषमा गोला फुटन्या छ र आफ्ना गोलंदाजहरु पर्न जांछन् तेस्ता रद्दि गोला अघ्यारै तजवीज गरि फेकनु— १

षोक्रा गोला दुस्मनलाई हान्दा षेरि उसले षायासम्म वारुदपनि भर्नु सिसाका गोलि भित्र हाल्दा फलामका गोलाका तौल वरावर हालनु— १

षोक्रा गोलामा फ्युज ठोकदा षुकुलो पनि नहवस् साह्रो ठोकदा गोला पनि चर्कन नजावस् षुकुलो ठोकदा तोपका आवाजले फ्युज पनि नझरोस् फ्युज ठोकन्याका मुषमा तोपका वारुदर. हापको वारुदले आगो लाग्दा गोलाभित्रको वारुदलाई आगो लागन नजावस— १

फ्युज ठोक्याको ठाउंमा मयन वेसगरि लाउनु. त्यो मयन झुलोतिर लागन गयो भन्या आगो लाग्दैन— १

तोपका दमकाले झुलोझर्न नजावस् झुलो रेशमले वेसगरि वाधनु झुलाको मसाला तेजवेस भया वर्ष दिनसम्म नवसिन्या उस्ता मसालाको झुलो वनाउनु— १

वर्षाद भयामा हिउँ पऱ्यामा फुट फयेरले आगो लाउनु— १

वर्षाद र हिउपऱ्याको छैन भन्या वारुदले पुटदियाको येक अंगुल मोटो वेसगरि घाममा सुक्याको कुंभिकापलेताले आगो लाउनु— १

दुस्मनलाई टाढा हान्नु पऱ्यो भन्या षदुवा गोला हान्नु उसभन्दा अलिक नजिक हांनुपऱ्यो भन्या १६।२५ गिराफ टाटमा वाध्याको गिराफ र फुटन्या गोला हांन्नु— १

दुस्मनको गोलि आफ्ना फौजमा आइपुग्यो भन्या तावाटिनका ढुंग्रिको गिराफ हान्नु— १

उहि तवल वारुद उहि दिगरिमा षवैचालाई हान्याको वरोवर पुग्छ षवैचा नलाग्याको पुग्दैन— १

उहि नापको फिउज मसाला वेसगरि हाली फ्युज ज्यादा ठोकियाको छ भन्या पर पुग्दछ कम ठोकियाको छ भन्या उहिनापमा वरै फुटछ फ्युज ठोकदा षेर येकै हिसावले

सवै फ्युज ठोकनु— १

अफिसर फौजले गर्न्या काम—

फ्युज ठोकनाको झुलो वनाउनाको यस वारुदको वजनले गोला आहासम्म पर्छ यस वारुदको वजनले गोला आहासम्म पर्छ भनि गोलंदाज अफिसरले अंदाजगरि राषनु— १

गोला सोझोलाउनु गोलंदाज अफिसरका कसरातको षुपि— १

षजाना सह्यार संभार गर्नु नारानोलको संग्रह गर्नु जगेरा राषनु गोलंदाज अफिसरको जांगर निमकको सोझो- १

षतडान षान्या षजाना प्रशस्त वनाई सह्यार गरि संग्रह गर्नु आफ्नु ज्यानको फौजको ज्यानको रक्षागरि आफ्नु नेकनामिर रोल वढाउनु— १

झुलो चकमक पत्थर दियासलाई गैह्र सवैले संग्रह गर्नु— १

फलाना तोपको फलाना पिपामा षजाना छ भनि लंवर टासि टासि राषनु— १

तोपको पुर्जा षोलन र तोपका पूर्जा मिलाउन अफिसर देषि गोलंदाज षलासिसम्मले वरावर जानि राषनु— १

लडाञीका वीजमा मारि छोडीषलासि भागन पनि नपाउन नजिकमा वसि आगो लागि गोलदाजहरू पनि मर्न नपाउन्— १

षजाना वारुद तौलन्या फिउज काटन्या इनलाई गोलि नलाग्न्या आडमा राषि वरावर कार्षाना गर्दै रहनु— १

गोलंदाजका पट्टिपट्टिलाई फलानापट्टि येति पंनिको तोप फलानापट्टिलाई येतिपंनिको टोप फलानापट्टिलाई यो वम भनि अगावै छुट्टिरहोस्— १

षलासिलाई पनि यसैरितसंग तोपवम छुट्टिरहोस्— १

यतियति गजमा वैरि छ भनि दुर्वेनले छुट्टिन्छ त्यो दुर्वेन मिलन्या छ तेसैले अफिसरहरूले हिसाप गर्नु— १

लडाईका वेलामा दुस्मनले तोप षोसन नपाउन् गोलि गिराफ तरोवारले हटाई भरिसक्य गरि थामनु उतिगर्दा थामन सकियेन भन्या वह्र्मामा फलामको किला ठोकिदिनु— १

तोपको खजाना भरिसक्यगरि उकासि ल्याउनु केहि सिप लागेन भन्या षाडल षनि गाडिदिनु-- १

किला ठोक्याको तोपलाई १ घडिमा वह्र्मा षोलि सकन्या हतियार पनि तयार गरि राषनु उल्टा कार्तोस पनि ठोकिदिनु— १

३०।४० हात अगाडि पल्टनछ पछाडि तोपछ भन्या अगाडि पल्टनलाई सुताई पछाडिवाट तोपले जंगीगोला हांनु हुन्छ मैदानमा र उचा जमिनमा— १

फ्युज ठोकन्या काठ वेसंगरि पानिमरि सक्याको काठमा फ्यूज ठोकनु पानिको अंसारह्याको काठमा फ्यूज ठोक्या वसिछ— १

वेलायति असल वारुदको फ्यूज ठोकियाको धेरै वर्ष रहंछ नेपाली वारुदको फ्यूज ठोकियाकोमा ७ मैन्हा-सम्म मात्र रहंछ— १

लडाञीका वीचमा वैरि भाग्यो भनि. तोपछोडी वढि वन्दुक तरोवार गर्नापछि लागि गोलंदाज गोलंदाजका अफिसर कसैले जाई नलाग्नु— १

मैदान जमिनछ आफ्ना टोपलाई मद्दत दिन्या अरू पलटन पनि छ भन्या आफ्ना फौजलाई वचाउगरि तोपलाई डोरिलगाई तोपघिच्याई गोला गिराफ हान्दै वस्नु— १

विकट जमिनछ भन्या तोपवाला गोलंदाज अफिसरहरूले तोपलाइन वढाउनु तषतापैया पनि नषोलनु आफ्ना तयारिमा रहनु— १

दुस्मनको फौजको र आफ्नु फौजको छाति जोरि तरोवार परि दुवैतरफको फौज छयासमिस भयाको छ भन्या तेस्ताठाउंमा गोलंदाज र गोलंदाजका अफिसरले तोप नहान्नु— १

अघि अघि आफ्ना फौज भागि आयाको छ पछि पछि

दुस्मनको फौजले भेटाईकन लगादैं ल्यायाको छ भन्या सकंज्याल आफ्ना फौजलाई बचाई दुस्मनको फौजलाई तोपहान्नु कदाचित् आफ्नु फौजलाई बचाई हान्न भयेन फौज पनि अगाडि थोरै छ भन्या बिगुलको लेडम बजाई आफ्ना फौजलाई सुनाई फैर गर्नु– १

१२ पंनि र जंगिवमहांदा मैदान जमिनमा ३०० गज सम्म फुटन्या गोला नफोर्नु ३०० गजभित्र फुट्यादेखि आफैंतिर आई आफ्ना लस्करलाई लागला ३०० गजदेखि टाढा फोर्नु– १

ठूलोवम १०२ पंनिले मैदान जमिनबाट फुटन्या गोला हांदा ५०० गजदेखि नजीक नहान्नु किल्लाभित्र हान्नलाई मात्र ५० गजसम्म पनि हुंछ किल्लाभित्रका पर्षालदेखि माथि पाई नफोर्नु, पर्षालदेखि तल जमिनपाई फोर्नु र आफनु फौजलाई लाग्दैन– १

फुटन्या गोलाहातले हांदा दुस्मन वस्याका ठाउँमा पुगन्यागरि फिउज काटि हांनु– आफनु लस्करछ भन्या १०० गज उचामा फोर्नु हुन्छ १०० गज नीचामा नर्फोर्नु १०० गज नीचामा फोऱ्या आफुतिर आउंछ दुस्मनले पनि यस्तै रितसंग फुटन्या गोलाहान्यो भन्या लेडवन् बजाई आफनु लस्कर सुताउनु र आफनु लस्करलाई लाग्दैन– १

उचाजगामा टोपहांनु पऱ्यो भन्या लकरपेचसम्ममात्र उठाउनु ताहादेखि उठाउनुपऱ्यो भन्या कम्पेडगानतिर षाडलषनि तोपको मुहुदा उचागरि फैरगर्नु-- १

निचाजगामा तोपहांनु पऱ्यो भन्या अगाडि पैयानेरा पानि ढलोगरि षंनु र तेसैमा पैयाले टेकाई हांनु पछाडि कम्पंडगानतिर चेपटोचेपटो ढुंगा हाल्नु ढुंगा नपाया चपरि माटोले उचागरि हांनु पानिढलो गरि पैयानेरा अगाडि षंडार कम्पडगाननिर चेपटो ढुंगा चपरिमाटो हाल्दाखेरि टोप नउल्टन्या र पैया कम्पंडगानमा धका नलाग्न्या गरि हान्नु-- १

(क्रमशः)

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Mr. Thomas M. C. Pinhorn | —Department of Prehistory, Institute of Archaeology, London. |
| Mrs. Sushila Manandhar | —Assistant Lecturer, CNAS/T.U., Nepal. |
| Mr. Gyan Mani Nepal | —Research Scholar, Nepal. |
| Mr. Hari Ram Joshi | —Editor-in-Chief, *Rolamba*, Joshi Research Institute, Nepal. |
| Mr. Kedar Nath Shrestha | —Campus Chief, Kabhre Campus, T. U., Nepal. |
| Mr. Purushotam Lochan Shrestha | —Assistant Lecturer, Department of History, Bhaktapur Multiple Campus, T. U., Nepal. |

**'प्राचीन नेपाल'** का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal.